# सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४

| | |
|---|---|
| | <u>प्रमाणीकरण र प्रकाशन मिति</u> |
| <u>संशोधन गर्ने ऐन</u> | २०६४।१०।१४ |
| १. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (पहिलो संशोधन) ऐन, २०६८ | २०६८।२।१८ |
| २. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (दोस्रो संशोधन) ऐन, २०७० | २०७०।१२।१२ |
| ३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ४. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |
| ५. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० | २०८०।१२।३० |
| ६. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (तेस्रो संशोधन) ऐन, २०८३ | २०८३।०३।२५ |

व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन नं. २४

**<u>सम्पत्ति शुद्धीकरण गर्ने कार्यलाई निवारण गर्न बनेको ऐन</u>**

<u>प्रस्तावना:</u> अपराधजन्य कार्यबाट प्राप्त ✂<u>सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृलाकलापमा वित्तीय लगानी गर्ने कार्यलाई निवारण</u> गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

## परिच्छेद—१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४" रहेकोछ।

---

✂ दोस्रो संशोधनद्वारा संशोधित।



नेपाल कानून आयोग

✱(२) यो ऐन नेपालभर लागू हुनेछ र सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर गर्ने नेपालभित्र वा नेपाल बाहिर जहाँसुकै रहे बसेको व्यक्ति समेतलाई लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

✱२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

♠(क) "अनुसन्धान अधिकारी" भन्नाले दफा १५ बमोजिम अनुसन्धान गर्न अधिकारप्राप्त अधिकारी सम्झनु पर्छ र सो शब्दले अनुसन्धानको लागि टोली गठन भएकोमा त्यस्तो टोलीलाई समेत जनाउनेछ।

(ख) "अन्तर्राष्ट्रिय संस्थाको उच्चपदस्थ व्यक्ति" भन्नाले अन्तर्राष्ट्रिय संस्थाको व्यवस्थापनको उच्च जिम्मेवारी पाएका सञ्चालक सदस्य, व्यवस्थापक, निर्देशक, उपनिर्देशक वा सो सरहको जिम्मेवारी भएको वा पाएको व्यक्ति सम्झनु पर्छ।

♠(ग) "आतङ्ककारी कार्य" भन्नाले प्रचलित कानून बमोजिम आतङ्ककारी कार्य सम्बन्धी कसूर मानिने कार्य सम्झनु पर्छ।

(घ) "आतङ्ककारी व्यक्ति" भन्नाले देहायको कुनै कार्य गर्ने प्राकृतिक व्यक्ति सम्झनु पर्छः-

(१) गैरकानूनी रुपले तथा जानीजानी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जुनसुकै माध्यमबाट आतङ्ककारी कार्य गर्ने वा गर्न उद्योग गर्ने,

(२) आतङ्ककारी कार्य गर्न मतियारको रुपमा सहभागी हुने,

(३) आतङ्ककारी कार्य गर्न अरुलाई संगठित पार्ने वा निर्देशन दिने, वा

---

✱ दोस्रो संशोधनद्वारा संशोधित।

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा संशोधित।

(४) आतङ्ककारी कार्य गर्ने सामूहिक उद्देश्य राख्ने समूहले आतङ्ककारी कार्य गर्छ वा गर्ने मनसाय राखेको छ भन्ने जानकारी हुँदा हुँदै वा आफूले गर्ने सहयोग वा योगदानले आतङ्ककारी कार्यलाई बढावा दिन्छ भन्ने जानकारी हुँदा हुँदै त्यस्तो समूहलाई आतङ्ककारी कार्य गर्न सहयोग गर्ने वा योगदान पुर्याउने।

(ङ) "आतङ्ककारी संगठन" भन्नाले आतङ्ककारीहरुको देहायको कुनै संगठित वा असंगठित समूह वा संगठन सम्झनु पर्छः-

(१) गैरकानूनी तथा जानीजानी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जुनसुकै माध्यमबाट आतङ्ककारी कार्य गर्ने वा गर्न उद्योग गर्ने,

(२) आतङ्ककारी कार्य गर्न मतियारको रुपमा सहभागी हुने,

(३) आतङ्ककारी कार्य गर्न अरुलाई संगठित पार्ने वा निर्देशन दिने, वा

(४) आतङ्ककारी कार्य गर्ने सामूहिक उद्देश्य राख्ने समूहले आतङ्ककारी कार्य गर्छ वा गर्ने मनसाय राखेको छ भन्ने जानकारी हुँदा हुँदै वा आफूले गर्ने सहयोग वा योगदानले आतङ्ककारी कार्यलाई बढावा दिन्छ भन्ने जानकारी हुँदा हुँदै यस्तो समूहलाई आतङ्ककारी कार्य गर्नलाई सहयोग गर्ने वा योगदान पुर्याउने।

Σ(ङ१) "आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी (प्रोलिफरेसन फाइनान्सिङ्ग)" भन्नाले प्रचलित कानून विपरीत कुनै आणविक, रासायनिक, जैविक (जीवाणुयुक्त) वा विषालु हातहतियारको विकास, निर्माण, उत्पादन, खरिद वा बिक्री, वितरण, प्रयोग, कब्जा, स्वामित्व प्राप्ति, हस्तान्तरण, भण्डारण, सञ्चय, ओसारपसार वा त्यसको व्यवस्थापन, निकासी वा पैठारी गर्ने, गराउने कार्यको लागि गरिने सम्पत्ति वा कोषको लगानी सम्झनु पर्छ।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

(च) “उच्चपदस्थ व्यक्ति” भन्नाले स्वदेशी उच्चपदस्थ व्यक्ति, विदेशी उच्चपदस्थ व्यक्ति वा अन्तर्राष्ट्रिय संस्थाको उच्चपदस्थ व्यक्ति सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले समन्वय समितिको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको वर्गको व्यक्ति समेतलाई जनाउँछ।

(छ) “करेस्पोडिङ्ग बैंकिङ” भन्नाले कुनै एक वित्तीय संस्थाले आफ्नो ग्राहकलाई अर्को वित्तीय संस्था मार्फत बैंकिङ सेवा उपलब्ध गराउने व्यवस्था सम्झनु पर्छ।

(ज) “कसूरबाट प्राप्त सम्पत्ति” भन्नाले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर वा सम्बद्ध कसूरबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त गरेको वा हासिल गरेको जुनसुकै प्रकारको सम्पत्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्पत्तिबाट बढे बढाएको अन्य सम्पत्ति वा आर्थिक लाभ वा कुनै पनि तरिकाले आंशिक वा पूर्ण रुपमा हस्तान्तरण वा रुपान्तरण भएको सम्पत्ति वा लाभ समेतलाई जनाउँछ।

(झ) “कसूरसँग सम्बन्धित साधन” भन्नाले आंशिक वा पूर्ण रुपमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर वा सम्बद्ध कसूर गर्न जुनसुकै प्रकारले प्रयोग भएको वा प्रयोग गर्न खोजिएको साधन, सम्पत्ति वा अन्य कुनै उपकरण सम्झनु पर्छ।

(ञ) “कारोबार” भन्नाले सम्पत्तिको खरिद, बिक्री, वितरण, हस्तान्तरण, लगानी, भोगचलन वा अन्य कुनै आर्थिक वा व्यावसायिक काम कारबाही गर्नको लागि गरिने सम्झौता वा देहायका कुनै कार्य सम्झनु पर्छः-

(१) व्यावसायिक सम्बन्ध स्थापना गर्ने,

(२) खाता खोल्ने,

(३) विद्युतीय वा जुनसुकै माध्यमबाट जुनसुकै प्रकारको मुद्रा वा उपकरण मार्फत गरिने निक्षेप वा रकम सङ्कलन, भुक्तानी, भुक्तानी आदेश, विनिमय वा कोषको स्थानान्तरण गर्ने,

(४) जुनसुकै प्रकारको सेफ डिपोजिट (लकर) को प्रयोग गर्ने,

(५) हितकारी (फिडूसियरी) सम्बन्ध स्थापना गर्ने,

(६) कुनै कानूनी वा करारीय दायित्वका आधारमा पूर्ण वा आंशिक रुपमा भुक्तानी दिने वा लिने,

(७) चिठ्ठा, बाजी वा संयोगका आधारमा हारजित हुने गरी खेलिएको खेलको आधारमा गरिने भुक्तानी दिने वा लिने,

(८) कानूनी व्यक्ति वा कानूनी प्रबन्धको संस्थापना वा दर्ता गर्ने,

(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कुनै कार्य गर्ने।

(ट) "कानूनी प्रबन्ध" भन्नाले गुठी (एक्स्प्रेस ट्रष्ट) वा यस्तै प्रकृतिका अन्य कानूनी प्रबन्ध सम्झनु पर्छ।

(ठ) "कानूनी व्यक्ति" भन्नाले कम्पनी, संस्थान, सहकारी संस्था वा अन्य कुनै संगठित संस्था सम्झनु पर्छ र सो शब्दले प्राइभेट फर्म, साझेदारी वा गैरसरकारी संस्था समेतलाई जनाउ"छ।

(ड) "कोष" भन्नाले जुनसुकै तरिकाले प्राप्त भएको वा सोबाट बढे बढाएको वित्तीय सम्पत्ति, आर्थिक साधन स्रोत वा मूर्त वा अमूर्त, चल वा अचल, भौतिक वा अभौतिक Σवा प्राकृतिक, विद्युतीय वा डिजिटल कुनै पनि प्रकारको सम्पत्ति, देहायको उपकरण वा साधन स्रोत सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्पत्ति वा उपकरण वा साधन स्रोत उपर विद्युतीय वा जुनसुकै प्रकारले हक भएको वा हित रहेको कानूनी कागजात, निस्सा, प्रमाणपूर्जा वा कुनै उपकरण समेतलाई जनाउँछः-

(१) बैङ्क कर्जा,

(२) यात्रु चेक,

(३) बैङ्क चेक,

(४) धनादेश,

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

(५) शेयर,

(६) धितोपत्र,

(७) ऋणपत्र (बण्ड),

(८) ड्राफ्ट,

(९) प्रतीतपत्र,

(१०) अन्य कुनै आर्थिक वा वित्तीय साधन स्रोत।

(ढ) "गैरवित्तीय पेशाकर्मी वा व्यवसायी" भन्नाले देहायको कुनै व्यावसायिक कार्य गर्ने पेशाकर्मी वा व्यवसायी सम्झनु पर्छः—

(१) क्यासिनो वा इन्टरनेट क्यासिनो व्यवसायी,

(२) घरजग्गा खरिद वा बिक्री व्यवसायी,

Σ(२क) सवारी साधन बिक्री गर्ने व्यवसायी वा त्यस्तो साधन खरिद गर्न कर्जा प्रवाह गर्ने व्यवसायी,

(३) तोकिएको बहुमूल्य धातु वा वस्तुको कारोबार गर्ने व्यवसायी,

(४) आफ्नो ग्राहक वा पक्षको तर्फबाट देहायको कार्य गर्दा, सोको तयारी गर्दा वा सोमा संलग्न हुँदाका बखतको नोटरी पब्लिक, लेखापरीक्षक, लेखा व्यवसायी वा त्यस्तै प्रकृतिको कार्य गर्ने अन्य व्यवसायीः-

(क) घरजग्गा खरीद बिक्री,

(ख) ग्राहकको रकम, धितोपत्र वा अन्य सम्पत्तिको व्यवस्थापन,

(ग) बैङ्क, बचत तथा धितोपत्र सम्बन्धी कार्यको व्यवस्थापन,

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्बारा थप।

(घ) कानूनी व्यक्तिको संस्थापना गर्दा वा सञ्चालन गर्दाका बखत गरिएको योगदान तथा लगानीको व्यवस्थापन,

(ङ) कानूनी व्यक्ति वा कानूनी प्रबन्धको सृजना, संस्थापना, दर्ता, ♠लेखा, राजस्व, वित्तीय वा व्यावसायिक राय परामर्श वा सञ्चालन, व्यवस्थापन,

Σ(ङ१) दफा ७ध. को प्रयोजनको लागि लेखापरीक्षण, वा

(च) कुनै व्यावसायिक संस्थाको खरीद वा बिक्री।

(५) आफ्नो ग्राहक वा पक्षको तर्फबाट देहायको कार्य गर्दा वा सोको तयारी गर्दा वा सोमा संलग्न हुँदाका बखत व्यावसायिक रुपमा देहायको सेवा प्रदान गर्ने कम्पनी वा ट्रष्ट सेवा प्रदायकः-

(क) कानूनी व्यक्ति वा कानूनी प्रबन्धको संस्थापना, दर्ता वा व्यवस्थापनको लागि एजेण्ट भई काम गर्ने,

(ख) कानूनी व्यक्तिको साझेदार, सञ्चालक, सचिव वा त्यस्तै पदाधिकारी भई काम गर्ने वा अन्य व्यक्ति मार्फत गराउने,

(ग) कानूनी व्यक्ति वा कानूनी प्रबन्धलाई व्यावसायिक रुपमा रजिष्टर्ड कार्यालय, ठेगाना वा ठाउँ उपलब्ध गराउने वा सोको लागि पत्र व्यवहारको जिम्मा लिने,

(घ) कानूनी प्रबन्ध वा यस्तै प्रकृतिका अन्य कानूनी प्रबन्धको ट्रष्टि भई काम गर्ने वा ट्रष्टिको मनोनयन गर्ने वा अन्य व्यक्ति मार्फत गराउने, वा

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा संशोधित।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

(ङ) प्रचलित कानून बमोजिम कुनै व्यक्तिको तर्फबाट शेयर धनी नियुक्त भई वा अन्य कुनै व्यक्ति मार्फत कार्य गर्ने वा गराउने।

(६) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य पेशाकर्मी वा व्यवसायी।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(त) "धारक विनिमेय अधिकारपत्र" भन्नाले पूर्ण वा अपूर्ण रुपमा रहेको बेनामी, काल्पनिक नाम रहेको वा धारकले कसैको अख्तियारी विना उपयोग गर्न सक्ने वा जसले प्राप्त गर्छ उसैले भुक्तानी लिन सक्ने यात्रुचेक, चेक, प्रमिशरी नोट वा धनादेश समेतका विनिमेय अधिकारपत्र लगायतका मौद्रिक उपकरण सम्झनु पर्छ।

Σ(त१) "निर्देशक समिति" भन्नाले दफा ७ब. बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(थ) "नियमनकारी निकाय" भन्नाले सूचक संस्थाको नियमन वा सुपरीवेक्षण गर्न प्रचलित कानून बमोजिम स्थापित संस्था सम्झनु पर्छ र सो शब्दले दफा ७न. को उपदफा (२) बमोजिम नेपाल सरकारले तोकेको नियमनकारी निकाय समेतलाई जनाउँछ।

(द) "मुद्रा" भन्नाले नेपाली मुद्रा वा विदेशी मुद्रा सम्झनु पर्छ।

(ध) "राष्ट्र बैङ्क" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैङ्क सम्झनु पर्छ।

(न) "राष्ट्रसेवक" भन्नाले प्रचलित कानून बमोजिम राष्ट्रसेवक मानिने व्यक्ति सम्झनु पर्छ।

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा थप।

(प) “वास्तविक धनी” भन्नाले ग्राहक, कारोबार, सम्पत्ति, कानूनी व्यक्ति वा कानूनी प्रबन्ध उपर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्वामित्व हुने, नियन्त्रण राख्ने, निर्देशन दिन वा प्रभाव पार्न सक्ने अन्तिम हिताधिकारी वा धनीको रुपमा रहेको प्राकृतिक व्यक्ति सम्झनु पर्छ।

(फ) “वित्तीय जानकारी इकाई” भन्नाले दफा ९ बमोजिमको वित्तीय जानकारी इकाई सम्झनु पर्छ।

(ब) “वित्तीय संस्था” भन्नाले व्यावसायिक रुपमा आफ्नो ग्राहकको लागि वा निजको तर्फबाट देहायको कार्य गर्ने व्यक्ति सम्झनु पर्छः-

(१) निक्षेप स्वीकार गर्ने वा सर्वसाधारणबाट भुक्तानी गर्नु पर्ने गरी अन्य रकम लिने,

(२) प्राइभेट बैङ्किङ सम्बन्धी कार्य गर्ने,

(३) जुनसुकै किसिमको कर्जा दिने,

(४) उपभोग्य वस्तु बाहेकको वित्तीय लिजिङ सम्बन्धी कार्य गर्ने,

(५) भुक्तानी श्रृंखलामा माध्यम वा अन्य सहायक सेवा प्रदायकको रुपमा रही कार्य गर्ने बाहेक मुद्रा वा मूल्य स्थानान्तरण (भ्याल्यू ट्रान्सफर) गर्ने,

(६) चेक, ड्राफ्ट, धनादेश, डेबिट कार्ड, क्रेडिट कार्ड लगायतका विद्युतीय वा अन्य जुनसुकै प्रकारका भुक्तानी उपकरण जारी वा व्यवस्थापन गर्ने,

(७) वित्तीय जमानत वा प्रतिबद्धता (कमिटमेण्ट) दिने,

(८) देहायका उपकरणको व्यवसाय गर्नेः-

(क) चेक, बिल्स, निक्षेप प्रमाणपत्र, डेरिभेटिभ्स लगायतका मुद्रा बजार उपकरण,

(ख) विदेशी मुद्रा विनिमय,

(ग) सटही, व्याजदर वा अन्य त्यस्तै मूल्य वा रकम भएको उपकरण,

(घ) हस्तान्तरणयोग्य धितोपत्र, वा

(ङ) वस्तु विनिमय बजार (कमोडिटिज मार्केट) सम्बन्धी उपकरण।

(९) धितोपत्र निष्कासन वा सो सम्बन्धी वित्तीय सेवा दिने,

(१०) एकल वा सामूहिक पोर्टफोलियो व्यवस्थापन गर्ने,

(११) अन्य व्यक्तिको तर्फबाट नगद वा तरल सम्पत्ति व्यवस्थापन वा सेफ डिपोजिट (लकर) को व्यवस्थापन गर्ने,

(१२) जीवन बिमा र बिमासँग सम्बन्धित अन्य लगानीको प्रत्याभूति (अण्डरराइटिङ) तथा प्लेसमेण्ट गर्ने,

(१३) रकम वा मुद्रा सटही गर्ने,

Σ(१३क) दफा ७ख., ७घ., ७त., ७ध. र १०क. को प्रयोजनको लागि इन्भेष्टमेन्ट कम्पनी, इक्विटी फण्ड वा यस्तै कार्य गर्ने,

(१४) उपखण्ड (१) देखि (१३) मा उल्लिखित कार्य बाहेक अन्य व्यक्तिको तर्फबाट रकम (फण्ड) लगानी गर्ने, सोको प्रशासन तथा व्यवस्थापन गर्ने, वा

(१५) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको कार्य गर्ने।

(भ) "विदेशी उच्चपदस्थ व्यक्ति" भन्नाले विदेशी राष्ट्र प्रमुख, सरकार प्रमुख, उच्च राजनीतिज्ञ, राष्ट्रियस्तरको राजनीतिक दलको केन्द्रीय पदाधिकारी, उच्च प्रशासक, उच्च न्यायिक अधिकारी, उच्च सुरक्षा अधिकारी तथा राज्य नियन्त्रित संस्थाको उच्च पदाधिकारी वा त्यस्तो जिम्मेवारी भएको वा पाएको व्यक्ति समेत सम्झनु पर्छ।

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा थप।



नेपाल कानून आयोग

(म) “विभाग” भन्नाले दफा ११ बमोजिमको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग सम्झनु पर्छ।

(य) “व्यक्ति” भन्नाले प्राकृतिक व्यक्ति वा कानूनी व्यक्ति सम्झनु पर्छ।

(र) “शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन” भन्नाले दफा ७ध. बमोजिमको प्रतिवेदन सम्झनु पर्छ।

(ल) “शेल बैङ्क” भन्नाले संस्थापना भएको वा अनुमति प्राप्त गरेको मुलुकमा भौतिक रुपमा उपस्थिति नरहेको वा प्रभावकारी नियमन तथा सुपरीवेक्षणको कुनै पनि दायरामा नरहेको वित्तीय संस्था वा वित्तीय संस्थाको समूह सम्झनु पर्छ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागि स्थानीय प्रतिनिधि वा तल्लो तहको कर्मचारीको उपस्थिति भएको अवस्थालाई भौतिक रुपमा उपस्थिति नरहेको मानिनेछ।

Σ(ल१) "समन्वय समिति" भन्नाले दफा ७भ. बमोजिमको समन्वय समिति सम्झनु पर्छ।

(व) “सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर” भन्नाले परिच्छेद– २ अन्तर्गतको कसूर सम्झनु पर्छ।

(श) “सम्बद्ध कसूर (प्रेडिकेट अफेन्स)” भन्नाले अनुसूचीमा उल्लिखित कसूर सम्झनु पर्छ।

(ष) “सम्पत्ति” भन्नाले भौतिक वा अभौतिक, चल वा अचल, मूर्त वा अमूर्त जुनसुकै प्रकारको सम्पत्ति, कोष वा कुनै मूल्य भएको वस्तु वा उपकरण सम्झनु पर्छ र सो शब्दले सो उपर हक, हित, दाबी वा अधिकार स्थापित गर्ने कुनै पनि प्रकारको कागजात, निस्सा, प्रमाणपूर्जा वा विद्युतीय वा अन्य उपकरण समेतलाई जनाउँछ।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

(स) "सूचक संस्था" भन्नाले वित्तीय संस्था वा गैरवित्तीय पेशाकर्मी वा व्यवसायी सम्झनु पर्छ।

⇔(ह) "स्वदेशी उच्चपदस्थ व्यक्ति" भन्नाले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकारका मन्त्री, प्रदेश सरकारका मुख्य मन्त्री, संघीय संसदका सदस्य, संवैधानिक निकायको पदाधिकारी, प्रदेश सभाका सभामुख, प्रदेश सरकारका मन्त्री, नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरह वा सोभन्दा माथिका पदाधिकारी, उच्च अदालतको न्यायाधीश वा सोभन्दा माथिल्लो तहको न्यायाधीश, प्रदेश सभाका उपसभामुख, प्रदेश सभाका सदस्य, राष्ट्रियस्तरको राजनीतिक दलको केन्द्रीय पदाधिकारी, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थाको उच्च पदाधिकारी वा त्यस्तो जिम्मेवारी भएको वा पाएको व्यक्ति सम्झनु पर्छ।

## ✂परिच्छेद-२

## सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर

३. **सम्पत्ति शुद्धीकरण गर्न नहुने:** (१) कुनै व्यक्तिले देहायको कुनै कार्य गर्न वा गराउन हुँदैनः-

(क) सम्पत्तिको गैरकानूनी स्रोत (इलिसिट अरिजिन) लुकाउने वा छल्ने वा कसूरमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गर्ने,

(ख) कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान,

---

⇔ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित।

✂ दोस्रो संशोधनद्वारा संशोधित।

निःसर्ग (डिस्पोजिसन), कारोबार (मुभमेण्ट), स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने, वा

(ग) कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने।

(२) कुनै व्यक्तिले उपदफा (१) बमोजिमको कुनै कार्यको षडयन्त्र, मद्दत, दुरुत्साहन, सहजीकरण, मतसल्लाह वा उद्योग गर्न वा सम्बद्धता वा सहभागिता जनाउन वा मतियार हुन हुँदैन।

(३) कसैले उपदफा (१) वा (२) मा उल्लिखित कुनै कार्य गरेमा त्यस्तो कार्य सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर हुनेछ।

४. **आतङ्ककारी कार्यमा वित्तीय लगानी गर्न नहुने:** (१) कुनै व्यक्तिले आतङ्ककारी कार्यमा वा आतङ्ककारी व्यक्ति वा ♠, आतङ्ककारी सङ्गठन वा विदेशी आतङ्ककारी लडाकुले पूर्ण वा आंशिक रुपमा प्रयोग गर्ने वा गर्न सक्ने कुरा थाहा पाउँदा पाउँदै गैरकानूनी मनसायले स्वेच्छापूर्वक कुनै पनि माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा Σत्यस्तो व्यक्ति वा सङ्गठनलाई सम्पत्ति वा कोष उपलब्ध गराउन वा सङ्कलन गर्न हुँदैन।

(२) कुनै व्यक्तिले उपदफा (१) मा उल्लिखित कुनै कार्यको ♠मतसल्लाह गर्न, सहजीकरण गर्न, दुरुत्साहन दिन, मद्दत गर्न वा उद्योग गर्न हुँदैन।

(३) कुनै व्यक्तिले आतङ्ककारी कार्य गर्नको लागि वा आतङ्ककारी व्यक्ति ♠, आतङ्ककारी सङ्गठन वा विदेशी आतङ्ककारी लडाकुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै पनि माध्यमबाट भौतिक सहयोग वा साधन स्रोत उपलब्ध गराउन वा सोको षडयन्त्र गर्न हुँदैन।

(४) कुनै व्यक्तिले उपदफा (१), (२) वा (३) मा उल्लिखित कुनै कार्यको सम्बन्धमा देहायको कुनै कार्य गर्न हुँदैनः-

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा थप।

(क) त्यस्तो कार्य गर्न मतियारको रुपमा काम गर्ने,

(ख) त्यस्तो कार्य गर्न अन्य व्यक्तिलाई संगठित गर्ने वा निर्देशन दिने, वा

(ग) त्यस्तो कार्य गर्ने वा त्यस्तो कार्य गर्ने सामूहिक उद्देश्य राख्ने व्यक्तिहरुको समूहलाई अपराधिक कार्यमा बढावा दिन वा त्यस्तो उद्देश्य हासिल गर्न जानी जानी योगदान दिने।

(५) यस दफामा उल्लिखित कार्यका सम्बन्धमा देहायको अवस्था विद्यमान भएमा समेत आतङ्ककारी कार्यमा वित्तीय लगानी हुनेछः-

(क) आतङ्ककारी कार्य नभएमा वा सोको उद्योग नभएमा,

(ख) सम्पत्ति वा कोष कुनै आतङ्ककारी कार्य वा सोको उद्योगमा वास्तविक रुपमा प्रयोग नभएमा,

(ग) सम्पत्ति वा कोष कुनै खास आतङ्ककारी कार्यसँग सम्बन्धित भए वा नभएमा,

Σ(ग१) आतङ्ककारी कार्यको तयारी गर्न, योजना गर्न, सहभागी हुन, आतङ्ककारी कार्य गर्ने वा गराउने उद्देश्यले तालिम दिन वा लिन एक देश वा स्थानबाट अर्को देश वा स्थानमा जाने व्यक्तिलाई जानीजानी यात्रा वा अन्य त्यस्तै कार्यका लागि प्रत्यक्ष वा अप्रत्यक्ष खर्चको लागि सम्पत्ति वा कोष उपलब्ध गराइएको भएमा।

(घ) आतङ्ककारी कार्य वा आतङ्ककारी कार्य गर्न खोजिएको कार्य सो कार्य भएको वा गर्न खोजिएको मुलुक वा भूभाग वा अन्यत्र जहाँसुकै भएमा वा हुने भएमा,

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा थप।

(ङ) ♠आतङ्ककारी व्यक्ति, आतङ्ककारी सङ्गठन वा विदेशी आतङ्ककारी लडाकु त्यस्तो कार्य गर्ने व्यक्ति रहेको मुलुक वा भूभागमा रहे वा नरहेमा वा अन्यत्र रहेमा, वा

(च) सम्पत्ति वा कोष वैधानिक वा अवैधानिक जुनसुकै स्रोत वा माध्यमबाट सङ्कलन गरिएको वा उपलब्ध गराइएको भएमा।

(६) कुनै व्यक्तिले उपदफा (१), (२), (३), (४) वा (५) मा उल्लिखित कार्य गरेमा त्यस्तो कार्य आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर हुनेछ।

Σ४क. **कसूर गरेको मानिने:** यस ऐन बमोजिम जारी भएको कुनै मापदण्डको परिपालना गर्ने वा गराउने जिम्मेवारी भएको व्यक्तिले दफा ३, ४ वा ५ बमोजिमको कसूर गर्ने वा गराउने उद्देश्यले त्यस्तो मापदण्ड उल्लङ्घन गरे वा गराएमा कसूर गरेको मानिनेछ।

५. **विदेशमा गरेको कार्य कसूर हुने:** दफा ३ वा ४ मा उल्लिखित कुनै कार्य विदेशी मुलुक वा भूभागमा भएको र त्यस्तो कार्य सो मुलुकको कानून बमोजिम पनि कसूर हुने रहेछ भने त्यस्तो कार्य नेपालमा भएको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर सरह हुनेछ।

## ✻परिच्छेद-३

## ग्राहकको पहिचान तथा कारोबार सम्बन्धी व्यवस्था

६. **बेनामी वा काल्पनिक नाममा कारोबार गर्न नहुने:** सूचक संस्थाले बेनामी वा काल्पनिक नाममा खाता खोल्न वा कुनै प्रकारको कारोबार गर्न वा गराउन हुँदैन।

७. **शेल बैङ्क स्थापना वा सञ्चालन गर्न नहुने:** (१) कसैले नेपालमा वा नेपालको भूभाग मार्फत शेल बैङ्क स्थापना तथा सञ्चालन गर्न हुँदैन।

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा संशोधित।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

✻ दोस्रो संशोधनद्वारा संशोधित।

(२) नेपालको कुनै वित्तीय संस्थाले शेल बैङ्क वा शेल बैङ्कलाई कारोबार गर्न दिने कुनै पनि वित्तीय वा अन्य संस्थासँग व्यावसायिक सम्बन्ध स्थापना गर्न वा त्यस्तो व्यावसायिक सम्बन्धलाई निरन्तरता दिन हुँदैन।

७क. **<u>ग्राहकको पहिचान गर्नु पर्नेः</u>** (१) सूचक संस्थाले देहाय बमोजिमको कार्य गर्दा ग्राहकको सही रुपमा पहिचान तथा सोको सम्पुष्टि भरपर्दो स्रोतबाट प्राप्त कागजात, तथ्याङ्क वा जानकारीका आधारमा उपदफा (३) र (४) को अधीनमा रही गर्नु पर्नेछः-

(क) व्यावसायिक सम्बन्ध स्थापना गर्दा,

(ख) खाता खोल्दा,

(ग) तोकिएको रकमभन्दा बढीको आकस्मिक कारोबार गर्दा,

(घ) विद्युतीय माध्यमबाट कोष स्थानान्तरण (वायर ट्रान्सफर) गर्दा,

(ङ) ग्राहकको पहिचानको लागि पहिले लिएको जानकारीको सत्यता वा पर्याप्ततामा शङ्का लागि थप सम्पुष्टि गर्नु पर्दा,

(च) सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्य वित्तीय लगानी भएको शङ्का लागि थप सम्पुष्टि गर्नु पर्दा,

(छ) उच्च जोखिमयुक्त ग्राहक वा उच्चपदस्थ व्यक्तिले प्रत्येक कारोबार गर्दा, वा

(ज) नियमनकारी निकायले तोकिदिएको अन्य कुनै कार्य गर्दा।

(२) सूचक संस्थाले ग्राहकको पहिचान गर्दा ग्राहकसँग लिनु पर्ने न्यूनतम कागजात तोकिए बमाजिम हुनेछ।

(३) सूचक संस्थाले यस परिच्छेद बमोजिम ग्राहकको पहिचान गर्दा तथा पहिचानको सम्पुष्टि गर्दा स्वतन्त्र तथा भरपर्दो स्रोत सहितको कागजात, तथ्याङ्क वा जानकारी प्रयोग गर्नु पर्नेछ।

(४) सूचक संस्थाले आफ्ना ग्राहकको सही रुपमा पहिचान तथा सोको सम्पुष्टि गर्न देहाय बमोजिमका उपाय अपनाउनु पर्नेछः-

(क) कारोबार वा व्यावसायिक सम्बन्ध तथा सोको उद्देश्य वा लक्षित प्रकृतिको बारेमा उपयुक्त सूचना तथा जानकारी लिने,

(ख) ग्राहक प्राकृतिक व्यक्ति भएमा उपदफा (२) बमोजिम तोकिएका कागजात समेतका आधारमा निजको नाम, ठेगाना र जन्ममिति लगायतका विवरण प्राप्त गर्ने,

(ग) ग्राहक कानूनी व्यक्ति वा कानूनी प्रबन्ध भएमा उपदफा (२) बमोजिम तोकिएका कागजात समेतका आधारमा सोको स्वामित्व तथा नियन्त्रण पद्धतिको बारेमा सूचना तथा जानकारी लिने तथा सम्पुष्टि गर्ने,

(घ) अन्य व्यक्तिको तर्फबाट व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार गर्ने भए जसका तर्फबाट त्यस्तो सम्बन्ध वा कारोबार गर्न खोजिएको हो निज तथा निजको तर्फबाट काम गर्ने व्यक्तिको पहिचान तथा सम्पुष्टि गर्ने र अख्तियारनामा सहितको कागजात लिने,

(ङ) यस परिच्छेद बमोजिमको दायित्व पूरा गर्न ग्राहक, कारोबार वा व्यवसायको प्रकार तथा प्रकृतिका सम्बन्धमा आवश्यक अन्य सूचना तथा जानकारी लिने,

(च) नियमनकारी निकायले तोकिदिएका अन्य उपाय अवलम्बन गर्ने।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गैरवित्तीय पेशाकर्मी वा व्यवसायीको रुपमा रहेका देहायका सूचक संस्थाले देहायका ग्राहकको पहिचान तथा सम्पुष्टि गर्नु अनिवार्य हुने छैनः-

(क) क्यासिनोले एक दिनमा दुईलाख रुपैयाँ वा सोभन्दा कमको कारोबारमा संलग्न हुने ग्राहकको,

(ख) बहुमूल्य धातु तथा वस्तुको कारोबार गर्ने व्यवसायीले एक दिनमा दशलाख रुपैयाँ वा सोभन्दा कम रकमको कारोबार गर्ने ग्राहकको।

(६) यस परिच्छेद बमोजिम आफ्नो ग्राहकको सही पहिचान तथा पहिचानको सम्पुष्टि गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित सूचक संस्थाको हुनेछ।

७ख. **उच्चपदस्थ व्यक्तिको पहिचान सम्बन्धी विशेष व्यवस्थाः** (१) सूचक संस्थाले आफ्नो ग्राहक वा वास्तविक धनी वा ग्राहक बन्न खोज्ने व्यक्ति उच्चपदस्थ व्यक्ति भए वा नभएको यकिन गर्न जोखिम व्यवस्थापन प्रणालीको व्यवस्था गर्नु पर्नेछ।

(२) सूचक संस्थाले ग्राहक वा वास्तविक धनीको रुपमा रहेको विदेशी उच्चपदस्थ व्यक्ति र व्यावसायिक कारणले उच्च जोखिमयुक्त देखिएको अन्तर्राष्ट्रिय संस्थाको उच्चपदस्थ व्यक्ति वा स्वदेशी उच्चपदस्थ व्यक्तिसँग व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा देहायको अतिरिक्त उपाय अपनाउनु पर्नेछः-

(क) व्यावसायिक सम्बन्ध स्थापना गर्नु अघि सूचक संस्थाको व्यवस्थापन हेर्ने उच्च अधिकारीको स्वीकृति लिने,

(ख) विद्यमान ग्राहक उच्चपदस्थ व्यक्ति भएको थाहा हुन आएमा तत्काल खण्ड (क) बमोजिमको स्वीकृति लिने,

(ग) ग्राहक वा वास्तविक धनीको सम्पत्ति तथा कोषको स्रोत पहिचान गर्न पर्याप्त उपाय अवलम्बन गर्ने,

(घ) ग्राहक तथा निजसँगको व्यावसायिक सम्बन्ध वा कारोबारको सम्बन्धमा निरन्तर रुपमा अनुगमन गर्ने,

(ङ) दफा ७ङ. बमोजिम बृहत् ग्राहक पहिचान सम्बन्धी उपाय अवलम्बन गर्ने।

(३) उपदफा (१) र (२) बमोजिमको व्यवस्था उच्चपदस्थ व्यक्तिको परिवारको सदस्य तथा सम्बद्ध व्यक्तिको हकमा समेत लागू हुनेछ।

७ग. **वास्तविक धनीको पहिचान गर्नु पर्नेः** (१) सूचक संस्थाले व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि गर्नको लागि आवश्यक मनासिव उपायहरु अपनाउनु पर्नेछ।

(२) सूचक संस्थाले कुनै व्यक्तिले अन्य कुनै व्यक्तिको तर्फबाट व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार सम्बन्धी काम कारबाही गरे वा नगरेको सम्बन्धमा यकिन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम यकिन गर्दा कुनै व्यक्तिले अर्को व्यक्तिको तर्फबाट व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार गरेको देखिएमा सूचक संस्थाले त्यस्तो व्यक्तिको पहिचान तथा सोको सम्पुष्टि सम्बन्धमा दफा ७क. को उपदफा (४) को खण्ड (घ) बमोजिम उपाय अपनाउनु पर्नेछ।

७घ. **<u>जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्नु पर्ने:</u>** (१) सूचक संस्थाले आफ्नो देश, भौगोलिक क्षेत्र, व्यवसाय वा पेशा, कार्यक्षेत्र, ग्राहक, सेवा वा उत्पादन, कारोबार तथा वितरण माध्यम समेतका आधारमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिमको पहिचान तथा मूल्याङ्कन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जोखिमको पहिचान तथा मूल्याङ्कन गर्दा सूचक संस्थाले राष्ट्रिय जोखिम मूल्याङ्कन वा नियमनकारी निकायले गरेको जोखिम मूल्याङ्कन समेतलाई आधार बनाउनु पर्नेछ।

(३) सूचक संस्थाले उपदफा (१) बमोजिम जोखिम मूल्याङ्कन गर्दा जोखिमसँग सम्बन्धित सबै पक्षहरुको विश्लेषण गरी जोखिमको स्तर निर्धारण गर्नु पर्नेछ।

(४) सूचक संस्थाले यस दफा बमोजिम गरेको जोखिमको मूल्याङ्कन सम्बन्धी सम्पूर्ण विवरण, सूचना तथा प्राप्त निष्कर्ष सम्बन्धी अभिलेख लिखित रुपमा राख्नु पर्नेछ।

(५) सूचक संस्थाले उपदफा (१) बमोजिम गर्ने जोखिमको मूल्याङ्कन आवधिक रुपमा गरी त्यसलाई आवश्यकता अनुसार अद्यावधिक गर्नु पर्नेछ।

(६) सूचक संस्थाले उपदफा (४) बमोजिमको अभिलेख सम्बन्धित नियमनकारी निकायलाई उपलब्ध गराउनु पर्नेछ र त्यस्तो अभिलेख अन्य सम्बद्ध निकायले माग गरेमा त्यस्तो निकायलाई समेत उपलब्ध गराउनु पर्नेछ।

(७) सूचक संस्थाले यस दफा बमोजिम पहिचान भएको जोखिमको स्तर अनुरुप ग्राहक पहिचान, व्यवस्थापन तथा जोखिमको न्यूनिकरण गर्नको लागि आवश्यक पर्ने नीतिगत, कार्यविधिगत तथा नियन्त्रणात्मक व्यवस्था मिलाई त्यस्तो व्यवस्थालाई समय समयमा अद्यावधिक गर्नु पर्नेछ।

(८) सूचक संस्थाले उपदफा (७) बमोजिमको नीतिगत, कार्यविधिगत तथा जोखिम व्यवस्थापन सम्बन्धी व्यवस्था कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नु पर्नेछ।

७ङ. **बृहत् ग्राहक पहिचान सम्बन्धी व्यवस्थाः** (१) सूचक संस्थाले देहायका ग्राहकसँग व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा बृहत् ग्राहक पहिचान सम्बन्धी उपयुक्त उपायहरु अपनाउनु पर्नेछः-

(क) दफा ७घ., ७प. र ३५ बमोजिम गरिएको जोखिम मूल्याङ्कनबाट उच्च जोखिमयुक्त देखिएको ग्राहक,

(ख) आर्थिक वा कानूनी उद्देश्य स्पष्ट नदेखिने जटिल, ठूलो वा अस्वभाविक प्रवृत्तिको कारोबार गर्ने ग्राहक,

(ग) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पालना नगर्ने वा आंशिक रुपमा मात्र पालना गर्ने भनी अन्तर्राष्ट्रिय रुपमा पहिचान भएको मुलुकको ग्राहक,

(घ) उच्चपदस्थ व्यक्ति र त्यस्तो व्यक्तिको परिवारको सदस्य तथा निजसँग सम्बद्ध व्यक्ति वा ग्राहक,

(ङ) दफा ७ढ. को उपदफा (१) बमोजिमको कारोबार गर्ने ग्राहक,

(च) उच्च जोखिमयुक्त नयाँ उपकरण (प्रोडक्ट) वा सेवा प्रयोग गर्ने ग्राहक,

(छ) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर वा अन्य कुनै कसूरमा शङ्का लागेको ग्राहक, वा

(ज) नियमनकारी निकायले तोकिदिएको अन्य ग्राहक।

(२) सूचक संस्थाले उपदफा (१) बमोजिमका ग्राहकको बृहत् ग्राहक पहिचान गर्दा नियमनकारी निकायले निर्धारण गरेका थप उपायहरु समेत अपनाउनु पर्नेछ।

(३) बृहत् ग्राहक पहिचान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७च. **<u>सरलीकृत ग्राहक पहिचान सम्बन्धी व्यवस्थाः</u>** (१) सूचक संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिम कम देखिएको ग्राहक वा कारोबारका सम्बन्धमा सरलीकृत ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी व्यवस्था अपनाउन सक्नेछ।

(२) उच्च जोखिमयुक्त ग्राहक, कारोबार वा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीको आंशका देखिएको कारोबारको हकमा उपदफा (१) बमोजिमको सरलीकृत ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी व्यवस्था अपनाउन पाइने छैन।

(३) सरलीकृत ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७छ. **<u>विद्यमान ग्राहकको पहिचान सम्बन्धी व्यवस्थाः</u>** (१) सूचक संस्थाले यो दफा प्रारम्भ हुँदाका बखत खाता सञ्चालन गरिरहेका वा व्यावसायिक सम्बन्ध कायम रहेका विद्यमान ग्राहक तथा वास्तविक धनीको सम्बन्धमा भएको ग्राहकको पहिचान तथा सम्पुष्टि र सोको पर्याप्तताको पुनरावलोकन गरी त्यस्ता ग्राहक तथा वास्तविक धनीको प्रकार र प्रकृति, व्यावसायिक सम्बन्ध, कारोबार, उत्पादन वा सेवा, देश वा भौगोलिक क्षेत्र वा वितरण प्रणालीको जोखिमका आधारमा यस परिच्छेद बमोजिम ग्राहकको पहिचान तथा सम्पुष्टि गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको ग्राहकको पहिचान तथा सम्पुष्टि गर्ने अवधि नियमनकारी निकायले तोकिदिए बमोजिम हुनेछ।

७ज. **<u>ग्राहकको पहिचान गर्नु पर्ने समयः</u>** (१) सूचक संस्थाले खाता खोल्नु वा व्यावसायिक सम्बन्ध कायम गर्नु अगावै, व्यावसायिक सम्बन्ध कायम रहेको अवस्थामा तथा आकस्मिक कारोबार (अकेजनल ट्रान्जेक्सन) गर्दा ग्राहक तथा वास्तविक धनीको पहिचान तथा सोको सम्पुष्टि गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था विद्यमान भएमा सूचक संस्थाले ग्राहकको पहिचानको सम्पुष्टि व्यावसायिक सम्बन्ध स्थापना वा ♠<u>कारोबार गरेपछि बढीमा तीन दिनभित्र यथासक्य छिटो</u> गर्न सक्नेछः-

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

(क) व्यावहारिक रुपमा कुनै पनि बखत पहिचानको सम्पुष्टि हुन सक्ने कुरामा सूचक संस्था विश्वस्त भएमा,

(ख) व्यावहारिक कारणले तत्काल ग्राहक पहिचानको सम्पुष्टि गर्न सम्भव नभएको तथा पहिचानको सम्पुष्टि गर्दा व्यवसायको नियमित सञ्चालनमा अवरोध सिर्जना हुन सक्ने र त्यस्तो अवरोध गर्नु आवश्यक नदेखिएमा, र

(ग) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिमलाई प्रभावकारी रुपमा व्यवस्थित गर्न सकिने अवस्था विद्यमान भएमा।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचक संस्थाले देहायका ग्राहक तथा कारोबारका सम्बन्धमा उपदफा (१) बमोजिम ग्राहक तथा वास्तविक धनीको पहिचानको सम्पुष्टि गर्नु पर्नेछः—

(क) ग्राहक जोखिमयुक्त वा उच्चपदस्थ व्यक्ति वा त्यस्तो व्यक्तिको परिवारको सदस्य तथा सम्बद्ध व्यक्ति भएको देखिएमा, वा

(ख) ग्राहकको काम कारबाही शंकास्पद देखिएमा।

७झ. **निरन्तर अनुगमन गर्नेः** सूचक सस्थाले देहायको कार्य गरी ग्राहक, वास्तविक धनी वा कारोबारका सम्बन्धमा निरन्तर अनुगमन (अनगोइङ डयू डिलिजेन्स) गर्नु पर्नेछः-

(क) ग्राहकका सम्बन्धमा आफूसँग प्राप्त जानकारी, निजको व्यवसाय वा जोखिम सम्बन्धी विवरण अनुरुप कारोबार भए वा नभएको सुनिश्चित गर्न निजसँग व्यावसायिक सम्बन्ध कायम रहेसम्म सुक्ष्म परीक्षण गर्ने,

(ख) खण्ड (क) बमोजिम सुक्ष्म परीक्षण गर्न आवश्यक भए निजसँग सम्पत्तिको स्रोत समेत माग गर्ने वा परीक्षण गर्ने,

(ग) उच्चपदस्थ व्यक्ति वा उच्च जोखिमयुक्त लगायतका ग्राहक तथा निजसँगको व्यावसायिक सम्बन्ध, कारोबार तथा वास्तविक धनीसँग सम्बन्धित कागजात

तथा विवरण अद्यावधिक भएको सुनिश्चित गर्न मौजुदा कागजात तथा विवरणको पुनरावलोकन गरी अद्यावधिक गर्ने,

(घ) सीमापार करेस्पोण्डिङ्ग बैङ्किङ तथा वायर स्थानान्तरण सम्बन्धी कारोबार तथा ग्राहकका सम्बन्धमा नियमित रुपमा अनुगमन गर्ने,

(ङ) नियमनकारी निकायले तोकिदिए बमोजिमको अन्य कार्य गर्ने, र

(च) सूचक संस्था आफैले उपयुक्त ठानेका अन्य कार्य गर्ने।

७ञ. **<u>तेस्रो पक्षबाट ग्राहक पहिचान तथा सम्पुष्टि गराउन सकिने:</u>** (१) देहायको अवस्थामा सूचक संस्थाले ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी केही कार्य तेस्रो पक्षबाट गराउन सक्नेछः-

(क) ग्राहकको पहिचान तथा सम्पुष्टि यस परिच्छेद बमोजिम हुने कुरामा सूचक संस्था विश्वस्त भएमा,

(ख) यस परिच्छेद बमोजिम आवश्यक ग्राहकको पहिचान तथा सम्पुष्टि गर्न प्रयोग गरिएका सम्पूर्ण कागजात तथा विवरण सम्बन्धी जानकारी सूचक संस्थालाई तत्काल प्राप्त हुने भएमा, र

(ग) ग्राहक पहिचान तथा सम्पुष्टि गर्न प्रयोग गरिएका सम्पूर्ण कागजात, विवरण तथा जानकारी सूचक संस्थाले मागेका बखत विना कुनै विलम्व प्राप्त हुने सुनिश्चित भएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको तेस्रो पक्षको रुपमा रहेको संस्थाबाट भएको ग्राहकको पहिचान तथा सम्पुष्टिलाई सूचक संस्थाले स्वीकार गर्न पाउने छैनः-

(क) त्यस्तो संस्था सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पालना नगर्ने वा आंशिक रुपमा मात्र पालना गर्ने भनी पहिचान भएको मुलुकको भएमा,

(ख) त्यस्तो संस्थामा ग्राहकको पहिचान तथा सम्पुष्टि सम्बन्धी यस परिच्छेद बमोजिमको व्यवस्था विद्यमान नभएमा, वा

(ग) त्यस्तो संस्था सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी नियमन, निरीक्षण, सुपरीवेक्षणको दायरा अन्तर्गतको नभएमा।

(३) उपदफा (१) बमोजिम तेस्रो पक्षबाट ग्राहकको पहिचान तथा सम्पुष्टि गरिएको भए तापनि यस परिच्छेद बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी अन्तिम दायित्व सूचक संस्थाको हुनेछ।

७ट. **नयाँ प्रविधि वा आफैं उपस्थित नहुने ग्राहक वा कारोबार सम्बन्धी व्यवस्था:** (१) सूचक संस्थाले प्रचलनमा आइसकेका वा नयाँ उपकरण तथा व्यापारिक अभ्यास, आफैं उपस्थित नहुने ग्राहक वा कारोबार, वितरण प्रणाली वा नवीन वा विकासको क्रममा रहेको प्रविधिबाट सिर्जना हुन सक्ने सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिमको पहिचान तथा सोको मूल्याङ्कन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जोखिमको पहिचान तथा मूल्याङ्कन त्यस्तो उपकरण, व्यापारिक अभ्यास, वितरण प्रणाली वा प्रविधि प्रयोगमा ल्याउनु अगावै गर्नु पर्नेछ।

(३) सूचक संस्थाले उपदफा (१) बमोजिम पहिचान तथा मूल्याङ्कन गरिएको जोखिमको व्यवस्थापन गर्न पर्याप्त उपाय अपनाउनु पर्नेछ।

(४) आफैं उपस्थित नहुने ग्राहकसँग व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा हुन सक्ने सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी विशेष जोखिमलाई सम्बोधन गर्न सूचक संस्थाले ग्राहकको पहिचान तथा सम्पुष्टि सम्बन्धी नीति तथा कार्यविधि बनाई लागू गर्नु पर्नेछ।

७ठ. **वायर स्थानान्तरण (ट्रान्सफर) सम्बन्धी दायित्वः** (१) वित्तीय सस्थाले प्रचलित कानून बमोजिम जुनसुकै मुद्रा वा जतिसुकै रकमको वायर स्थानान्तरण गर्नु अगावै देहाय बमोजिमको विवरण तथा जानकारी लिई ग्राहकको सही पहिचान तथा सम्पुष्टि गर्नु पर्नेछः-

(क) उत्पत्तिकर्ताको नाम,

(ख) उत्पत्तिकर्ताको खाता नम्बर र खाता नभएको अवस्थामा कारोबार पहिचान हुन सक्ने छुट्टै स्रोत नम्बर,

(ग) उत्पत्तिकर्ताको ठेगाना वा सो नभएको अवस्थामा निजको जन्ममिति र जन्मस्थान वा नागरिकता नम्बर वा राष्ट्रिय परिचयपत्र नम्बर वा ग्राहक पहिचान नम्बर,

(घ) हिताधिकारीको नाम तथा खाता नम्बर र खाता नभएको अवस्थामा कारोबार पहिचान हुन सक्ने छुट्टै स्रोत नम्बर,

(ङ) नियमनकारी निकायले तोकिदिएको अन्य विवरण वा जानकारी।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनका लागि "उत्पत्तिकर्ता" भन्नाले वायर ट्रान्सफर मार्फत रकम पठाउने वास्तविक धनी समेतलाई सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था व्याच फायलमा जम्मा हुने वायर स्थानान्तरणको हकमा समेत लागू हुनेछ।

(३) कारोबार भएको व्यहोरा कार्डमा देखिने गरी डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड मार्फत वस्तु वा सेवा खरीदको परिणाम स्वरुप भएको वायर स्थानान्तरणमा उपदफा (१) बमोजिमको व्यवस्था तथा वित्तीय संस्थाहरुबीच आफैंले आफ्नो खातामा वायर स्थानान्तरण गर्दा उपदफा (१) वा (२) को व्यवस्था लागू हुने छैन।

(४) उत्पत्तिकर्ता वा हिताधिकारी आफ्नो विद्यमान ग्राहक भएमा, निजले गर्ने कारोबारबाट कसूरको जोखिम नहुने देखिएमा र निजको सही पहिचान तथा सम्पुष्टि भएकोमा वित्तीय संस्था सन्तुष्ट रहेमा वित्तीय संस्थाले उपदफा (१) बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि नगर्न समेत सक्नेछ।

(५) वित्तीय संस्थाले ग्राहकको पचहत्तर हजार रुपैयाँ वा सोभन्दा कम मूल्यको वायर स्थानान्तरण गर्दा उपदफा (१) को खण्ड (ग) बमोजिमको विवरण वा जानकारी नलिन सक्नेछ।

(६) वित्तीय संस्थाले उपदफा (१) बमोजिमका विवरणहरु भुक्तानी श्रृङ्खला अन्तर्गतका वा भुक्तानी दिने वित्तीय संस्थालाई वायर स्थानान्तरणको भुक्तानी सन्देश (पेमेण्ट म्यासेज) का साथ संलग्न गर्नु पर्नेछ।

(७) वायर स्थानान्तरण सम्बन्धी माध्यम (इन्टरमिडियरी) को रुपमा काम गर्ने वा भुक्तानी दिने नेपालको कुनै वित्तीय संस्थाले उपदफा (६) बमोजिमको विवरण प्राप्त भएको सुनिश्चित गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिमको आवश्यक कागजात वा विवरण नभएको पाइएमा वित्तीय संस्थाले रकम पठाउने वा भुक्तानी श्रृङ्खला अन्तर्गतको वित्तीय संस्थासँग माग गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम माग गरेको विवरण प्राप्त हुन नसकेमा भुक्तानी दिने वा माध्यमको रुपमा काम गर्ने नेपालको वित्तीय सस्ंथाले त्यस्तो वायर स्थानान्तरण उपदफा (१०) बमोजिमको नीति तथा कार्यविधिका आधारमा निलम्बन, अस्वीकार वा भुक्तानी गर्न सक्नेछ।

(१०) प्रचलित कानून बमोजिम वायर स्थानान्तरण सम्बन्धी कारोबार गर्ने नेपालको वित्तीय संस्थाले वायर स्थानान्तरणको अनुगमन, सोधखोज, निलम्बन, अस्वीकार, वास्तविक धनी तथा हिताधिकारीको पहिचान, भुक्तानी लगायतका विषयमा जोखिममा आधारित नीति तथा कार्यविधि बनाई लागू गर्नु पर्नेछ।

(११) वित्तीय संस्थाले वायर स्थानान्तरण सम्बन्धी कारोबार गर्दा उत्पत्तिकर्ता वा हिताधिकारीको यस दफा बमोजिमको विवरण भए नभएको यकिन गर्न आवश्यक अनुगमन गर्नु पर्नेछ।

(१२) पचहत्तर हजार रुपैयाँ वा सोभन्दा बढी रकमको वायर स्थानान्तरण सम्बन्धी कार्य गर्ने वित्तीय संस्थाले उक्त रकमको भुक्तानी दिँदा हिताधिकारीको सही पहिचान गर्नु पर्नेछ।

(१३) वायर स्थानान्तरण मार्फत रकम वा मूल्य पठाउने, माध्यमको रुपमा काम गर्ने तथा भुक्तानी दिने वित्तीय संस्थाले वायर स्थानान्तरण सम्बन्धी सम्पूर्ण अभिलेख तथा विवरण कारोबार भएको मितिले कम्तीमा पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

(१४) वायर स्थानान्तरण मार्फत रकम वा मूल्य पठाउने, माध्यमको रुपमा काम गर्ने वा भुक्तानी दिने वित्तीय संस्थाले परिच्छेद ६ख. बमोजिमको व्यक्ति, समूह वा संगठनको रकम तत्काल रोक्का राख्नु पर्नेछ र कसैले कारोबार गर्न नपाउने व्यवस्था गर्नु पर्नेछ।

(१५) वायर स्थानान्तरण सम्बन्धी कारोबार गर्ने वित्तीय संस्थाले आफ्नो एजेण्टको सम्बन्धमा देहायको व्यवस्था गर्नु पर्नेछः-

(क) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यक्रम लागू गराउने र सोको पालना भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ख) एजेण्टको अद्यावधिक विवरण तयार गरी सार्वजनिक रुपमा वेबसाइटमा प्रकाशन गर्ने।

(१६) वायर स्थानान्तरण सम्बन्धमा राष्ट्र बैङ्कले थप आवश्यक र उपयुक्त व्यवस्था गर्न सक्नेछ।

७ङ. **<u>सीमापार करेस्पोण्डिङ्ग बैंकिङ सम्बन्ध सम्बन्धी व्यवस्थाः</u>** (१) वित्तीय संस्थाले प्रचलित कानून बमोजिम सीमापार करेस्पोण्डिङ्ग बैंकिङ सम्बन्ध कायम गर्दा तथा कारोबार गर्दा देहाय बमोजिमको उपाय अपनाउनु पर्नेछः-

(क) रेस्पोण्डेण्ट वित्तीय संस्थाको पहिचान तथा सम्पुष्टि गर्ने,

(ख) रेस्पोण्डेण्ट वित्तीय संस्थाले गर्ने काम कारबाहीको सम्बन्धमा पर्याप्त जानकारी हासिल गर्ने,

(ग) खण्ड (ख) बमोजिम प्राप्त जानकारी समेतका आधारमा रेस्पोण्डेण्ट वित्तीय संस्थाले गर्ने व्यवसायको प्रकृति पूर्ण रुपमा थाहा पाउने,

(घ) सार्वजनिक रुपमा उपलब्ध सूचनाका आधारमा रेस्पोण्डेण्ट वित्तीय संस्थाको प्रतिष्ठा, सो उपर हुने सुपरीवेक्षणको गुणस्तर तथा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी अनुसन्धान वा नियमन सम्बन्धी कारबाहीमा परे नपरेको समेतका सम्बन्धमा मूल्याङ्कन गर्ने,

(ङ) रेस्पोण्डेण्ट वित्तीय संस्थाको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी नियन्त्रण प्रणाली तथा सोको पर्याप्तताको मूल्याङ्कन गर्ने,

(च) करेस्पोण्डिङ्ग बैंकिङ सम्बन्ध कायम गर्नु पूर्व आफ्नो व्यवस्थापन हेर्ने उच्च अधिकारीको स्वीकृति लिने,

(छ) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा आ-आफ्नो जिम्मेवारी स्पष्ट रुपमा थाहा पाउने,

(ज) भुक्तानी दिने खाता (पेएबल थ्रु एकाउण्ट) को प्रयोग गर्ने ग्राहकको सम्बन्धमा रेस्पोण्डेण्ट वित्तीय संस्थाले यस परिच्छेद बमोजिमको ग्राहक पहिचान तथा सोको सम्पुष्टि सम्बन्धी व्यवस्था पालना गरे वा नगरेको, त्यस्तो ग्राहक उपर नियमित अनुगमन पद्धतिको कार्यान्वयन गरे वा नगरेको तथा माग गरेको बखत आफूलाई आवश्यक विवरण उपलब्ध गराउन सक्षम रहे वा नरहेको सुनिश्चित गर्ने,

Σ**स्पष्टीकरणः** यस खण्डको प्रयोजनका लागि "भुक्तानी दिने खाता (पेएबल थ्रु एकाउण्ट)" भन्नाले कारोबारको सम्बन्ध रहेको तेस्रो पक्षले समेत प्रत्यक्ष रुपमा प्रयोग गर्ने करेस्पोण्डेण्ट खाता सम्झनु पर्छ।

(झ) शेल बैङ्कसँग व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार नगर्ने तथा गरिरहेको भए निरन्तरता नदिने कुराको सुनिश्चित गर्ने, र

(ञ) रेस्पोण्डेण्ट वित्तीय संस्थाले कुनै शेल बैङ्कलाई आफ्नो खाता प्रयोग गर्न अनुमति नदिने कुराको सुनिश्चित गर्ने।

(२) वित्तीय संस्थाले आफैं वा ग्राहकको तर्फबाट गरिदिएको सीमापार करेस्पोण्डिङ्ग बैंकिङ सम्बन्धी व्यावसायिक सम्बन्ध वा कारोबार गर्दा उपदफा (१) बमोजिमको व्यवस्था पालना गर्नु पर्नेछ।

७ढ. **खास कारोबारमा विशेष ध्यान दिनु पर्नेः** (१) सूचक संस्थाले देहायका कारोबारका सम्बन्धमा विशेष ध्यान दिनु पर्नेछः-

(क) आर्थिक वा कानूनी उद्देश्य स्पष्ट नदेखिने जटिल, ठूलो वा अस्वभाविक प्रवृत्तिको सबै कारोबार,

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

(ख) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पालना नगर्ने वा आंशिक रुपमा मात्र पालना गर्ने भनी पहिचान भएको मुलुकको व्यक्ति, संस्था वा कानूनी प्रबन्धसँगको व्यावसायिक सम्बन्ध वा कारोबार, वा

(ग) नियमनकारी निकायले तोकिदिएको अन्य कारोबार।

(२) सूचक संस्थाले उपदफा (१) मा उल्लिखित कारोबारको पृष्ठभूमि तथा उद्देश्यको सम्बन्धमा सकेसम्म बढी परीक्षण गर्ने र सोबाट प्राप्त निष्कर्षको लिखित रुपमा अभिलेख राख्नु पर्नेछ।

(३) सूचक संस्थाले उपदफा (२) बमोजिमको अभिलेख कम्तीमा पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ र वित्तीय जानकारी इकाई, नियमनकारी निकाय वा अधिकारप्राप्त अधिकारीले माग गरेका बखत तत्काल उपलब्ध गराउनु पर्नेछ।

७ण. **कारोबार गर्न नहुने:** (१) सूचक संस्थाले देहायको ग्राहकको खाता खोल्न वा त्यस्तो ग्राहकसँग व्यावसायिक सम्बन्ध कायम गर्न वा कारोबार गर्न हुँदैन:-

(क) यस परिच्छेद बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्न आवश्यक कागजात, विवरण तथा जानकारी उपलब्ध नगराउने, वा

(ख) यस परिच्छेद बमोजिम उपलब्ध गराएको कागजात, विवरण तथा जानकारीका आधारमा ग्राहकको पहिचान तथा सम्पुष्टि हुन नसक्ने।

(२) सूचक संस्थाले विद्यमान ग्राहकका सम्बन्धमा उपदफा (१) बमोजिमको अवस्था विद्यमान भएमा त्यस्तो ग्राहकसँगको व्यावसायिक सम्बन्ध अन्त्य गर्नु पर्नेछ र आवश्यक भएमा सोको जानकारी वित्तीय जानकारी इकाईलाई समेत दिनु पर्नेछ।

७त. **सूचक संस्थाको दायित्वः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी भएको निर्देशिका वा दिएको निर्देशनको कार्यान्वयनको लागि सूचक संस्थाले आफ्नो देश, भौगोलिक क्षेत्र, कार्यक्षेत्र, व्यवसायको आकार, ग्राहक, कारोबार तथा जोखिमका आधारमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी नीति तथा कार्यविधि बनाई लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको नीति तथा कार्यविधिमा देहायका विषयहरु समावेश गर्नु पर्नेछः-

(क) ग्राहकको पहिचान, व्यावसायिक सम्बन्ध, अनुगमन, कारोबारको सूचना, अभिलेख लगायतका अन्य दायित्वका सम्बन्धमा आन्तरिक नीति, प्रकृया तथा नियन्त्रण सम्बन्धी व्यवस्था,

(ख) निरन्तर अनुगमन सम्बन्धी व्यवस्था,

(ग) यो ऐन वा यस ऐन अन्तगत बनेको नियम वा जारी भएको निर्देशिका वा निर्देशनको पालना गर्ने वा गराउने व्यवस्था,

(घ) उच्च मर्यादा भएका कर्मचारी कायम गर्न कर्मचारी भर्ना लगायतका विषयमा कार्यविधिको पर्याप्त व्यवस्था,

(ङ) कर्मचारीलाई नियमित रुपमा तालीम तथा पुनर्ताजगी सम्बन्धी व्यवस्था,

(च) काम कारबाहीको स्वतन्त्र रुपमा अनुगमन, निरीक्षण, लेखापरीक्षण गरी अभिलेख अद्यावधिक गर्ने प्रभावकारी व्यवस्था,

(छ) शंकास्पद कारोबारको पहिचान तथा जानकारी सम्बन्धी व्यवस्था,

Σ(छ१) दफा ७ञ., ७ठ. र ७ड. सँग सम्बन्धित काम वा कारोबारको सिलसिलामा सम्बन्धित संस्थासँग सूचना आदानप्रदान गर्ने व्यवस्था,

Σ(छ२) ग्राहकको पहिचानको सम्पुष्टि तथा व्यावसायिक सम्बन्धको प्रयोग र सर्तको पालनाको सम्बन्धमा जोखिम व्यवस्थापन सम्बन्धी व्यवस्था,

(ज) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिएको निर्देशन बमोजिमको दायित्व पूरा गर्न र सोको प्रभावकारिता मूल्याङ्कन गर्न आवश्यक हुने अन्य व्यवस्था, र

(झ) नियमनकारी निकायले तोकिदिएका अन्य व्यवस्था।

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा थप।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिएको निर्देशन बमोजिमको दायित्व निरन्तर रुपमा पूरा गर्न सूचक संस्थाले व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त गर्नु पर्नेछ।

(४) सूचक संस्थाले उपदफा (३) बमोजिमको कार्यान्वयन अधिकारीलाई देहायको काम, कर्तव्य र अधिकार तथा सोका लागि आवश्यक साधन स्रोत उपलब्ध हुने सुनिश्चित गर्नु पर्नेछः-

(क) आफ्नो कार्य सम्पादनको सिलसिलामा आवश्यक कुनै पनि अभिलेख, हिसाब किताब र लेखा सम्बन्धी कागजातहरु उपर पहुँच प्राप्त गर्ने,

(ख) सूचक संस्थाको सम्बन्धित कर्मचारीसँग कुनै सूचना, जानकारी, विवरण वा कागजात माग गर्ने र प्राप्त गर्ने,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा जारी गरिएको निर्देशिका वा निर्देशनको कार्यान्वयन गर्न आवश्यक अन्य कार्य गर्ने, र

(घ) नियमनकारी निकायले तोकेको अन्य कार्य गर्ने।

Σ(५) सूचक संस्थाले प्रचलित कानूनमा भएको परिवर्तन, जोखिम मूल्याङ्कन, व्यवसाय र प्रविधिमा भएको परिवर्तन, कसूर गर्ने तरिका तथा प्रवृत्तिमा आएको परिवर्तन समेतको आधारमा वार्षिक रुपमा कम्तीमा एक पटक र आवश्यकता अनुसार एक पटकभन्दा बढी जोखिममा आधारित संस्थागत नीति, कार्यविधि तथा कार्ययोजना अद्यावधिक गरी नियमनकारी निकायमा पेश गर्नु पर्नेछ।

Σ(६) सूचक संस्थाले यस ऐन बमोजिम गर्नु पर्ने ग्राहकको पहिचान, कारोबारको अनुगमन, निर्धारित सीमाभन्दा बढीको कारोबार वा शङ्कास्पद कारोबारको पहिचान तथा सोको आधार, जोखिम मूल्याङ्कन तथा व्यवस्थापन, नीति तथा कार्यविधिको कार्यान्वयन तथा यस ऐन बमोजिम गर्नु पर्ने अन्य कामकारबाही विद्युतीय माध्यमबाट समेत गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा थप।

तर नियमनकारी निकायले जोखिम मूल्याङ्कनको आधारमा कम जोखिम देखिएको क्षेत्रको सूचक संस्थाको यस उपदफा बमोजिमको कुनै कामकारबाही विद्युतीय माध्यमबाट गर्न नपर्ने गरी छुट दिन सक्नेछ।

७थ. **<u>शाखा कार्यालय वा सहायक कम्पनीको दायित्वः</u>** (१) एकै समूह अन्तर्गत नेपाल वा विदेशमा सञ्चालित सूचक संस्था वा विदेशमा शाखा कार्यालय वा अधिकांश स्वामित्व रहने गरी संस्था स्थापना गर्ने सूचक संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी भएको निर्देशिका वा दिएको निर्देशन बमोजिम सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्थाको पालना समूहगत रुपमा गर्नु पर्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनका लागि “अधिकांश स्वामित्व” भन्नाले पचास प्रतिशत वा सोभन्दा बढीको स्वामित्व सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको सूचक संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा देहायका विषयहरु समेत समावेश गरी समूहगत नीति तथा कार्यविधि बनाई लागू गर्नु पर्नेछः-

(क) ग्राहकको पहिचान तथा सम्पुष्टि र सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिम व्यवस्थापन सम्बन्धी सूचना आदान प्रदान गर्ने,

(ख) नियमनकारी निकायले तोकिदिए बमोजिम ग्राहक, कारोबार, खाता, लेखा परीक्षण, समूहगत परिपालना र सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यक्रम समेतको जानकारी समूहगत रुपमा आदान प्रदान गर्ने, र

(ग) खण्ड (क) वा (ख) बमोजिम आदान प्रदान गरिएका सूचनाको प्रयोग तथा गोपनीयताको सुरक्षा गर्ने पर्याप्त व्यवस्था।

(३) उपदफा (१) र (२) बमोजिमको व्यवस्था पालना गर्न सम्बन्धित मुलुकको कानूनको कारणले कठिनाई हुने भएमा एकै समूह अन्तर्गत सञ्चालित सूचक संस्था वा विदेशमा शाखा कार्यालय वा अधिकांश स्वामित्व रहने गरी संस्था स्थापना गर्ने सूचक संस्थाले नियमनकारी निकायलाई जानकारी दिनु पर्नेछ र त्यस्ता संस्थाले सम्पत्ति शुद्धीकरण तथा

नेपाल कानून आयोग

आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिम व्यवस्थापन गर्न अतिरिक्त उपाय अपनाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अवलम्वन गरिएको अतिरिक्त उपायहरु सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिम व्यवस्थापन गर्न पर्याप्त नहुने देखेमा विदेशमा खोलेको शाखा कार्यालय वा अधिकांश स्वामित्व रहने गरी स्थापना गरेको संस्थालाई नियमनकारी निकायले दफा ७फ. बमोजिमको कारबाही गर्न वा त्यस्तो शाखा वा संस्था बन्द गराउन सक्नेछ।

७द. **अभिलेख सुरक्षित राख्नु पर्नेः** (१) सूचक संस्थाले देहाय बमोजिमका कागजात, विवरण तथा अभिलेख व्यावसायिक सम्बन्ध समाप्त भएको वा कारोबार भएको वा आकस्मिक कारोबार भएको मितिले कम्तीमा पाँच वर्षसम्म दुरुस्त रुपले व्यवस्थित तथा सुरक्षित राख्नु पर्नेछः-

(क) ग्राहक तथा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि सम्बन्धी अभिलेख,

(ख) ग्राहक, वास्तविक धनी र कारोबारका सम्बन्धमा गरिएको विश्लेषणको निष्कर्ष तथा प्रतिवेदन सम्बन्धी सबै कागजात, विवरण तथा अभिलेख,

(ग) सूचक संस्थाको लेखा तथा व्यावसायिक कागजात, विवरण तथा अभिलेख,

(घ) स्वदेशी वा वैदेशिक रुपमा गरिएका कारोबारसँग सम्बन्धित आवश्यक सबै कागजात, विवरण तथा अभिलेख,

(ङ) कारोबार गर्न गरेको प्रयासको कागजात, विवरण तथा अभिलेख, र

(च) नियमनकारी निकायले तोकिदिए बमोजिमका अन्य कागजात, विवरण तथा अभिलेख।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचक संस्थाले तोकिएका कागजात, विवरण तथा अभिलेख पाँच वर्षभन्दा घटी नहुने गरी तोकिएको थप अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।

(३) सूचक संस्थाले उपदफा (१) वा (२) बमोजिम कागजात, विवरण तथा अभिलेख राख्दा प्रत्येक कारोबार स्पष्ट देखिने र कानूनी कारबाहीको सिलसिलामा प्रमाणको रुपमा प्रयोग गर्न सकिने गरी राख्नु पर्नेछ।

(४) यस दफा बमोजिम राखिएका कागजात, विवरण तथा अभिलेख अधिकार प्राप्त अधिकारीले माग गरेका बखत तत्कालै उपलब्ध हुन सक्ने गरी राख्नु पर्नेछ।

(५) सूचक संस्थाले शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

Σ(५क) यस ऐन वा प्रचलित कानून बमोजिम सूचक संस्थाले ग्राहकबाट लिएको सूचना तथा विवरण प्रचलित कानून बमोजिम प्रकट गर्नु पर्ने अवस्थामा बाहेक गोप्य राख्नु पर्नेछ। कसैले त्यस्तो गोप्यता भङ्ग गरेमा नियमनकारी निकायले त्यस्तो सूचक संस्थालाई दफा ७फ. बमोजिम कारबाही गर्न सक्नेछ।

(६) सूचक संस्थाले कागजात, विवरण तथा अभिलेख सुरक्षित राख्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७ध. **शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन दिनु पर्नेः** (१) सूचक संस्थाले ग्राहक, कारोबार वा सम्पत्तिको सम्बन्धमा देहायको अवस्था विद्यमान भएमा ♠सोको जाँझबुझ गरी तत्काल वित्तीय जानकारी इकाईलाई शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन दिनु पर्नेछः-

(क) कुनै सम्पत्ति ♠सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धी कसूर वा अन्य कसूरसँग सम्बन्धित भएको शङ्का लागेमा वा शङ्का गर्नु पर्ने मनासिब आधार भएमा, वा

(ख) कुनै सम्पत्ति आतङ्ककारी कार्य, आतङ्ककारी व्यक्ति वा आतङ्ककारी संगठन वा आतङ्ककारी कार्यमा वित्तीय लगानीसँग सम्बन्धित वा जोडिएको वा

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा थप।

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

त्यस्तो कार्यमा वा त्यस्तो व्यक्ति वा संगठनबाट प्रयोग हुन सक्ने शङ्का लागेमा वा शङ्का गर्नु पर्ने मनासिब आधार भएमा।

(२) सूचक संस्थाले उपदफा (१) बमोजिमको शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन ग्राहकले कुनै कारोबार गर्ने प्रयास मात्र गरेमा समेत दिनु पर्नेछ।

Σ२(२क) उपदफा (१) वा (२) बमोजिम शङ्कास्पद कारोबार देखिएको ग्राहकको पहिचान, सम्पुष्टि वा त्यस्तै अन्य कुनै कार्य गर्दा सोको जानकारी ग्राहकले पाउन सक्छ भन्ने सूचक संस्थालाई लागेमा शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन पेश गरेपछि ग्राहक पहिचान वा सम्पुष्टि अध्यावधिक गर्नु पर्नेछ।

(३) शंकास्पद कारोबार पहिचान गर्ने थप आधार, शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदनको ढाँचा, पद्धति तथा कार्यविधि वित्तीय जानकारी इकाईले तोकिदिए बमोजिम हुनेछ।

Σ७ध१. **<u>यस परिच्छेदको व्यवस्था कार्यान्वयन गर्नु पर्ने:</u>** सूचक संस्थाले आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीका सन्दर्भमा समेत यस परिच्छेद बमोजिमको व्यवस्था कार्यान्वयन गर्नु पर्नेछ।

## □परिच्छेद-३क.

## सूचक संस्थाको नियमन तथा सुपरीवेक्षण सम्बन्धी व्यवस्था

७न. **<u>सूचक संस्थाको नियमन तथा सुपरीवेक्षण:</u>** (१) यस ऐन बमोजिम सूचक संस्थाले काम कारबाही गरे वा नगरेको सम्बन्धमा प्रचलित कानून बमोजिम स्थापित नियमनकारी निकायबाट नियमन तथा सुपरीवेक्षण हुनेछ।

(२) कुनै सूचक संस्थाको नियमनकारी निकायको सम्बन्धमा प्रचलित कानूनमा कुनै व्यवस्था रहेनछ भने त्यस्तो सूचक संस्थाको नियमनकारी निकायको रुपमा कार्य गर्न नेपाल सरकारले समन्वय समितिको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै निकाय वा नियमनकारी निकायको रुपमा रहेको कुनै संस्थालाई तोक्न सक्नेछ।

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा थप।

□ दोस्रो संशोधनद्वारा थप।

(३) सूचक संस्थाको नियमन तथा सुपरीवेक्षण गर्ने सम्बन्धमा नियमनकारी निकायले प्रचलित कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त यस ऐन बमोजिमको काम, कर्तव्य र अधिकारको समेत पालना र प्रयोग गर्नु पर्नेछ।

७५. **नियमनकारी निकायको काम, कर्तव्य र अधिकार:** (१) यस ऐनको प्रयोजनको लागि नियमनकारी निकायको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आवधिक रुपमा वा आवश्यकता अनुसार आफ्नो कार्यक्षेत्र तथा आफूले नियमन सुपरीवेक्षण गर्नु पर्ने सूचक संस्थाको जोखिमको पहिचान, मूल्याङ्कन तथा अनुमगमन गर्ने तथा जोखिम व्यवस्थापन गर्न पर्याप्त तथा प्रभावकारी उपाय अवलम्वन गर्ने,

(ख) आफूले सुपरीवेक्षण गर्नु पर्ने सूचक संस्थालाई आवधिक रुपमा वा आवश्यकता अनुसार जोखिमको पहिचान, मूल्याङ्कन, अनुमगमन तथा जोखिम व्यवस्थापन गर्न पर्याप्त तथा प्रभावकारी उपाय अवलम्बन गराउने,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशनको पालना गर्ने वा गराउने,

(घ) सूचक संस्थाले गर्ने कुनै व्यवसाय वा पेशा दर्ता गर्दा वा व्यवसायको लागि अनुमतिपत्र वा इजाजतपत्र दिंदा पेशा वा व्यवसाय सञ्चालन गर्ने व्यक्तिले यस ऐन बमोजिमको काम कारबाही तथा दायित्व पूरा गर्नु पर्ने शर्त तोक्ने,

(ङ) सूचक संस्था दर्ता गर्दा वा व्यवसायको लागि अनुमतिपत्र वा इजाजतपत्र दिंदा र त्यस्तो संस्थाको संस्थापना, स्थापना, सञ्चालन, व्यवस्थापन वा काम कारबाहीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्वामित्व हुने, नियन्त्रण गर्ने वा सहभागी हुने वा सोको वास्तविक धनी वा हिताधिकारी व्यक्तिको ♠वित्तीय, गैरकानूनी आर्जन वा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आपराधिक

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा संशोधित।

संलग्नता लगायत अन्य योग्यताको उपयुक्तता मापन सम्बन्धी मापदण्ड बनाई लागू गर्ने वा गराउने,

(च) सूचक संस्थाको व्यवसायगत सुपरीवेक्षण (प्रुडेन्सियल सुपरभिजन) सम्बन्धी आधारभूत मान्यतामा अन्तरनिहित सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्थाको परिपालना गराउने,

(छ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन वा आदेशको व्यवस्था पालना भए नभएको सम्बन्धमा सूचक संस्थाको आवश्यकता अनुसार स्थलगत निरीक्षण (अनसाइट इन्स्पेक्सन), गैरस्थलगत सुपरीवेक्षण (अफसाइट सुपरभिजन) वा अनुगमन गर्ने,

(ज) सूचक संस्थालाई परिच्छेद-३ बमोजिमको दायित्व निर्वाह गर्न उपदफा (२) बमोजिम निर्देशन जारी गरी आवश्यक थप उपाय निर्धारण गर्ने वा गर्न लगाउने,

♠(झ) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण वा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पालना नगर्ने वा आंशिक रुपमा मात्र पालना गर्ने भनी अन्तर्राष्ट्रिय रुपमा पहिचान भएको मुलुकको ग्राहक, ग्राहक पहिचान, कारोबार, सो सम्बन्धमा सूचक संस्थाले गर्नु पर्ने जोखिम मूल्याङ्कन सम्बन्धमा आवश्यक निर्देशन वा मापदण्ड जारी गर्ने र सोको पालना भए वा नभएको अनुगमन गर्ने,

(ञ) सूचक संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन बमोजिमको दायित्व परिपालना

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

गराउन सूचक संस्थामा रहेको जुनसुकै प्रकारको सूचना, जानकारी तथा कागजात उपलब्ध गराउन आदेश दिने,

(ट) कसूरको अनुसन्धान सम्बन्धी कार्यमा आवश्यक सहयोग पुऱ्याउने,

(ठ) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर वा अन्य कुनै कसूरको शङ्का लागेको वा शङ्का गर्नु पर्ने मनासिब आधार भएमा सूचक संस्थाले दफा ७ध. बमोजिम शंकास्पद कारोबार पहिचान, मूल्याङ्कन, प्रतिवेदन दिने व्यवस्था गरी सोको प्रभावकारी कार्यान्वयन गरे नगरेको विशेष मूल्याङ्कन गर्ने,

♠(ड) सूचक संस्थाले शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन पेश नगरेको वा सूचक संस्थामा शङ्कास्पद कारोबार वा कार्य भएको देखिएमा सोको जानकारी वित्तीय जानकारी इकाईलाई दिने र कसूरजन्य कार्य भएको देखिएमा अनुसन्धानको लागि अधिकार प्राप्त अधिकारी समक्ष लेखी पठाउने,

Σ(ड१) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण वा विस्तारमा वित्तीय लगानी निवारण समेतका विषयको पालनाको सन्दर्भमा सम्बन्धित अन्तरसरकारी अन्तर्राष्ट्रिय संस्थाले सार्वजनिक गरेको वर्गीकरणको बारेमा नियमित रुपमा आफ्नो वेबसाइटमा सूचना प्रकाशन गर्ने,

(ढ) सूचक संस्थालाई सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा तालीमको व्यवस्था गर्ने वा गराउने, र

(ण) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा थप।

(२) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्य निवारण गर्न र सोसँग सम्बन्धित अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम कार्य गर्न वा गराउन नियमनकारी निकायले आवश्यकता अनुसार सूचक संस्थालाई आदेश वा निर्देशन जारी गर्न वा मापदण्ड बनाई लागू गराउन सक्नेछ।

Σ(२क) नियमनकारी निकायले आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण गर्ने सम्बन्धमा उपदफा (१) वा (२) बमोजिमको काम, कर्तव्य र अधिकारको समेत प्रयोग गर्नेछ।

(३) वित्तीय संस्थाको नियमन तथा सुपरीवेक्षण गर्ने नियमनकारी निकायले एकै समूह अन्तर्गत रही एकै वा फरक फरक प्रकृतिको व्यवसाय गर्ने सूचक संस्थाको स्वदेशी वा विदेशी नियमनकारी निकायसँग मिलेर संयुक्त रुपमा नियमन तथा सुपरीवेक्षण गर्न वा त्यस्ता सूचक संस्थाको नियमन तथा सुपरीवेक्षण सम्बन्धी सूचना तथा जानकारी आदान प्रदान गर्न सक्नेछ।

(४) नियमनकारी निकायले अन्य मुलुकको समान प्रकृतिको काम गर्ने निकायसँग सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण गर्ने सम्बन्धमा नियमन तथा सुपरीवेक्षण सम्बन्धी व्यवस्था, सूचना वा जानकारी लगायतका अन्य विषयमा आपसी सहयोग आदान प्रदान गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ।

(५) नियमनकारी निकायले सहयोग आदान प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७फ. **<u>सूचक संस्थालाई कारबाही गर्न सक्ने:</u>** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दफा ७प. को उपदफा (२) बमोजिम दिएको आदेश वा निर्देशन वा जारी गरेको मापदण्ड पालना नगर्ने सूचक संस्थालाई नियमनकारी निकायले देहाय बमोजिमको कुनै वा सबै कारबाही तथा सजाय गर्न सक्नेछः-

(क) लिखित रुपमा सचेत गराउने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको निर्देशिका वा दिएको आदेश वा निर्देशनको उल्लङ्घन गरेमा सोको गाम्भीर्यका

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

आधारमा क्यासिनो व्यवसायी तथा वित्तीय संस्थालाई  दश लाखदेखि पाँच करोड रुपैयाँसम्म र अन्य सूचक संस्थालाई एक लाखदेखि एक करोड रुपैयाँसम्म जरिवाना गर्ने,

Σ(ख१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा जारी गरेको निर्देशिका वा दिएको आदेश वा निर्देशनको पटक पटक उल्लङ्घन गरेमा त्यस्तो उल्लङ्घनको गम्भीरता, जोखिम तथा सूचक संस्थाको पुँजी वा वार्षिक कारोबारको आधारमा प्रत्येक उल्लङ्घन बापत खण्ड (ख) बमोजिमको अधिकतम जरिबाना गर्ने,

(ग) कारोबार, पेशा वा व्यवसाय गर्न आंशिक वा पूर्ण रुपमा रोक लगाउने,

(घ) अनुमतिपत्र, इजाजतपत्र वा दर्ता निलम्बन गर्ने, वा

(ङ) अनुमतिपत्र, इजाजतपत्र वा दर्ता खारेज गर्ने।

(२) सूचक संस्थालाई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिएको निर्देशन वा आदेशको उल्लङ्घनका सम्बन्धमा सजाय गर्न उपदफा (१) मा उल्लिखित सजाय पर्याप्त नहुने देखिएमा नियमनकारी निकायले प्रचलित कानून बमोजिमको उपयुक्त सजाय गर्न सक्नेछ।

(३) नियमनकारी निकायले सूचक संस्थालाई उपदफा (१) वा (२) बमोजिम सजाय गर्दा त्यस्तो सजाय प्रभावकारी, अनुपातिक तथा निरोधात्मक हुने गरी गर्नु पर्नेछ।

(४) नियमनकारी निकायले सूचक संस्थालाई यस दफा बमोजिम कारबाही वा सजाय गरेमा र त्यस्तो सजाय सूचक संस्थाको कुनै पदाधिकारी वा कर्मचारीको काम कारबाहीको कारणले भएको देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई सूचक संस्थाले प्रचलित कानून तथा त्यस्तो सूचक संस्थाको कानून बमोजिम आवश्यक कारबाही गर्नु  पर्नेछ।

Σ(४क) उपदफा (४) बमोजिम सूचक संस्थाले कारबाही नगरेमा नियमनकारी निकायले सूचक संस्थाको अधिकार प्रयोग गरी त्यस्तो पदाधिकारी वा कर्मचारीलाई आवश्यक कारबाही गरी त्यसरी कारबाही नगर्ने सूचक संस्थाको सञ्चालक वा सम्बन्धित पदाधिकारीलाई

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

परिपालनाको अवस्था, विषयको गाम्भीर्य र सूचक संस्थाको प्रकृति अनुसार उपदफा (१) को खण्ड (ख) बमोजिमको जरिबाना गर्न वा पदबाट हटाउन वा दुवै कारबाही गर्न सक्नेछ।

♠(५) नियमनकारी निकायले यस दफा बमोजिम कारबाही तथा सजाय गर्दा सूचक संस्था वा त्यस्तो संस्थाको पदाधिकारी वा कर्मचारीलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) नियमनकारी निकायले यस दफा बमोजिम गरेको कारबाही वा सजायमा चित्त नबुझ्ने ♠सूचक संस्था वा त्यस्तो संस्थाको कुनै पदाधिकारी वा कर्मचारीले पैंतीस दिनभित्र सम्बन्धित ⊗उच्च अदालत समक्ष पुनरावेदन दिन सक्नेछ।

**Σपरिच्छेद-३ख.**

**निर्देशक समिति तथा समन्वय समिति सम्बन्धी व्यवस्था**

७ब. **निर्देशक समितिः** (१) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी कामकारबाहीको प्रभावकारिताको अनुगमन तथा समीक्षा गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | | | |
|---|---|---|---|
| (क) | नेपाल सरकारको अर्थ मन्त्री | - | अध्यक्ष |
| (ख) | नेपाल सरकारको कानून मन्त्री | - | सदस्य |
| (ग) | महान्यायाधिवक्ता | - | सदस्य |
| (घ) | मुख्य सचिव, नेपाल सरकार | - | सदस्य |
| (ङ) | गभर्नर, राष्ट्र बैङ्क | - | सदस्य |
| (च) | समन्वय समितिको संयोजक | - | सदस्य |

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

⊗ केही नेपाल ऐन संशोधन गर्न ऐन, २०७२ द्वारा संशोधित।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा थप।

(छ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ज) सचिव, अर्थ मन्त्रालय - सदस्य-सचिव

(२) निर्देशक समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ।

(३) निर्देशक समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) निर्देशक समितिको बैठकको कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा समन्वय समितिबाट प्राप्त राष्ट्रिय नीति तथा कार्यक्रमको मस्यौदा पुनरावलोकन गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय नीति तथा कार्यक्रम कार्यान्वयन गराउने र सोको पुनरावलोकन गर्ने,

(ग) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहले सम्पादन गर्नु पर्ने कार्यको निर्धारण तथा समन्वय गर्ने र सोको लागि आवश्यक संयन्त्र निर्माण गर्ने,

(घ) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा यस ऐन बमोजिमको व्यवस्था कार्यान्वयन गर्न वा गराउन सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ङ) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा समन्वय समितिबाट प्राप्त राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्ने,

(च) वर्षभरिमा गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकारमा पेश गर्ने।

७भ. **समन्वय समितिः** (१) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यमा संलग्न निकायको कार्य प्रभावकारिता अभिवृद्धि गर्नको लागि कार्यात्मक समन्वय कायम गर्न वा गराउन देहाय बमोजिमको समन्वय समिति रहनेछः-

(क) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को - संयोजक

(ख) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) सचिव, गृह मन्त्रालय - सदस्य

(ङ) सचिव, परराष्ट्र मन्त्रालय - सदस्य

(च) सचिव, भूमि व्यवस्था, सहकारीतथा गरिबी निवारण मन्त्रालय - सदस्य

(छ) सचिव अख्तियार दुरुपयोग अनुसन्धान आयोग - सदस्य

(ज) नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - सदस्य

(झ) डेपुटी गभर्नर, राष्ट्र बैङ्क - सदस्य

(ञ) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी - सदस्य

(ट) प्रमुख, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग - सदस्य

नेपाल कानून आयोग

(ठ) प्रमुख, वित्तीय जानकारी इकाई - सदस्य-सचिव

(२) समन्वय समितिले सम्बद्ध निकायको पदाधिकारी वा विज्ञलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गरी निर्देशक समिति समक्ष पेश गर्ने,

(ख) क्षेत्रगत तथा राष्ट्रिय जोखिम मूल्याङ्कन गरी, गराई सोको एकीकृत प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्ने,

(ग) जोखिम मूल्याङ्कनको आधारमा सम्बन्धित निकाय वा संस्थालाई कार्ययोजना तथा मार्गदर्शन बनाई कार्यान्वयन गर्न लगाउने र त्यस्तो कार्ययोजना प्रभावकारी रूपमा कार्यान्वयन भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने,

(घ) सम्बद्ध निकाय बीच कार्यात्मक समन्वय कायम गर्न आवश्यक सुझाव वा निर्देशन दिने,

(ङ) निर्देशक समितिले गरेको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(च) यस ऐन बमोजिम राख्नु पर्ने विवरण वा सूचनाको सुरक्षा, गोपनीयता तथा प्रयोगको सम्बन्धमा आवश्यक मार्गदर्शन जारी गर्ने,

(छ) वित्तीय अपराध निवारणका सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने वा सोको नियन्त्रणका लागि सम्बन्धित निकायलाई सुझाव दिने, र

(ज) समन्वय सम्बन्धी अन्य कार्य गर्ने वा गराउने।

## परिच्छेद-४

## [└]...... वित्तीय जानकारी इकाईसम्बन्धी व्यवस्था

[¬]८ ....

[🕮]८क. [¬]....

[♠]९. **वित्तीय जानकारी इकाईः** (१) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी वा सम्बद्ध कसूर सम्बन्धी शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन वा सूचना प्राप्त गर्न, सोको विश्लेषण गर्न तथा विश्लेषणको निष्कर्ष प्रवाह गर्न स्वायत्त निकायको रुपमा वित्तीय जानकारी इकाई रहनेछ।

(२) गभर्नरले समन्वय समितिको परामर्शमा राष्ट्र बैङ्कमा कार्यरत कम्तीमा प्रथम श्रेणीका अधिकृतमध्येबाट तोकिए बमोजिमको योग्यता तथा अनुभव भएको अधिकृतलाई वित्तीय जानकारी इकाईको प्रमुखको रुपमा नियुक्त गर्नेछ र वित्तीय जानकारी इकाईको प्रमुख समन्वय समितिप्रति जवाफदेही हुनेछ।

(३) वित्तीय जानकारी इकाईको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र वित्तीय जानकारी इकाईले नेपाल सरकारको स्वीकृति लिई आवश्यकता अनुसार शाखा कार्यालय खोल्न सक्नेछ।

(४) वित्तीय जानकारी इकाईको छाप र सङ्गठन संरचना नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(५) वित्तीय जानकारी इकाईमा आवश्यकता अनुसार नियमनकारी निकाय, अनुसन्धान गर्ने निकाय तथा अन्य सम्बद्ध सरकारी संस्थाका कर्मचारी रहनेछन् र त्यस्ता कर्मचारी सम्बन्धित निकायले उपलब्ध गराउनु पर्नेछ।

---

[└] सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा झिकिएको।

[¬] सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा खारेज गरिएको।

[🕮] पहिलो संशोधनद्वारा थप।

[♠] सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

(६) वित्तीय जानकारी इकाईमा खटिने कर्मचारीको पारिश्रमिक तथा सुविधा त्यस्तो कर्मचारीको सेवाका सर्त सम्बन्धी कानून बमोजिम हुनेछ।

(७) वित्तीय जानकारी इकाईमा खटिएका कर्मचारीको कार्यसम्पादनको गुणस्तर सम्बन्धमा सो इकाईको प्रमुखले सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ र सम्बन्धित अख्तियारवालाले त्यस्तो कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सो कुराको आधारमा समेत मूल्याङ्कन गर्नु पर्नेछ।

(८) वित्तीय जानकारी इकाईलाई आवश्यक पर्ने बजेट, स्रोत तथा साधन राष्ट्र बैङ्कले उपलब्ध गराउनेछ।

(९) वित्तीय जानकारी इकाईमा खटाइने कर्मचारीमा हुनु पर्ने योग्यता तथा अनुभव, कर्मचारी परिचालन, जवाफदेहिता, प्रोत्साहन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) वित्तीय जानकारी इकाई सञ्चालन सम्बन्धी अन्य व्यवस्था निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

※१०. **वित्तीय जानकारी इकाईको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त वित्तीय जानकारी इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस ऐन बमोजिम निर्धारण गरिएको सीमा वा सो भन्दा बढीको कारोबारको विवरण प्राप्त गर्ने,

(ख) यस ऐन बमोजिम शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन प्राप्त गर्ने,

(ग) यस ऐन बमोजिम मुद्रा तथा धारक विनिमेय अधिकारपत्र सम्बन्धी विवरण प्राप्त गर्ने,

(घ) यस ऐन बमोजिम अन्य सूचना, कागजात तथा विवरण प्राप्त गर्ने,

(ङ) शंकास्पद कारोबार प्रतिवेदन लगायत यस ऐन बमोजिम प्राप्त अन्य प्रतिवेदन तथा जानकारीको विश्लेषण गर्ने,

※ दोस्रो संशोधनद्वारा संशोधित।

(च) खण्ड (ङ) बमोजिम विश्लेषण गर्दा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर वा अन्य कसूर सम्बन्धी शङ्का लागेमा विश्लेषणको निष्कर्ष ♠आफैं, अनुसन्धान अधिकारी वा अन्य सम्बन्धित निकायको अनुरोधमा त्यस्तो अधिकारी वा निकायमा प्रवाह गर्ने,

(छ) यस ऐन बमोजिमको सूचना दिने दायित्व भएका सूचक संस्था, सम्बद्ध निकाय, नियमनकारी निकाय तथा आफ्ना कर्मचारीलाई आवश्यकता अनुसार तालीमको व्यवस्था गर्ने,

(ज) शंकास्पद कारोबारको पहिचान, शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन तथा जानकारी समेतका सम्बन्धमा सूचक संस्था वा सम्बद्ध निकायलाई आवश्यक पृष्ठपोषण तथा मार्गदर्शन गर्ने,

(झ) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको प्रकार, कसूर गर्ने प्रविधि, पद्धति तथा प्रवृत्ति समेतका विवरण संलग्न गरी आफ्नो काम कारबाही सम्बन्धी वार्षिक प्रतिवेदन Σतथा रणनीतिक विश्लेषण प्रतिवेदन राष्ट्र बैङ्क मार्फत नेपाल सरकार समक्ष पेश गर्ने,

(ञ) शंकास्पद कारोबार पहिचान, मूल्याङ्कन, प्रतिवेदन प्रणाली तथा सोको प्रभावकारिताका सम्बन्धमा नियमनकारी निकायलाई आवश्यकता अनुसार सूचक संस्थाको निरीक्षण गर्न सहयोग गर्ने वा निरीक्षण सुपरीवेक्षणको प्रतिवेदन अध्ययन गरी पृष्ठपोषण दिने,

(ट) समान प्रकृतिको काम गर्ने विदेशी निकायसँग पारस्पारिकताको आधारमा सहयोग आदान प्रदान सम्बन्धी समझदारी कायम गर्ने, र

(ठ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा संशोधित।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा थप।

(२) वित्तीय जानकारी इकाईले समान प्रकृतिको काम गर्ने कुनै मुलुकको निकायसँग आवश्यक सूचना वा सहयोग माग गर्न वा आफैं वा कुनै मुलुकको समान प्रकृतिको काम गर्ने निकायको अनुरोधमा सूचना दिन वा अन्य सहयोग प्रदान गर्न सक्नेछ।

(३) वित्तीय जानकारी इकाईले उपदफा (२) बमोजिम आफूलाई प्राप्त सहयोग तथा सूचनाको प्रयोग गर्दा त्यस्तो सूचना वा सहयोग प्रदान गर्ने निकायले तोकिदिए बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ।

(४) वित्तीय जानकारी इकाईले उपदफा (२) बमोजिम कुनै मुलुकको समान प्रकृतिको काम गर्ने निकायलाई सूचना तथा सहयोग प्रदान गर्दा त्यस्तो सूचना वा सहयोगको प्रयोगको सम्बन्धमा तोकिए बमोजिमका शर्तहरु समेत उल्लेख गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम समान प्रकृतिको काम गर्ने कुनै मुलुकको निकायबाट प्राप्त सूचनाको सम्बन्धमा समेत दफा १०ख. बमोजिमको गोपनीयता सम्बन्धी व्यवस्था लागू हुनेछ।

(६) यस दफा बमोजिमको काम, कर्तव्य र अधिकार पूरा गर्ने क्रममा वित्तीय जानकारी इकाईले देहाय बमोजिम गर्न सक्नेछः—

(क) सूचक संस्थाबाट आवश्यक थप कागजात, अभिलेख, विवरण, सूचना तथा जानकारी माग गर्ने तथा प्राप्त गर्ने, वा

(ख) कुनै व्यावसायिक तथ्याङ्क वा सम्बद्ध निकाय, नियमनकारी निकाय, सार्वजनिक संस्थामा रहेको प्रशासनिक, वित्तीय वा कानून कार्यान्वयन सम्बन्धी सूचना, कागजात वा विवरणमा पहुँच प्राप्त गर्ने र त्यस्तो सूचना, कागजात वा विवरण माग गर्ने तथा प्राप्त गर्ने।

(७) शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन नदिने वा यस ऐन बमोजिम दिएको आदेश तथा तोकिदिएको शर्त पालना नगर्ने वा पेश गर्न आदेश दिएको कागजात वा जानकारी उपलब्ध नगराउने ♠वा दफा १०क. बमोजिमको कारोबार सम्बन्धी जानकारी नदिने, सो सम्बन्धी सूचनाको गोप्यता भङ्ग गर्ने वा तोकिएको समयमा सूचना वा जानकारी उपलब्ध

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा संशोधित।

नेपाल कानून आयोग

नगराउने सूचक संस्था वा त्यस्तो संस्थाको पदाधिकारी वा कर्मचारीलाई वित्तीय जानकारी इकाईले एक करोड रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(८) वित्तीय जानकारी इकाईले उपदफा (७) बमोजिम सूचक संस्थालाई जरिवाना गर्दा सम्बन्धित सूचक संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(९) वित्तीय जानकारी इकाईले उपदफा (७) बमोजिम गरेको जरिवानामा चित्त नबुझ्ने सूचक संस्थाले पैंतीस दिनभित्र सम्बन्धित ⊗उच्च अदालत समक्ष पुनरावेदन दिन सक्नेछ।

(१०) वित्तीय जानकारी इकाईले कुनै सूचक संस्थालाई उपदफा (७) बमोजिम जरिवाना गरेमा सात दिनभित्र सोको जानकारी नियमनकारी निकायलाई दिनु पर्नेछ।

❐१०क. **कारोबार सम्बन्धी *जानकारी दिनु पर्ने:** (१) कुनै व्यक्तिले एकमुष्ट वा पटक पटक गरी राष्ट्र बैङ्कले तोकेको अवधिभित्र सोही बैङ्कले तोकिदिएको सीमाभन्दा बढी रकमको कारोबार गरेमा सूचक संस्था तथा सरकारी निकायले त्यस्तो कारोबार भएको मितिले पन्ध्र दिनभित्र वित्तीय जानकारी इकाईलाई सो सम्बन्धी जानकारी उपलब्ध गराउनु पर्नेछ।

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनका लागि "सरकारी निकाय" भन्नाले मालपोत कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल सरकारले तोकेको अन्य सरकारी निकाय सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको जानकारी उपलब्ध गराउने ╚.....ढाँचा, पद्धति तथा कार्यविधि वित्तीय जानकारी इकाईले तोकिदिए बमोजिम हुनेछ।

❐१०ख. **सूचनाको गोपनीयता कायम गर्नु पर्ने:** (१) वित्तीय जानकारी इकाईमा प्राप्त दफा १०क. बमोजिमको कारोबार सम्बन्धी प्रतिवेदन, शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन तथा सूचना, कागजात, विवरण गोप्य रहने छन् र त्यस्तो सूचनाको विश्लेषणबाट प्राप्त निष्कर्ष कसूरको अनुसन्धान गर्दा सूचनाको स्रोत (इन्टेलिजेन्स) वा सो निष्कर्ष प्रवाह गर्दा तोकिदिएको शर्तको अधीनमा रही प्रयोग गर्नु पर्नेछ।

---

⊗ केही नेपाल ऐन संशोधन गर्न ऐन, २०७२ द्वारा संशोधित।

❐ दोस्रो संशोधनद्वारा थप।

╚ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा झिकिएको।

(२) यस ऐनमा अन्यथा लेखिएकोमा वा अदालतले आदेश दिएकोमा बाहेक वित्तीय जानकारी इकाईमा बहाल रहेको वा बहाल टुटेको कुनै पनि कर्मचारीले आफ्नो कामको सिलसिलामा थाहा पाएको जानकारी आफू वित्तीय जानकारी इकाईमा नरहेको अवस्थामा समेत गोप्य राख्नु पर्नेछ।

(३) वित्तीय जानकारी इकाईले यस ऐन बमोजिम प्राप्त सूचना, कागजात, विवरण सोको प्रयोग, विश्लेषण, प्रवाह, समान प्रकृतिको कार्य गर्ने विदेशी निकायसँग आदान प्रदान गर्ने, सो उपर पहुँच कायम गर्ने तथा त्यस्ता सूचना, कागजात वा विवरण गोप्य, सुरक्षित र व्यवस्थित राख्ने माध्यम विकास तथा प्रयोग गर्ने सम्बन्धमा आवश्यक कार्यविधि बनाई लागू गर्नु पर्नेछ।

(४) यस ऐन बमोजिम सूचक संस्था तथा अन्य सम्बद्ध निकायले वित्तीय जानकारी इकाईलाई दिनु पर्ने प्रतिवेदन, सूचना वा जानकारीको ढाँचा, माध्यम, समय तथा कार्यविधि सम्बन्धमा वित्तीय जानकारी इकाईले आवश्यक निर्देशिका जारी गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम जारी गरिएको निर्देशिका वित्तीय जानकारी इकाईको वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद-५

## विभागको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

११. **विभागको स्थापनाः** (१) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान गर्न नेपाल सरकारले एक सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना गर्नेछ।

(२) विभागको प्रमुखको रुपमा निजामती सेवाको 🕮कम्तीमा प्रथम श्रेणीको अधिकृत रहनेछ।

(३) विभागको सङ्गठनात्मक स्वरुप र विभागलाई आवश्यक पर्ने कर्मचारीको दरबन्दी नेपाल सरकारले तोके बमोजिम हुनेछ।

---

🕮 पहिलो संशोधनद्वारा थप।

※(४) नेपाल सरकारले विभागलाई आवश्यक पर्ने विशेषज्ञ कर्मचारी सम्बन्धित निकाय तथा सार्वजनिक संस्थाबाट माग गरी उपलब्ध गराइ दिन सक्नेछ।

※१२. **<u>अनुसन्धान सम्बन्धी सहयोग आदान प्रदान गर्न सक्नेः</u>** (१) कुनै मुलुकको समान प्रकृतिको काम गर्ने निकायले माग गरेमा वा विभाग आफैंले आवश्यक ठानेमा पारस्पारिकताका आधारमा विभागले सम्पत्ति शुद्धीकरण तथाआतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको सम्बन्धमा गरेको अनुसन्धान सम्बन्धी सूचना आदान प्रदान गर्न सक्नेछ।

(२) विभागले आवश्यक ठानेमा कुनै मुलुकको समान प्रकृतिको काम गर्ने निकायसँग मिलेर सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको संयुक्त रुपमा अनुसन्धान गर्न वा गराउन सक्नेछ।

(३) विभागले उपदफा (१) वा (२) बमोजिमको सहयोग आदान प्रदान गर्ने विधि, शर्त तथा प्रकृया निर्धारण गर्न समान प्रकृतिका काम गर्ने विदेशी निकायसँग आवश्यकता अनुसार आपसी समझदारी कायम गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम समान प्रकृतिको काम गर्ने कुनै मुलुकको निकायबाट प्राप्त सूचनाको सम्बन्धमा समेत दफा २६ बमोजिमको गोप्यताभंग गर्न नहुने सम्बन्धी व्यवस्था समान रुपले लागू हुनेछ।

(५) अनुसन्धान सम्बन्धी सहयोग आदान प्रदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## <u>अनुसन्धान सम्बन्धी व्यवस्था</u>

१३. **<u>उजूरी गर्न सकिनेः</u>** ♠(१) देहायको कसूर कसैले गरेको, गर्न लागेको वा गरिरहेको कुरा थाहा पाउने कुनै पनि व्यक्तिले यथाशीघ्र देहायको कार्यालयमा लिखित वा मौखिक रुपमा वा विद्युतीय माध्यमबाट उजुरी वा सूचना दिनु पर्नेछः-

---

※ दोस्रो संशोधनद्वारा संशोधित।

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

(क) आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण र विस्तारमा वित्तीय लगानीसँग सम्बन्धित कसूर भएमा प्रहरी कार्यालयमा,

(ख) सम्बद्ध कसूरसँग सम्बन्धित सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर भएमा प्रचलित कानून बमोजिम सम्बद्ध कसूरमा अनुसन्धान गर्ने कार्यालयमा,

⊛(ग) सम्बद्ध कसूरसँग सम्बन्धित नभएको सम्पत्ति शुद्धीकरण सम्बन्धी विषय भए विभागमा।

Σ(१क) उपदफा (१) बमोजिमको उजुरी वा सूचना अनुसन्धान गर्न अधिकारप्राप्त कार्यालय वा निकायभन्दा अन्य निकाय वा कार्यालयमा प्राप्त हुन आएमा त्यस्तो कार्यालय वा निकायले त्यस्तो उजुरी वा सूचना दर्ता गरी आवश्यक कारबाहीको लागि तत्काल सम्बन्धित कार्यालय वा निकायमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको उजूरी, निवेदन, जानकारी वा सूचना लिखित रुपमा प्राप्त भएमा ♠अनुसन्धान गर्ने कार्यालयले त्यस्तो सूचना दर्ता गर्नु पर्नेछ र मौखिक रुपमा प्राप्त भएकोमा त्यस्तो उजूरी, सूचना वा जानकारीलाई लिखित रुप दिई दर्ता गर्नु पर्नेछ।

❐तर आफ्नो नाम, ठेगाना गोप्य राख्ने गरी कसैले उजूरी दिएकोमा उजूरी दर्ता गर्दा उजूरीकर्ताको नाम ठेगानाको सट्टा ♠उजुरी परेको कार्यालयको प्रमुखले तोकिदिए बमोजिमको सङ्केत राखी त्यस्तो उजूरी दर्ता गर्नु पर्नेछ।

❐(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर गरेको, गर्न लागेको वा गरिरहेको कुरा विभाग वा विभागको कुनै कर्मचारीलाई कुनै व्यहोराले थाहा हुन आएमा त्यस्तो व्यहोरालाई उजूरीको रुपमा दर्ता गर्नु पर्नेछ।

---

⊛ तेस्रो संशोधनद्वारा संशोधित।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा थप।

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

❐ दोस्रो संशोधनद्वारा थप।

❐(४) उपदफा (१) वा (२) बमोजिम प्राप्त भएको उजुरीको औचित्यता हेरी उजुरी सनाखत गराउनु पर्ने देखिएमा सम्बन्धित उजुरीकर्तालाई झिकाई सनाखत गराउन सकिनेछ।

❐(५) उपदफा (४) बमोजिम सनाखत गर्ने व्यक्तिले आफ्नो नाम, ठेगाना गोप्य राख्न चाहेमा निजको नाम, ठेगाना गोप्य राख्नु पर्नेछ।

⌘१४. **प्रारम्भिक जाँचबुझ गर्ने:** (१) दफा १३ बमोजिम उजूरी वा दफा १० बमोजिम वित्तीय जानकारी इकाईबाट विश्लेषणको निष्कर्ष सहितको जानकारी प्राप्त भएमा ♠उजुरी परेको कार्यालयको प्रमुखले त्यस्तो उजूरी वा सूचनाका सम्बन्धमा प्रारम्भिक जा"चबुझ गर्नु वा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक जाँचबुझ गराउन ♠उजुरी परेको कार्यालयको प्रमुखले त्यस्तो उजूरी वा जानकारीको प्रकृति हेरी उपयुक्त समय दिई मातहतको कुनै अधिकृतलाई खटाउन सक्नेछ।

(३) प्रारम्भिक जाँचबुझ गर्दा जाँचबुझ अधिकृतले यस ऐन अन्तर्गत अनुसन्धान अधिकृतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ।

Σ१४क. **सम्बद्ध कसूरमा अनुसन्धान गर्न लेखी पठाउने वा टोली गठन गर्न सक्ने:** (१) दफा १३ को उपदफा (१) को खण्ड (ग) बमोजिम पर्न आएको उजुरी उपर विभागले जाँचबुझ गर्दा त्यस्तो उजुरीमा सम्बद्ध कसूर भए वा नभएको सम्बन्धमा समेत जाँचबुझ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा सम्बद्ध कसूर भएको देखिएमा त्यस्तो कसूरको अनुसन्धान गर्ने निकायमा अनुसन्धानको लागि लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अतिरिक्त दुई वा सोभन्दा बढी सम्बद्ध कसूरमा अनुसन्धान गर्नु पर्ने देखिएको र कसूर गम्भीर वा जटिल प्रकृतिको देखिएको वा त्यस्तो सम्बद्ध कसूरको अनुसन्धान अधिकारी फरक फरक

---

❐ दोस्रो संशोधनद्वारा थप।

⌘ दोस्रो संशोधनद्वारा संशोधित।

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा संशोधित।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

निकाय रहेको वा कसूरको प्रकृतिको आधारमा दुई वा सोभन्दा बढी निकाय वा सार्वजनिक संस्था समेतको सहभागितामा अनुसन्धान गर्नु पर्ने देखिएमा विभागको प्रमुखले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सार्वजनिक संस्थाको प्रमुखसँग परामर्श गरी विभाग, त्यस्तो निकाय वा संस्थाको प्रतिनिधि रहने गरी संयुक्त अनुसन्धान टोली गठन गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम विभागबाट अनुसन्धानको लागि लेखी आएको निकायले र उपदफा (३) बमोजिम गठित संयुक्त अनुसन्धान टोलीले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा अनुसन्धान गर्दा यस ऐन बमोजिम अनुसन्धान अधिकारीलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम गठन भएको संयुक्त अनुसन्धान टोलीले अनुसन्धान पूरा गरेपछि सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर र सम्बद्ध कसूरको एकीकृत अनुसन्धान प्रतिवेदन तयार गरी मुद्दा दायर गर्ने प्रयोजनको लागि सम्बद्ध कसूरमा अनुसन्धान गर्ने निकायमा पठाउनु पर्नेछ।

(६) उपदफा (२) बमोजिम सम्बन्धित निकायले अनुसन्धान पूरा गरेपछि दफा २२ को उपदफा (१) बमोजिम अनुसन्धान प्रतिवेदन तयार गरी सम्बन्धित सरकारी वकिलको कार्यालयमा पठाउनु पर्नेछ।

(७) उपदफा (३) बमोजिम गठन हुने संयुक्त अनुसन्धान टोली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

♠१५. **सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा समेत अनुसन्धान गर्नेः** (१) अनुसन्धान अधिकारीले सम्बद्ध कसूरमा अनुसन्धान गर्दा अनुसन्धान गरिएको व्यक्तिले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गरेको देखेमा सोको जानकारी यथाशीघ्र विभागलाई दिनु पर्नेछ।

तर प्रचलित कानून बमोजिम सम्बद्ध कसूरमा अनुसन्धान गर्न अधिकारप्राप्त संवैधानिक निकायले यस ऐन बमोजिम सम्पत्ति शुद्धीकरणको अनुसन्धान गर्दा वा दफा १४क. को उपदफा (२) बमोजिम लेखी आएको निकायले सो विषयमा अनुसन्धान गर्दा त्यस्तो जानकारी विभागलाई दिन आवश्यक हुने छैन।

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा संशोधित।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त हुन आएमा विभागले त्यस्तो जानकारी प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दफा १४क. को उपदफा (३) बमोजिमको अवस्था देखिएमा अनुसन्धान टोली गठन गर्न, सम्बद्ध कसूरको अनुसन्धान गर्ने अधिकारीसँग समन्वय गरी सम्पत्ति शुद्धीकरणको कसूरमा अनुसन्धान गर्न विभागको कुनै अधिकृतलाई अनुसन्धान अधिकारी नियुक्त गरी अनुसन्धान गर्न वा सम्बद्ध कसूरको अनुसन्धान गर्ने कार्यालयलाई सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरसँग सम्बन्धित कुनै विषयमा थप अनुसन्धान गर्न वा अनुसन्धान प्रभावकारी बनाउनको लागि आवश्यक सुझाव दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुसन्धान टोली गठन गरेकोमा विभागले सोको जानकारी सम्बन्धित अनुसन्धान गर्ने निकायलाई दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम अनुसन्धान टोली गठन भएकोमा सो टोलीले दफा १४क. को उपदफा (५) बमोजिमको एकीकृत प्रतिवेदन तयार गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको एकीकृत अनुसन्धान प्रतिवेदन मुद्दा दायर गर्ने प्रयोजनको लागि सम्बद्ध कसूरमा अनुसन्धान गर्ने सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(६) अन्य मुलुकसँग सहयोग आदानप्रदान वा समन्वय गरी अनुसन्धान गर्नु पर्ने वा गम्भीर प्रकृतिको सम्बद्ध कसूर जोडिएको कसूर बाहेक यस ऐन बमोजिमको अन्य सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान सुरु भएको मितिले एक वर्षभित्र पूरा गर्नु पर्नेछ।

Σ१५क. **यस ऐन बमोजिम अनुसन्धान गर्न सक्नेः** अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको अनुसन्धान अधिकारीले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा अनुसन्धान गरी मुद्दा दर्ता गर्नु पर्ने भएमा सो कसूरसँग सम्बन्धित सम्बद्ध कसूरको हकमा समेत यस ऐन बमोजिमको अधिकार र कार्यविधिको अवलम्बन गर्न सक्नेछ।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

※१६. **<u>अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकारः</u>** (१) ♠<u>अनुसन्धान गर्ने कार्यालयको प्रमुख</u>को सामान्य निर्देशन र नियन्त्रणमा रही यस ऐनको प्रयोजनका लागि अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कुनै सरकारी निकाय, नियमनकारी निकाय, सूचक संस्था वा सम्बन्धित व्यक्तिसँग रहेको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरसँग सम्बन्धित कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी पेश गर्न आदेश दिने,

(ख) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरसँग सम्बन्धित कुनै कागजात, लिखत, दशी, प्रमाण वा कसूरसँग सम्बन्धित साधन रहे भएको देखिएमा वा विश्वास गर्नु पर्ने मनासिब आधार भएमा तोकिए बमोजिमको सूचना दिई कुनै सरकारी निकाय, नियमनकारी निकाय, सूचक संस्था, व्यक्ति वा अन्य जुनसुकै स्थानको खानतलासी लिने तथा सम्बन्धित व्यक्ति वा पदाधिकारीलाई भरपाइ दिई त्यस्तो कागजात, लिखत, दशी, प्रमाण वा कसूरसँग सम्बन्धित साधन वा कसूरबाट प्राप्त सम्पत्ति बरामद गरी नियन्त्रणमा लिने,

(ग) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर गरेको आरोप लागेको वा कसूरमा संलग्न भएको वा सोको शंका गर्नु पर्ने मनासिब आधार भएको व्यक्ति फरार हुने वा कुनै प्रमाण लोप वा नाश गर्न सक्ने वा अनुसन्धानको कारबाहीमा बाधा अवरोध गर्ने वा प्रतिकूल प्रभाव पार्न सक्ने मनासिब आधार भएमा निजलाई पक्राउ गरी प्रचलित कानून बमोजिम थुनामा राख्ने,

(घ) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरका सम्बन्धमा जानकारी भएको वा हुन सक्ने मनासिब आधार भएको व्यक्तिसँग जानकारी, बयान वा तितम्बा बयान लिने,

---

※ दोस्रो संशोधनद्वारा संशोधित।

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

(ङ) खण्ड (घ) बमोजिम जानकारी, बयान वा ततिम्बा बयान लिँदा त्यस्तो व्यक्तिसँग थप जानकारी लिनु पर्ने देखिएमा खोजेका बखत हाजिर हुने गरी कागज गराई छाड्ने वा जमानत माग गर्ने र जमानत नदिएमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राख्ने,

(च) दफा १८ बमोजिम कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धित साधन रोक्का राख्न वा नियन्त्रणमा लिन त्यस्तो सम्पत्ति वा साधनको पूर्ण तथा प्रभावकारी पहिचान गर्ने, पत्ता लगाउने तथा मूल्याङ्कन गर्ने,

(छ) विदेशी वित्तीय जानकारी इकाईसँग कुनै सूचना हुन सक्ने लागेमा वित्तीय जानकारी इकाईमा लेखी पठाउने, र

(ज) तोकिएको अन्य कार्य गर्ने।

(२) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धानको क्रममा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई अनुसन्धान अधिकृतको प्रतिवेदनका आधारमा ♠अनुसन्धान गर्ने कार्यालयको प्रमुखले पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर गर्न मद्दत गर्ने उद्देश्यले सम्पत्ति वा साधन रोक्का राख्न दफा १८ बमोजिम जारी गरेको आदेश पालना नगरेको देखिएमा त्यस्तो व्यक्ति विरुद्ध सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरमा अनुसन्धान गर्न तथा मुद्दा चलाउन बाधा पर्ने छैन।

१७. **अनुसन्धानका लागि थुनामा राख्ने:** ✻(१) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको आरोप लागेको वा कसूरमा संलग्न भएको वा सोको शंका गर्नु पर्ने मनासिब आधार भएको व्यक्तिलाई थुनामा राख्दा प्रचलित कानून बमोजिम थुनुवा पुर्जी दिनु पर्नेछ।

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा संशोधित।

✻ दोस्रो संशोधनद्वारा संशोधित।

⁕(२) कुनै व्यक्तिलाई सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धानको लागि थुनामा राख्दा बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र अनुसन्धान अधिकृतले मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई त्यस्तो अधिकारीको अनुमति लिई थुनामा राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमतिको लागि पेश गर्दा ⁕अनुसन्धान अधिकृतले मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ वा थुनामा परेको व्यक्तिलाई लागेको अभियोग, त्यसको कारण तथा आधार, निजको बयान भएको भए बयानको व्यहोरा तथा निजलाई थुनामै राखी अनुसन्धान गर्नु पर्ने कारण स्पष्टरुपमा उल्लेख गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम थुनामै राखी अनुसन्धान गर्न माग गरिएकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजात हेरी अनुसन्धान सन्तोषजनक रुपमा भए वा नभएको विचार गरी अनुसन्धान सन्तोषजनक रुपमा भइरहेको देखिएमा एकैपटक वा पटक पटक गरी तीस दिनमा नबढ्ने गरी नब्बे दिनसम्म थुनामा राख्न अनुमति दिन सक्नेछ।

(५) उपदफा (२) बमोजिम थुनामा राख्न अनुमति माग गरिएकोमा थुनामा रहेको व्यक्तिले थुनामा रहन नपर्ने कारण र आधार खुलाई मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

❒(६) यस दफा बमोजिम अनुसन्धान अधिकृतले कसैलाई पक्राउ गर्नु पर्दा, थुनामा राख्नु पर्दा वा म्याद थप गर्न मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउँदा सो गर्नु अगावै सोको जानकारी ♠आफ्नो कार्यालयको प्रमुखलाई दिनु पर्नेछ।

तर कुनै व्यक्तिलाई तत्काल पक्राउ गर्नु पर्ने भएमा अनुसन्धान अधिकृतले त्यस्तो व्यक्तिलाई तत्काल पक्राउ गरी सोको जानकारी यथाशीघ्र ♠आफ्नो कार्यालयको प्रमुखलाई दिनु पर्नेछ।

⁕१८. **रोक्का राख्ने वा नियन्त्रणमा लिने:** (१) अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा देहायको सम्पत्ति वा साधन र सोसँग सम्बन्धित भएको शङ्का गर्नु पर्ने मनासिब आधार भएको

---

❒ दोस्रो संशोधनद्वारा थप।

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

⁕ दोस्रो संशोधनद्वारा संशोधित।

सम्पत्ति वा साधन जो सुकैको नाम, भोग, स्वामित्व वा कुनै पनि प्रकारको हित रहे भएको भए तापनि रोक्का राख्न वा नियन्त्रणमा लिन सक्नेछः-

(क) शुद्धीकरण गरिएको सम्पत्ति,

(ख) सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गर्न प्रयोग गरिएको वा प्रयोग गर्न खोजिएको कसूरसँग सम्बन्धित साधन,

(ग) आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरबाट प्राप्त सम्पत्ति,

(घ) आतङ्ककारी कार्यमा वित्तीय लगानीको लागि वा आतङ्ककारी कार्य वा आतङ्ककारी व्यक्ति, आतङ्ककारी संगठनले प्रयोग गरेको वा प्रयोग गर्न छुट्याइएको वा प्रयोग गर्न खोजिएको सम्पत्ति वा कोष, वा

(ङ) आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर गर्न प्रयोग गरिएको वा प्रयोग गर्न खोजिएको कसूरसँग सम्बन्धित साधन।

Σ(१क) उपदफा (१) बमोजिम कुनै सम्पत्ति वा साधन एक वर्षभन्दा बढी रोक्का राख्नु वा नियन्त्रणमा लिनु परेमा अदालतको अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्ति वा साधन लुकाएको, उपभोग गरेको, निःसर्ग गरेको वा अन्य कुनै कारणले रोक्का राख्न वा नियन्त्रणमा लिन नसकिने भएमा अनुसन्धान अधिकृतले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको शंका लागेको व्यक्तिको सोही मूल्य बराबर हुन सक्ने अन्य सम्पत्ति रोक्का राख्नु वा नियन्त्रणमा लिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम सम्पत्ति वा साधन रोक्का राख्ने वा नियन्त्रणमा लिने सम्बन्धमा अनुसन्धान अधिकृतले देहाय बमोजिम गर्न सक्नेछः-

(क) त्यस्तो सम्पत्ति वा साधन आफैले नियन्त्रणमा लिने वा सम्बन्धित सरकारी निकाय मार्फत नियन्त्रणमा लिन आदेश जारी गर्ने, वा

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

(ख) त्यस्तो सम्पत्ति वा साधन सम्बन्धित व्यक्तिलाई कुनै सूचना नदिई एकतर्फी रुपमा रोक्का राख्न आदेश जारी गरी सम्बन्धित निकायलाई लेखि पठाउने।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकृतले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धानको क्रममा उपस्थित हुन दिएको सूचना बमोजिमको म्यादभित्र वा दफा ४० बमोजिम तामेल भएको म्यादभित्र उपस्थित नहुने व्यक्तिको सम्पत्ति निज अनुसन्धान अधिकृत समक्ष उपस्थित नभएसम्मको लागि रोक्का राख्न आदेश दिन सक्नेछ।

(५) उपदफा (३) को खण्ड (ख) वा उपदफा (४) बमोजिम कुनै सम्पत्ति वा साधन रोक्का राख्न लेखी पठाएकोमा त्यस्तो सम्पत्ति वा साधन जिम्मा लिने वा नियन्त्रणमा राख्ने व्यक्ति, निकाय वा संस्थाले सो सम्पत्ति वा साधन कसैले हस्तान्तरण गर्न, धितो वा बन्धक दिन, बिक्री वा वितरण गर्न वा अन्य कुनै कारोबार गर्न वा अन्य लाभ लिन नपाउने व्यवस्था गर्नु पर्नेछ।

(६) अनुसन्धान अधिकृतले उपदफा (३) वा (४) बमोजिम सम्पत्ति वा साधन रोक्का राख्नु वा नियन्त्रणमा लिनु अगावै ♠अनुसन्धान गर्ने कार्यालयको प्रमुखलाई जानकारी दिनु पर्नेछ।

तर अनुसन्धानको सिलसिलामा कुनै सम्पत्ति वा साधन तत्काल रोक्का राख्नु वा नियन्त्रणमा लिनु पर्ने भएमा त्यस्तो सम्पत्ति वा साधन तत्काल रोक्का राख्ने आदेश जारी गरी वा नियन्त्रणमा लिई यथाशीघ्र सोको जानकारी ♠अनुसन्धान गर्ने कार्यालयको प्रमुखलाई दिनु पर्नेछ।

(७) यस दफा बमोजिम सम्पत्ति वा साधन रोक्का राखेमा वा नियन्त्रणमा लिएमा अनुसन्धान अधिकृतले तीन दिनभित्र सोको लिखित जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा संशोधित।

(८) यस दफा बमोजिम सम्पत्ति वा साधन रोक्का राखेको वा नियन्त्रणमा लिएको विषयमा चित्त नबुझेमा सम्बन्धित व्यक्तिले दफा २२ को उपदफा (२) बमोजिम तोकिएको अदालत समक्ष रोक्का भएको सम्पत्ति वा साधन फुकुवा गर्न निवेदन गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम निवेदन परेमा र उपदफा (१) वा (४) बमोजिम नियन्त्रण वा रोक्का रहेको सम्पत्ति वा साधन निवेदकको सम्पत्ति भएको देखिएमा तथा देहायको अवस्था विद्यमान भएमा अदालतले रोक्का राखेको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन फुकुवा गरिदिन सक्नेछः-

(क) निवेदक सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कुनै कसूरमा संलग्न भएको नदेखिएमा,

(ख) त्यस्तो सम्पत्ति वा साधन सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कुनै कसूरबाट प्राप्त सम्पत्ति वा साधन भएको वा त्यस्तो शंका गर्नु पर्ने मनासिब आधार नभएमा, र

(ग) त्यस्तो सम्पत्ति वा साधन निवेदकले गरेको अन्य कुनै कसूरसँग सम्बन्धित भएको नदेखिएमा।

(१०) कसैले दफा ३४ बमोजिम जफत हुन सक्ने सम्पत्ति वा साधनको जफतमा प्रतिकूल असर पर्ने गरी कुनै करारीय वा अन्य दायित्व सिर्जना गर्न खोजेको देखिएमा त्यस्तो कार्य रोक्न वा गरिसकेको भए त्यस्तो कार्य बदर गराउन अनुसन्धान अधिकृतलाई आवश्यक कारबाही चलाउने अधिकार हुनेछ।

(११) अनुसन्धान अधिकृतले यस दफा बमोजिम सम्पत्ति वा साधन नियन्त्रणमा लिएमा वा रोक्का राखेमा सो गरेको मितिले सातदिन भित्र सो कुराको प्रतिवेदन मुद्दा हेर्ने अधिकारी समक्ष दिनु पर्नेछ।

(१२) उपदफा (११) बमोजिम प्रतिवेदन प्राप्त भएमा मुद्दा हेर्ने अधिकारीले सो सम्बन्धमा आवश्यक र उपयुक्त आदेश दिन सक्नेछ।

(१३) यस दफा बमोजिम सम्पत्ति वा साधन रोक्का राख्ने वा नियन्त्रणमा लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

⌘१९. **<u>सम्बन्धित मुलुकलाई अनुरोध गर्नेः</u>** (१) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान गर्दा दफा १८ बमोजिम रोक्का राख्नु वा नियन्त्रणमा लिनु पर्ने देखिएको कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धित साधन विदेशमा रहे भएको देखिएमा विभागले त्यस्तो व्यक्तिको सम्पत्ति रोक्का राख्न वा नियन्त्रणमा लिन सम्बन्धित मुलुकमा प्रचलित कानून बमोजिम तत्काल लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी पठाउँदा विभागले त्यस्तो व्यक्ति र निजको सम्पत्ति वा साधन रहे भएको स्थान वा बैङ्क वा वित्तीय संस्थाको जानकारी उपलब्ध भएमा सो समेत खुलाउनु पर्नेछ।

❒१९क. **<u>कारोबारको नियमित अनुगमन गर्न सक्नेः</u>** (१) अनुसन्धान अधिकृतले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान भैरहेको कुनै व्यक्तिको कारोबारको नियमित रुपमा अनुगमन गरी प्रतिवेदन पेश गर्न सूचक संस्थालाई निरन्तर अनुगमन आदेश (कन्टिन्यू मोनिटरिङ अर्डर) दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश दिँदा सामान्यतया तीन महिनाभन्दा बढी नहुने गरी दिनु पर्नेछ।

(३) यस दफा बमोजिम आदेश भएमा सूचक संस्थाले सम्बन्धित व्यक्तिको कारोबारको नियमित रुपमा अनुगमन गरी त्यस्तो व्यक्तिको कारोबार सम्बन्धी प्रतिवेदन विभागले तोके बमोजिम पठाउनु पर्नेछ।

❒१९ख. **<u>राहदानी वा ट्राभल डकुमेण्ट रोक्का राख्न सक्नेः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकृतले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरमा अनुसन्धान भैरहेको कुनै व्यक्तिको नाममा राहदानी वा ट्राभलर डकुमेण्ट जारी नगर्न वा जारी भइसकेको भए रोक्का राख्न सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ।

---

⌘ दोस्रो संशोधनद्वारा संशोधित।

❒ दोस्रो संशोधनद्वारा थप।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले त्यस्तो व्यक्तिलाई जारी नभइसकेको भए निजको नाममा राहदानी वा ट्राभलर डकुमेण्ट जारी गर्न हुँदैन र जारी भइसकेको भए त्यस्तो व्यक्तिको राहदानी वा ट्राभलर डकुमेण्ट रोक्का राख्नु पर्नेछ।

♠१९ग. **विशेष अनुसन्धान विधि अवलम्बन गर्न सक्नेः** (१) अनुसन्धान अधिकारीले अनुसन्धान गर्ने कार्यालयको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको अधिकृतको प्रत्यक्ष निगरानीमा सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धी कसूर वा सम्बद्ध कसूरको अनुसन्धान गर्दा विशेष अनुसन्धानका देहायका कुनै वा सबै विधि अवलम्बन गर्न सक्नेछः-

(क) नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलिभरी),

(ख) सुराकी परिचालन,

(ग) गुप्त अनुसन्धान कारबाही (अण्डर कभर अपरेसन),

(घ) टेलिफोन वा सञ्चार माध्यमको विवरण प्राप्त गर्ने (इन्टरसेप्सन),

(ङ) थप प्रमाण तथा सूचना हासिल गर्ने उद्देश्यले तत्काल पक्राउ नगर्ने (अरेस्ट वेभर),

(च) कम्प्युटर वा अन्य विद्युतीय साधनको संरचना वा प्रणालीमा पहुँच,

(छ) तोकिए बमोजिमका अन्य विशेष अनुसन्धान विधि।

(२) उपदफा (१) को खण्ड (घ) वा (च) बमोजिमको विधि अवलम्बन गर्दा अदालतको पूर्वअनुमति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अनुसन्धानको क्रममा प्राप्त विवरण सोही कसूरको अनुसन्धान र अभियोजन बाहेक अन्य कार्यमा प्रयोग गर्न वा सार्वजनिक गर्न पाइने छैन।

(४) यस दफा बमोजिमको विशेष अनुसन्धान विधि अवलम्बन सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा संशोधित।

※२०. **सुरक्षित राख्नु पर्ने:** सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतले यस परिच्छेद बमोजिम नियन्त्रणमा लिएको सम्पत्ति, साधन तथा सोसँग सम्बन्धित लिखत ˪......सुरक्षित राख्नु पर्नेछ।

२१. **सम्बन्धित निकायको सहयोग लिन सकिने:** (१) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धानको सिलसिलामा ♠अनुसन्धान गर्ने कार्यालयले आवश्यकता अनुसार कुनै निकाय वा सार्वजनिक संस्थाको सहयोग माग गर्न सक्नेछ र ♠अनुसन्धान गर्ने कार्यालयले यसरी सहयोग मागेका बखत सहयोग गर्नु त्यस्तो निकाय वा संस्थाको कर्तव्य हुनेछ।

(२) ♠अनुसन्धान गर्ने कार्यालयले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरमा अनुसन्धान गर्ने सिलसिलामा नेपाल प्रहरीको समेत सहयोग माग्न सक्छ। ♠अनुसन्धान गर्ने कार्यालयले यसरी सहयोग मागेमा सहयोग गर्नु सम्बन्धित प्रहरी अधिकृत वा कर्मचारीको कर्तव्य हुनेछ।

(३) ♠अनुसन्धान गर्ने कार्यालयले अनुसन्धान गर्न लागेको कसूरको प्रकृतिबाट कुनै निकायमा कार्यरत कुनै विशेषज्ञसँग परामर्श गर्नु पर्ने वा त्यस्तो विशेषज्ञलाई समेत अनुसन्धानमा संलग्न गराउनु पर्ने देखेमा निजलाई केही अवधिको लागि काजमा पठाइदिन सम्बन्धित निकायसँग अनुरोध गर्न सक्नेछ र यसरी अनुरोध भई आएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो निकायले ♠अनुसन्धान गर्ने कार्यालयलाई सम्बन्धित विशेषज्ञ उपलब्ध गराई दिनु पर्नेछ।

♠२२. **मुद्दा दायर गर्ने:** (१) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर सम्बन्धमा अनुसन्धान पूरा भएपछि अनुसन्धान अधिकारीले प्रचलित कानून बमोजिमको ढाँचामा अनुसन्धान प्रतिवेदन तयार गरी सम्बन्धित ❀विभागको हकमा महान्यायाधिवक्ताले

---

※ दोस्रो संशोधनद्वारा संशोधित।

˪ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा झिकिएको।

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा संशोधित।

❀ तेस्रो संशोधनद्वारा संशोधित।

नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सरकारी वकील कार्यालयमा र अन्यको हकमा सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ।

तर प्रचलित कानून बमोजिम सम्बद्ध कसूरमा अनुसन्धान गर्न अधिकारप्राप्त संवैधानिक निकायले कानून बमोजिम अधिकारप्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन तथा मिसिल अध्ययन गर्दा सङ्कलित सबुत प्रमाणबाट मुद्दा चल्ने पर्याप्त आधार देखिएमा सरकारी वकीलले सम्बद्ध कसूरको मुद्दा हेर्ने अदालतमा मुद्दा दायर गर्नेछ।

(३) कुनै कानूनी व्यक्ति वा प्रबन्धको प्रयोग गरी यस ऐन बमोजिमको कसूर गरेको अवस्था देखिएमा त्यस्तो कानूनी व्यक्ति वा प्रबन्ध र सोलाई माध्यम बनाई कसूर गर्ने वा गराउने सम्बद्ध प्राकृतिक व्यक्ति विरुद्ध फरक फरक सजाय र जफतको मागदाबी लिई मुद्दा दायर गर्न सकिनेछ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत विभागमा विचाराधीन रहेका उजुरी, निवेदन, जानकारी वा सूचनाको सम्बन्धमा विभागले यस ऐन बमोजिमको अनुसन्धान अधिकारीको रुपमा अनुसन्धान गरी यस दफा बमोजिम मुद्दा दायर गर्न सक्नेछ।

२३. **हदम्याद:** सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर सम्बन्धी मुद्दा दायर गर्न हदम्याद लाग्ने छैन।

२४. **सरकारवादी हुने:** सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर सम्बन्धी मुद्दा नेपाल सरकारवादी हुनेछ।

२५. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने:** (१) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर मानिने कार्य प्रचलित अन्य कानून बमोजिम समेत दण्डनीय हुने रहेछ भने त्यस्तो कानून बमोजिम समेत मुद्दा दायर गर्न सकिनेछ।

(२) [└]......

---

└ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा झिकिएको।

□(३)└ ......

□२५क. ¬...

२६. **गोप्यता भङ्ग गर्न नहुने:** अनुसन्धान अधिकृत वा अनुसन्धानको काममा संलग्न कर्मचारी वा व्यक्तिले यस ऐन बमोजिम अनुसन्धानको सिलसिलामा वा आफ्नो कर्तव्य पालन गर्दा निजलाई ज्ञात हुन आएको कुनै कुरा वा दाखिला भएको कुनै लिखतको गोप्यता प्रचलित कानूनले बाध्य गरेको अवस्थामा बाहेक अन्य अवस्थामा भङ्ग गर्नु हुदैन।

२७. **स्वतः निलम्बन हुने:** ✣प्रचलित कानून बमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्र सेवक यस ऐन बमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र निज उपर दफा २२ बमोजिम मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्र सेवक स्वतः निलम्बन भएको मानिनेछ।

♠२८. **सम्पत्तिको स्रोत खुलाउनु पर्ने:** (१) दफा १३ बमोजिम प्राप्त उजुरी वा विभागलाई अन्य कुनै माध्यमबाट प्राप्त जानकारीको आधारमा कुनै व्यक्ति उपर सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धानको सिलसिलामा दफा १४क. को उपदफा (१) बमोजिम सम्बद्ध कसूर भए वा नभएको सम्बन्धमा जाँचबुझ गर्दा सम्बद्ध कसूर भएको नदेखिएको तर त्यस्तो व्यक्तिको सम्पत्ति निजको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा अस्वाभाविक देखिएमा वा निजले अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको देखिएमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको वा कारोबार गरेको देखिएमा निजसँग त्यस्तो सम्पत्तिको स्रोत माग गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम कुनै व्यक्तिको विरुद्धमा परेको उजुरीको सम्बन्धमा अनुसन्धान अधिकारीले अनुसन्धान गर्दा प्राप्त प्रमाणबाट निज उपर कुनै कसूरमा मुद्दा चल्न सक्ने अवस्था नभएको तर त्यस्तो व्यक्तिको सम्पत्ति निजको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा

---

□ दोस्रो संशोधनद्वारा थप।

¬ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा खारेज गरिएको।

✣ दोस्रो संशोधनद्वारा संशोधित।

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा संशोधित।

अस्वाभाविक देखिएको वा निजले अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको वा आफ्नो हैसियतभन्दा बढी दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको वा कारोबार गरेको वा निजसँग ठूलो परिमाणमा नगद वा अन्य चल सम्पत्ति फेला परेको र सो परिमाणमा सम्पत्ति आय हुने वा कमाउन सक्ने कुनै व्यापार, व्यवसाय वा नियमित आम्दानीको स्रोत भएको नपाइएमा अनुसन्धान अधिकारीले आफ्नो राय सहित सो उजुरी सम्बन्धी मिसिल कागजात आवश्यक कारबाहीको लागि विभागमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अनुसन्धान गरिएको व्यक्तिलाई त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा विभागले खुलाउन लगाउनु पर्नेछ।

(४) सम्बद्ध कसूरमा प्रचलित कानून बमोजिम अनुसन्धान गरिएको व्यक्ति उपर सम्बद्ध कसूर वा यस ऐन बमोजिम सम्पत्ति शुद्धीकरणको कसूरमा मुद्दा चल्ने अवस्था देखिएको र त्यस्तो व्यक्तिको सम्पत्ति कसूरबाट आर्जन गरेको सम्पत्तिभन्दा बढी देखिएकोमा कसूरबाट प्राप्त सम्पत्तिको हकमा अभियोग सहित सजाय तथा जफतको मागदाबी र सो बाहेक कसूरबाट प्राप्त भएको सम्पत्तिभन्दा बढी देखिएको स्रोत खुलाउन नसकेको सम्पत्तिको हकमा जफतको मागदाबी लिई मुद्दा दायर गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम स्रोत खुलाउन नसकेको सम्पत्ति जफत हुनेछ।

(६) उपदफा (२) बमोजिम लेखी आएको वा विभाग आफैंले अनुसन्धान गरेको विषयमा उपदफा (३) बमोजिम सम्पत्तिको स्रोत खुलाउन लगाउँदा त्यस्तो स्रोत खुलाउन नसकेको र अनुसन्धान गरिएको व्यक्ति उपर यस ऐन वा प्रचलित कानून बमोजिमको कसूरमा मुद्दा चल्ने अवस्था नदेखिएको अवस्थामा स्रोत खुलाउन नसकेको सम्पत्तिको हदसम्म कर निर्धारण तथा असुलीको लागि आन्तरिक राजस्व विभागमा लेखी पठाउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम लेखी आएमा आन्तरिक राजस्व विभागले कर सम्बन्धी कसूर गरे वा नगरेको यकिन गरी त्यस्तो कसूर गरेको नपाइएमा त्यस्तो व्यक्तिले निजले कुनै कसूर गरी सम्पत्ति प्राप्त गरेको होइन भनी स्वघोषणा समेत गरेमा निजको सम्पत्तिलाई चालू आयवर्षको आय मानी प्रचलित कानून बमोजिमको अधिकतम कर निर्धारण गरी असुल गर्नु पर्नेछ।

तर कर सम्बन्धी कसूर गरेको देखिएमा सो विभागले सो कसूरमा आफूले अनुसन्धान गर्नु पर्ने भए आफैं अनुसन्धान गर्न र अनुसन्धान गर्ने निकाय अर्को रहेछ भने अनुसन्धानको लागि त्यस्तो निकायमा लेखी पठाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम कर असुल गरिएको व्यक्तिको नाम, थर र ठेगाना विभागको वेबसाइटमा राखी निजको आय तथा राजस्व सम्बन्धी विवरण विभाग र वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (७) बमोजिम कर असुल गरिएको वा जफत गरिएको सम्पत्ति कुनै कसूरबाट प्राप्त भएको देखिएमा प्रचलित कानून बमोजिम कारबाही गर्न वा मुद्दा चलाउन बाधा पर्ने छैन।

(१०) कर अधिकृतले कर निर्धारण र कर परीक्षण गर्दा सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा यस ऐन बमोजिम पालना गर्नु पर्ने सर्तको विषयमा आन्तरिक राजस्व विभागले मार्गदर्शन बनाई लागू गर्नेछ।

♠२९. **<u>मुद्दा चलाउन र सजाय गर्न बाधा नपर्नेः</u>** (१) यस ऐनमा अन्यत्र लेखिएको कुनै कुराले यस ऐन बमोजिम परेको उजुरीको अनुसन्धान गर्दा प्राप्त प्रमाणका आधारमा सम्बद्ध कसूर वा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमध्ये कुनै एक वा दुवै कसूरमा मुद्दा चलाउन बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम सम्बद्ध कसूरमा मुद्दा नचलेको वा चलेको भए पनि त्यस्तो मुद्दाको किनारा नभएको आधारमा मात्र सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा मुद्दा चलाउन र सजाय गर्न बाधा पर्ने छैन।

## ❐परिच्छेद-६क

## <u>मुद्रा तथा धारक विनिमेय अधिकारपत्रको उद्घोषण सम्बन्धी व्यवस्था</u>

२९क. **<u>उद्घोषण गर्नु पर्नेः</u>** (१) आफ्नो साथमा वा कार्गो, कुरीयर, हुलाक वा अन्य माध्यम मार्फत राष्ट्र बैङ्कले तोकेको भन्दा बढी मूल्यको नेपाली वा सो बराबरको विदेशी मुद्रा वा धारक विनिमेय

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

❐ दोस्रो संशोधनद्वारा थप।

अधिकारपत्र नेपालबाट विदेश लैजाने वा विदेशबाट नेपालमा ल्याउने व्यक्तिले तोकिए बमोजिम लिखित रुपमा त्यस्तो मुद्रा वा धारक विनिमेय अधिकारपत्रको सही रुपमा उद्घोषण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उद्घोषण गर्दा त्यस्तो मुद्रा वा धारक विनिमेय अधिकारपत्र आफ्नो साथमा ल्याउने वा लैजाने भए सम्बन्धित भन्सार अधिकृत समक्ष र कार्गो, कुरीयर, हुलाक वा अन्य माध्यम मार्फत ल्याउने वा लैजाने भए सम्बन्धित कार्गो, कुरीयर वा हुलाक समक्ष सो कुराको उद्घोषण गर्नु पर्नेछ।

(३) कार्गो, कुरीयर, हुलाक वा अन्य त्यस्तै सेवा सञ्चालकले उपदफा (२) बमोजिम उद्घोषण गरेको मुद्रा तथा धारक विनिमेय अधिकारपत्र सम्बन्धी विवरण तोकिएको ढाँचामा सम्बन्धित भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम उद्घोषण गरेको वा उपदफा (३) बमोजिम पेश गरेको विवरण झूटो वा गलत भएको शङ्का लागेमा भन्सार अधिकृतले त्यस्तो व्यक्तिलाई आफूसँग रहेको मुद्रा वा धारक विनिमेय अधिकारपत्र देखाउन लगाउने वा शङ्का लागेको कार्गो, पार्सल वा पुलिन्दा खोल्न सक्नेछ।

(५) मुद्रा तथा धारक विनिमेय अधिकारपत्रको उद्घोषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९ख. **सोधपुछ, जफत तथा सजाय गर्न सक्ने:** (१) भन्सार अधिकृतले देहायको अवस्थामा नेपालबाट विदेश लैजान वा विदेशबाट नेपालमा ल्याउन खोजेको मुद्रा वा धारक विनिमेय अधिकारपत्रको स्रोत तथा प्रयोग गर्न खोजेको उद्देश्यका सम्बन्धमा सोधपुछ गर्न सक्नेछः-

(क) मुद्रा वा धारक विनिमेय अधिकारपत्रको गलत उद्घोषण गरेको वा उद्घोषण नगरेको शंका लागेमा, वा

(ख) कुनै सम्बद्ध कसूरसँग सम्बन्धित भएको शंका गर्ने मनाासिब आधार भएमा।

(२) उपदफा (१) बमोजिम सोधपुछ गर्दा त्यस्तो मुद्रा वा धारक विनिमेय अधिकारपत्र उद्घोषण नगरेको वा झूठो वा गलत उद्घोषण गरेको वा कुनै कसूरसँग सम्बन्धित भएको

प्रमाणित भएमा भन्सार अधिकृतले सबै मुद्रा वा धारक विनिमेय अधिकारपत्र जफत गरी बिगो बमोजिम जरिवाना गर्नेछ।

(३) भन्सार अधिकृतले उपदफा (२) बमोजिम जफत गर्दा सोको कारण सहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

२९ग. **सूचना दिनु पर्ने:** (१) भन्सार अधिकृतले दफा २९ख. बमोजिमशंका लागेको मुद्रा वा धारक विनिमेय अधिकारपत्रको विवरणको जानकारी वित्तीय जानकारी इकाई तथा कसूरको अनुसन्धान तहकिकात गर्ने सम्बन्धित निकाय वा अधिकारीलाई तत्काल दिनु पर्नेछ।

(२) भन्सार विभागले दफा २९क. बमोजिम उद्घोषण गरेको मुद्रा तथा धारक विनिमेय अधिकारपत्र सम्बन्धी विवरण प्रत्येक महिना वित्तीय जानकारी इकाईलाई पठाउनु पर्नेछ।

२९घ. **भन्सार ऐन बमोजिमको मालवस्तु मानिने:** (१) यस परिच्छेदको प्रयोजनका लागि मुद्रा तथा धारक विनिमेय अधिकारपत्रलाई भन्सार सम्बन्धी प्रचलित कानून बमोजिमको मालवस्तु मानिनेछ।

(२) यस परिच्छेद बमोजिम उद्घोषण गर्नु पर्ने मुद्रा तथा धारक विनिमेय अधिकारपत्रको जाँचबुझ, खानतलासी, रोक्का, जफत, पुनरावेदन तथा कारबाही सम्बन्धी अन्य व्यवस्था भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

## ❐परिच्छेद-६ख.

## सम्पत्ति तथा कोष रोक्का सम्बन्धी विशेष व्यवस्था

२९ङ. **आतङ्ककारी व्यक्ति, समूह वा संगठन सम्बन्धी सूचनाको प्रवाह:** (१) आतङ्ककारी कार्यमा संलग्न व्यक्ति, समूह वा संगठन वा ♠आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी गर्ने व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का राख्ने सम्बन्धमा संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्बाट पारित निर्णय बमोजिम सूचीकृत भएका व्यक्ति, समूह वा संगठनको अद्यावधिक सूची परराष्ट्र मन्त्रालयले अविलम्व आफ्नो वेबसाईटमा राखी सोको जानकारी विद्युतीय माध्यम मार्फत गृह मन्त्रालयमा पठाउनु पर्नेछ।

---

❐ दोस्रो संशोधनद्वारा थप।

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा संशोधित।

(२) गृह मन्त्रालयले उपदफा (१) बमोजिमको सूचीमा रहेको └.... व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष यस परिच्छेद बमोजिम तत्काल रोक्का राख्ने आदेश जारी गर्नु पर्नेछ।

(३) गृह मन्त्रालयले उपदफा (२) र दफा २९च. बमोजिम जारी गरेको आदेश सहितको सूची अविलम्व आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

(४) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नियमनकारी निकाय, सम्बन्धित निकाय, वित्तीय जानकारी इकाई, सूचक संस्था, कानूनी व्यक्ति तथा प्राकृतिक व्यक्तिले यस परिच्छेदको प्रयोजनको लागि उपदफा (१) र (३) बमोजिम प्रकाशित सूची नियमित रुपमा वेबसाइट हेरी त्यस्तो सूचीमा उल्लिखित व्यक्ति, समूह वा संगठनको बारेमा अद्यावधिक जानकारी हासिल गर्नु गराउनु पर्नेछ।

२९च. **आतङ्ककारी व्यक्ति, समूह वा संगठनको रुपमा सूचीकृत गर्नेः** (१) ♠आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीसँग सम्बन्धित भएको वा सोको शंका गर्नु पर्ने मनासिब आधार भएको भनी कुनै व्यक्ति, समूह वा संगठनको सम्पत्ति रोक्का राखिदिन कुनै मुलुकबाट नेपाल सरकारलाई अनुरोध भई आएमा परराष्ट्र मन्त्रालयले सोको जानकारी अविलम्व गृह मन्त्रालयलाई दिनु पर्नेछ।

(२) नेपाली वा विदेशी नागरिक वा अन्य कुनै व्यक्ति, समूह वा संगठनले नेपाल वा नेपाल बाहिर कुनै मुलुकमा ♠आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी गर्ने कार्यमा संलग्न भएको वा संलग्न हुन सक्ने मनासिब आधार भएमा आफैंले वा उपदफा (१) बमोजिम कुनै मुलुकबाट अनुरोध भई आएमा त्यस्तो व्यक्ति, समूह वा संगठनको सम्बन्धमा गृह मन्त्रालयले आवश्यक जा“चबुझ गर्नु पर्नेछ।

(३) कुनै व्यक्ति, समूह वा संगठन नेपाल वा नेपाल बाहिर कुनै मुलुकमा उपदफा (२) वा दफा ४ बमोजिमको कार्यमा संलग्न भएको देखिएमा वा प्रचलित कानून बमोजिम ♠आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा गरेको वित्तीय लगानी

└ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा झिकिएको।

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा संशोधित।

मानिने कुनै कार्यसँग सम्बन्धित व्यक्ति, समूह वा संगठन भएको देखिएमा नेपाल सरकारले त्यस्तो व्यक्ति, समूह वा संगठनलाई ♠आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा गरेको वित्तीय लगानीसँग सम्बन्धित व्यक्ति, समूह वा संगठनको सूचीमा सूचीकृत गरी त्यस्ता व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का राख्ने आदेश जारी गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको सूचीमा सूचीकृत व्यक्ति, समूह वा संगठनलाई सूचीकृत गरिराख्ने आधार नभएमा नेपाल सरकारले त्यस्तो व्यक्ति, समूह वा संगठनको नाम त्यस्तो सूचीबाट हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम सूचीकृत व्यक्ति, समूह वा संगठनको नाम त्यस्तो सूचीबाट हटाइएमा सोको जानकारी गृह मन्त्रालयले अविलम्व आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

२९छ. **सम्पत्ति तथा कोष अविलम्व रोक्का राख्नु पर्नेः** (१) प्राकृतिक व्यक्ति, कानूनी व्यक्ति, सम्बन्धित निकाय वा सूचक संस्थाले दफा २९ङ. र २९च. बमोजिमको सूचीमा उल्लिखित ♠आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी गर्ने कार्यमा संलग्न व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष विना पूर्व सूचना तत्काल रोक्का राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्का राख्दा आफूसँग रहेको देहाय बमोजिमको सम्पत्ति तथा कोष अविलम्व रोक्का राख्नु पर्नेछः—

(क) त्यस्तो व्यक्ति, समूह वा संगठनको प्रत्यक्ष वा अप्रत्यक्ष रुपले एकल वा संयुक्त स्वामित्व, भोग वा नियन्त्रणमा रहेको सबै सम्पत्ति वा कोष,

(ख) खण्ड (क) बमोजिमको सम्पत्ति वा कोषबाट बढे वा बढाएको सम्पत्ति वा कोष,

(ग) त्यस्तो व्यक्ति, समूह वा संगठनको तर्फबाट वा निर्देशनमा रही काम गर्ने जुनसुकै व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष।

(३) यस दफा बमोजिम सम्पत्ति वा कोष रोक्का राख्दा त्यस्तो सम्पत्ति वा कोष यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित प्रकृया र अवस्थामा बाहेक कसैलाई

हस्तान्तरण गर्न, धितो वा बन्धक लिन वा दिन, बिक्री वितरण गर्न वा कारोबार गर्न नहुने गरी रोक्का राख्नु पर्नेछ।

(४) प्राकृतिक व्यक्ति, कानूनी व्यक्ति, सम्बन्धित निकाय तथा सूचक संस्थाले उपदफा (१) र (२) बमोजिम रोक्का राखेको सम्पत्ति तथा कोष, आर्थिक साधन स्रोत, वित्तीय वा अन्य सम्बद्ध सुविधा दफा २९ङ. र २९च. मा उल्लिखित व्यक्ति, समूह वा संगठनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा एकल वा संयुक्त रुपमा प्रयोग गर्न वा लाभ प्राप्त गर्न नपाउने व्यवस्था गर्नु पर्नेछ।

(५) उपदफा (१) र (२) बमोजिम सम्पत्ति वा कोष रोक्का राखेको विवरण सो कार्य गरेको मितिले तीन दिनभित्र प्राकृतिक व्यक्ति, कानूनी व्यक्ति र सम्बन्धित निकायले ∝प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र सूचक संस्थाले आफ्नो नियमनकारी निकायमा पठाउनु पर्नेछ।

(६) नियमनकारी निकायले उपदफा (५) बमोजिम सूचक संस्थाबाट प्राप्त विवरण तीन दिनभित्र ∝प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मा पठाउनु पर्नेछ।

Σ(६क) यस परिच्छेद बमोजिम रोक्का रहेको सम्पत्ति वा कोषको एकीकृत अभिलेख, व्यवस्थापन तथा संरक्षण प्रचलित कानून बमोजिम स्थापना भएको कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागले गर्नेछ।

(७) यस परिच्छेद बमोजिमको सम्पत्ति वा कोष रोक्का सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९ज. **नाम हटाउने वा सम्पत्ति तथा कोष फुकुवा गर्नेः** (१) दफा २९ङ. वा २९च. बमोजिमको सूचीमा नाम समावेश भएको व्यक्ति, समूह वा संगठनले दफा २९ङ. बमोजिमको सूचीको हकमा परराष्ट्र मन्त्रालयमा र दफा २९च. बमोजिमको सूचीको हकमा गृह मन्त्रालयमा निवेदन दिन सक्नेछ।

---

∝ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा थप।

(२) दफा २९छ. बमोजिम सम्पत्ति वा कोष रोक्का राखेकोमा त्यस्तो सम्पत्ति वा कोष फुकुवा गर्न वा आफूलाई परेको अन्य असरका सम्बन्धमा दफा २९ङ. बमोजिमको सूचीसँग सम्बन्धित व्यक्ति, समूह वा संगठनले परराष्ट्र मन्त्रालयमा र दफा २९च. बमोजिमको सूचीसँग सम्बन्धित व्यक्ति, समूह वा संगठनले गृह मन्त्रालयमा निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित मन्त्रालयले आवश्यक छानवीन गरी वा गराई सो निवेदन दफा २९ङ. बमोजिम प्रकाशित सूचीमा उल्लिखित व्यक्ति, समूह वा संगठनसँग सम्बन्धित देखिएमा परराष्ट्र मन्त्रालयले संयुक्त राष्ट्र संघमा र दफा २९च. बमोजिम प्रकाशित व्यक्ति, समूह वा संगठनसँग सम्बन्धित देखिएमा गृह मन्त्रालयले परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित मुलुकमा पठाउनु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिमको निवेदन दफा २९च. बमोजिम नेपाल सरकार आफैंले प्रकाशित गरेको ♠आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी गर्ने व्यक्ति, समूह वा संगठनको सूचीसँग सम्बन्धित देखिएमा गृह मन्त्रालयले आवश्यक छानवीन गरी गराई त्यस्तो व्यक्ति, समूह वा संगठन दफा २९च. को उपदफा (४) मा उल्लिखित अवस्थाको नदेखिएमा वा निवेदक दफा २९च. बमोजिमको सूचीमा समावेश हुनु पर्ने नदेखिएमा त्यस्तो व्यक्ति, समूह वा संगठनको नाम त्यस्तो सूचीबाट हटाउन वा निजको रोक्का रहेको सम्पत्ति वा कोष फुकुवा गर्नेछ।

(५) संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को निर्णय प्रभावकारी रुपमा कार्यान्वयनको लागि ♠आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी गर्ने व्यक्ति, समूह वा संगठनको नाम सूचीमा समावेश गर्ने, दफा २९च. बमोजिम सूचीकृत ♠आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी गर्ने व्यक्ति, समूह वा संगठनको नाम सूचीमा समावेश गर्ने वा सूचीबाट हटाउने, दफा २९छ. बमोजिम रोक्का राखेको सम्पत्ति वा कोष फुकुवा गर्ने, सूचीकरण वा सम्पत्ति वा कोष रोक्का विरुद्ध उजूरी गर्ने, निर्दोष व्यक्ति (बोनाफाइड थर्ड पार्टी) को कानूनी अधिकारको समुचित संरक्षण गर्ने, सम्पत्ति तथा कोष रोक्का राखेको व्यक्तिको भरणपोषणका लागि आवश्यक

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा संशोधित।

न्यूनतम खर्च फुकुवा गर्ने लगायत त्यस्तो निर्णय कार्यान्वयन गर्न वा गराउन आवश्यक अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९झ. **सम्बन्धित मुलुकमा लेखी पठाउनेः** (१) दफा २९च. बमोजिम प्रकाशित सूचीमा नाम उल्लेख भएको व्यक्ति, समूह वा संगठनको कुनै सम्पत्ति वा कोष विदेशमा रहे भएको देखिएमा त्यस्तो सम्पत्ति वा कोष रोक्का राख्न गृह मन्त्रालयले परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित मुलुकमा अविलम्व लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी पठाएको सूचीकृत व्यक्ति, समूह वा संगठनको नाम त्यस्तो सूचीबाट हटाइएमा निजको रोक्का राखेको सम्पत्ति वा कोष फुकुवा गर्न समेत गृह मन्त्रालयले परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित मुलुकमा लेखी पठाउनु पर्नेछ।

२९ञ. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) यस परिच्छेद बमोजिमको काम कारबाही प्रभावकारी रुपमा भए नभएको सम्बन्धमा समग्र अनुगमन तथा मूल्याङ्कन समन्वय समितिले गर्नेछ।

(२) सम्बन्धित निकायले यस परिच्छेद बमोजिमको कार्य प्रभावकारी रुपमा गरे वा नगरेको सम्बन्धमा सम्बन्धित मन्त्रालयले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ।

(३) सूचक संस्थाले यस परिच्छेद बमोजिमको कार्य प्रभावकारी रुपमा गरे वा नगरेको सम्बन्धमा सम्बन्धित नियमनकारी निकायले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ।

(४) यस दफा बमोजिमको अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९ट. **उल्लंघन गर्नेलाई सजायः** (१) दफा २९छ. को उल्लंघन गर्ने सूचक संस्थालाई नियमनकारी निकायले दफा ७फ. बमोजिम सजाय गर्न सक्नेछ।

(२) दफा २९छ. को उल्लंघन गर्ने सम्बन्धित निकायको जिम्मेवार पदाधिकारीलाई अख्तियारवालाले प्रचलित कानून बमोजिम विभागीय सजाय गर्नेछ।

(३) दफा २९छ. को उल्लंघन गर्ने प्राकृतिक व्यक्ति वा कानूनी व्यक्तिलाई गृह मन्त्रालयले दशलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(४) उपदफा (१), (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्राकृतिक वा कानूनी व्यक्ति, सूचक संस्था वा सोका जिम्मेवार पदाधिकारीले ♠आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धी कसूर गर्न मद्दत गर्ने वा ♠आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी गर्ने व्यक्ति, समूह वा सङ्गठनलाई वा त्यस्तो कार्यमा सहयोग गर्ने उद्देश्यले सम्पत्ति वा कोष रोक्का नराखेको देखिएमा निजलाई ♠आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धी कसूरमा अनुसन्धान गर्न तथा मुद्दा चलाउन बाधा पर्ने छैन।

(५) यस परिच्छेद बमोजिमका आतङ्ककारी Σकार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी गर्ने व्यक्ति, समूह वा संगठनको सम्पत्ति तथा कोषको पहिचान, रोक्का, नियन्त्रण, अनुसन्धान, जफत सम्बन्धमा यसै ऐन बमोजिमको व्यवस्था लागू हुनेछ।

## परिच्छेद—७

## दण्ड सजाय

⌘३०. **सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी गर्नेलाई सजायः** (१) दफा ३ को उपदफा (१) मा उल्लिखित सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गर्ने व्यक्तिलाई बिगोको दोब्बर जरिवाना र कसूरको गाम्भीर्य हेरी दुई वर्षदेखि ♠पन्ध्र वर्षसम्म कैद हुनेछ।

(२) दफा ३ को उपदफा (२) मा उल्लिखित सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर मध्ये षडयन्त्र गर्ने व्यक्तिलाई उपदफा (१) बमोजिम र अन्य कसूर गर्ने व्यक्तिलाई उपदफा (१) मा उल्लिखित सजायको आधा सजाय हुनेछ।

(३) दफा ४ को उपदफा (१) मा उल्लिखित आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर गर्ने व्यक्तिलाई विगो खुलेकोमा विगोको पाँच गुणा र विगो नखुलेकोमा ♠पाँच करोड रुपैयाँ जरिबाना र कसूरको गाम्भीर्य हेरी सात वर्षदेखि बीस वर्षसम्म कैद हुनेछ।

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा थप।

⌘ दोस्रो संशोधनद्वारा संशोधित।

(४) दफा ४ को उपदफा (२), (३) वा (४) मा उल्लिखित आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर गर्ने व्यक्तिलाई उपदफा (३) मा उल्लिखित सजायको आधा सजाय हुनेछ।

(५) ♠कानूनी व्यक्ति, कानूनी प्रबन्ध वा सोको प्रयोग गरी कुनै व्यक्तिले सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कुनै कसूर गरेमा त्यस्तो कसूर गर्ने व्यक्ति, पदाधिकारी वा कर्मचारीलाई उपदफा (१), (२), (३) वा (४) बमोजिम सजाय हुनेछ।

(६) उपदफा (५) बमोजिमको व्यक्ति, पदाधिकारी वा कर्मचारी पहिचान हुन नसकेमा त्यस्तो कसूर हु"दाको बखत प्रमुख भई कामकाज गर्ने पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(७) कुनै राष्ट्रसेवक वा सूचक संस्थाको पदाधिकारी वा कर्मचारीले सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कुनै कसूर गरेमा त्यस्तो व्यक्तिलाई उपदफा (१), (२), (३) वा (४) मा उल्लिखित सजायमा थप दश प्रतिशत सजाय हुनेछ।

Σ(७क) यस ऐन अन्तर्गतको कसूर हुन सक्छ वा हुन गइरहेको छ भन्ने जानकारी हुने मनासिब आधार हुँदाहुँदै कसूर हुनबाट रोक्नु पर्ने दायित्व भएको व्यक्तिले त्यस्तो कसूर हुन नदिनको लागि आफ्नो दायित्व निर्वाह नगरी कसूर हुन दिएमा एक वर्षसम्म कैद हुन सक्नेछ।

(८) कुनै ♠कानूनी व्यक्ति वा कानूनी प्रबन्धले सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कुनै कसूर गरेमा त्यस्तो कानूनी व्यक्तिलाई प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरको गाम्भीर्यका आधारमा देहायका कुनै वा सबै सजाय हुनेछः—

(क) उपदफा (१), (२), (३) वा (४) बमोजिम हुन सक्ने जरिवानाको पाँच गुणासम्म जरिवाना गर्ने,

(ख) अवधी तोकी सार्वजनिक खरीदमा निषेध गर्ने,

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्धारा थप।

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्धारा संशोधित।

(ग) अवधी तोकी उत्पादन वा सेवाको खरीद गर्न रोक लगाउने,

(घ) [L]......

(ङ) इजाजतपत्र वा अनुमतिपत्र खारेज गर्ने, वा

(च) त्यस्तो कानूनी व्यक्तिलाई खारेज गर्ने।

(९) उपदफा (१) देखि (८) सम्म लेखिए बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा बिगो खुलेकोमा बिगो जफत गरी विगो बमोजिमको जरिबाना र विगो नखुलेकोमा दशलाख रुपैयाँसम्म जरिबाना हुनेछ।

[Σ](१०) यस ऐन बमोजिमको कसूरमा कुनै व्यक्ति वास्तविक धनी रहेको देखिएमा निजलाई यस दफा बमोजिमको सजाय हुनेछ।

[Σ]३०क. **निर्दोष तेस्रो पक्षको हित सुरक्षित गर्नु पर्ने:** (१) दफा ३४ख. बमोजिम हानि नोक्सानीको क्षतिपूर्ति भराउँदा वा दफा ३० को उपदफा (८) बमोजिम कानूनी व्यक्ति वा कानूनी प्रबन्धलाई खारेज गर्दा वा त्यस्तो व्यक्ति वा प्रबन्धको इजाजतपत्र वा अनुमतिपत्र खारेज गर्दा प्रचलित कानूनको अधीनमा रही निर्दोष तेस्रो पक्षको आर्थिक हित सुरक्षित हुने गरी गर्नु पर्नेछ।

(२) दफा ३० को उपदफा (८) बमोजिम कानूनी व्यक्ति वा प्रबन्धको इजाजतपत्र वा अनुमतिपत्र खारेज भएमा त्यस्तो कानूनी व्यक्ति वा प्रबन्धको सम्पत्ति र दायित्वको थप व्यवस्थापन तथा खारेजपछिका आवश्यक कार्य गर्दा प्रचलित कानून बमोजिम गर्नु, गराउनु पर्नेछ।

[⌘]३१. **गोपनीयता भंग गर्नेलाई सजाय:** दफा १०ख. को उपदफा (२) बमोजिम गोपनीयता कायम नगर्ने वा दफा २६ विपरीत गोप्यता भंग गर्ने व्यक्तिलाई एक महिनादेखि तीन महिनासम्म कैद वा एकलाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

---

[L] सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा झिकिएको।

[Σ] सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

[⌘] दोस्रो संशोधनद्वारा संशोधित।

३२. **प्रमाण लुकाउने वा नष्ट गर्नेलाई हुने सजायः** सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर मानिने काम कारबाहीसँग सम्बन्धित प्रमाण लुकाउने वा नष्ट गर्ने व्यक्तिलाई कसूरको मात्रा अनुसार एक महिना देखि तीन महिनासम्म कैद वा पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र त्यस्तो कार्य गर्न सहयोग गर्नेलाई सो सजायको आधा सजाय हुनेछ।

३३. **बाधा विरोध गर्नेलाई सजायः** ✻अनुसन्धान सम्बन्धी काम कारबाहीमा कसैले बाधा विरोध गरेमा निजलाई अनुसन्धान अधिकृतको प्रतिवेदनको आधारमा मुद्दा हेर्ने अधिकारीले छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय गर्न सक्नेछ।

❒३३क. **हैरानी वा झण्झट दिनेलाई सजायः** कसैले उजूरी दिनु पर्ने मनासिब कारण नभई कसैलाई कुनै किसिमको हानि नोक्सानी पुर्याउने वा दुःख, हैरानी वा झण्झट दिने नियतले झूट्टो उजूरी दिएको प्रमाणित भएमा अनुसन्धान अधिकृतको प्रतिवेदनका आधारमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई दशहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

Σ३३ख. **बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्न नहुनेः** (१) अनुसन्धान वा अभियोजन गर्ने अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने, क्षति पुऱ्याउने, हैरानी गर्ने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान गर्न वा अभियोग लगाउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउनेलाई छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय र निजको सेवा सर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाही समेत हुनेछ।

✻३४. **सम्पत्ति वा साधन जफत हुनेः** (१) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर प्रमाणित भएमा कसूरसँग सम्बन्धित जो सुकैको नाम, भोग, स्वामित्व वा कुनै पनि प्रकारको स्वार्थ रहे भएको देहायको सम्पत्ति वा साधन जफत हुनेछः-

(क) शुद्धीकरण गरिएको सम्पत्ति,

---

❒ दोस्रो संशोधनद्वारा थप।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा थप।

✻ दोस्रो संशोधनद्वारा संशोधित।

(ख) सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गर्न प्रयोग गरिएको वा प्रयोग गर्न खोजिएको कसूरसँग सम्बन्धित साधन,

(ग) आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरबाट प्राप्त सम्पत्ति,

(घ) आतङ्ककारी कार्यमा वित्तीय लगानीको लागि वा आतङ्ककारी कार्य वा आतङ्ककारी व्यक्ति, आतङ्ककारी संगठनले प्रयोग गरेको वा प्रयोग गर्न छुट्याइएको वा प्रयोग गर्न खोजिएको सम्पत्ति, र

(ङ) आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर गर्न प्रयोग गरिएको वा प्रयोग गर्न खोजिएको साधन।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्ति वा साधन लुकाएको, उपभोग गरेको, निःसर्ग गरेको, निर्दोष व्यक्तिको सम्पत्ति वा साधन भएको वा अन्य कुनै कारणले जफत गर्न नसकिने भएमा कसूरदारको सो मूल्य बराबरको अन्य सम्पत्ति जफत हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम सम्पत्ति वा साधन जफत गर्दा कसूरमा संलग्न नभएको निर्दोष व्यक्तिको कानूनी अधिकारको समुचित रुपमा संरक्षण गर्नु पर्नेछ।

(४) उपदफा (३) को प्रयोजनका लागि उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरमा संलग्न नभएको निर्दोष व्यक्तिको सम्पत्ति वा साधन र सोबाट बढे बढाएको सम्पत्ति देहायको अवस्था विद्यमान भएमा अदालतले जफत गर्ने छैनः-

(क) त्यस्तो व्यक्ति सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कुनै कसूरमा संलग्न भएको नदेखिएमा,

(ख) त्यस्तो सम्पत्ति वा साधन कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धित साधन भएको नदेखिएमा,

(ग) त्यस्तो सम्पत्ति वा साधन सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर हुनुभन्दा अगावै प्राप्त गरेको र त्यस्तो सम्पत्ति वा साधन सम्बन्धित व्यक्तिले कसूरमा प्रयोग गर्न सक्छ भन्ने निजलाई थाहा नभएको देखिएमा।

Σ३४क. **बिगो भराई दिनु पर्नेः** यस ऐन बमोजिमको कसूरबाट कसैलाई हानि नोक्सानी पुगेको रहेछ भने हानि नोक्सानीको बिगो खुलेकोमा कसूरदारबाट त्यस्तो बिगो असुल गरी पीडितलाई भराई दिनु पर्नेछ।

Σ३४ख. **क्षतिपूर्ति भराई दिनु पर्नेः** कसैले यस ऐन अन्तर्गतको कुनै कसूर गरेको कारणबाट कसैको जीउ, धनको हानि नोक्सानी भएको रहेछ भने कसूरबाट पीडित व्यक्तिलाई त्यसको मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

## परिच्छेद-८

## विविध

♠३५. **जोखिम मूल्याङ्कन गर्नु पर्नेः** (१) नियमनकारी निकाय, अनुसन्धान गर्ने निकाय, सूचक संस्था र यस ऐनसँग सम्बन्धित अन्य निकायले सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी, जोखिमयुक्त प्रविधि, जोखिमका नयाँ आयाम, त्यस्तो कार्य गर्ने व्यक्ति, सोको दर्ता अनुमति, कारबाही समेतका सम्बन्धमा प्रत्येक वर्ष एक पटकमा नघट्ने गरी आवश्यकता अनुसार जोखिम पहिचान, मूल्याङ्कन र बोध गरी सोको प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन गर्नुअघि सूचक संस्थाले मूल्याङ्कनको पद्धति तथा वस्तुगत आधार तयार गरी नियमनकारी निकाय समक्ष पेश गर्नु पर्नेछ।

(३) नियमनकारी निकायले सूचक संस्थाको जोखिम मूल्याङ्कन प्रतिवेदन वस्तुगत र प्रभावकारी भएको नदेखेमा आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिमका निकाय वा संस्थाले आफ्नो क्षेत्रगत जोखिम मूल्याङ्कन गरी सोको प्रतिवेदन समन्वय समितिमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा समन्वय समितिले राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गर्नेछ।

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा थप।

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

(६) उपदफा (१) बमोजिमका निकाय वा संस्थाले यस दफा बमोजिम तयार गरेको जोखिम मूल्याङ्कन प्रतिवेदनका आधारमा जोखिममा आधारित वार्षिक कार्ययोजना बनाई लागू गर्नु पर्नेछ।

(७) जोखिम मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

[Σ]३५क. **वास्तविक धनीको विवरण पेश गर्नु पर्ने:** (१) कसैले शेयर वा अन्य तरिकाले पुँजी लगानी गरी कुनै कम्पनी, सहकारी संस्था, प्राइभेट फर्म, साझेदारी फर्म वा अन्य कुनै प्रकारको कानूनी व्यक्ति संस्थापना गर्दा, दर्ता गर्दा वा इजाजतपत्र लिँदा त्यस्तो कम्पनी, सहकारी संस्था, प्राइभेट फर्म, साझेदारी फर्ममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वा अरु कसैको नाम वा माध्यमबाट एकल, संयुक्त वा समूहगत गरी पन्ध्र प्रतिशत वा सोभन्दा बढी शेयर वा पुँजी लगानी गरेकोमा वा अन्य कुनै तरिकाले सोको वास्तविक धनीको रुपमा रहेको भएमा त्यस्तो वास्तविक धनीको विवरण कानूनी व्यक्ति संस्थापना गर्ने, दर्ता गर्ने वा इजाजतपत्र दिने निकायमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण पेश नभएसम्म सम्बन्धित निकायले त्यस्तो कानूनी व्यक्ति दर्ता गर्ने, संस्थापना गर्ने वा इजाजतपत्र प्रदान गर्ने कार्य गर्ने छैन।

(३) प्रचलित कानून बमोजिम दर्ता भएको वा इजाजतपत्र प्राप्त उपदफा (१) बमोजिमको कम्पनी, सहकारी संस्था, प्राइभेट फर्म, साझेदारी फर्म वा कुनै प्रकारको शेयर वा अन्य तरिकाबाट लगानी गरी स्थापना भएको कानूनी व्यक्तिले धारक शेयर वा सोसँग सम्बन्धित अन्य वित्तीय उपकरण जारी गर्न पाउने छैन।

तर विदेशी कानूनी व्यक्तिले आफ्नो मुलुकको कानून बमोजिम धारक वा सोसँग सम्बन्धित अन्य वित्तीय उपकरण जारी गरेमा सोको जानकारी सम्बन्धित दर्ता गर्ने निकायलाई दिनु पर्नेछ। त्यस्तो कानूनी व्यक्तिको नियमनकारी निकाय भएमा सो निकायलाई समेत त्यस्तो जानकारी दिनु पर्नेछ।

(४) यस दफा बमोजिमको विवरण नदिने वा वास्तविक धनी सम्बन्धी गलत विवरण दिने व्यक्तिको विवरण नदिएको वा गलत विवरण दिए जतिको पुँजी नियमनकारी निकायले वा त्यस्तो निकाय नभएमा दर्ता गर्ने निकायले जफत गरी सोको वास्तविक धनीलाई दश लाख

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा थप।

रुपैयाँदेखि पचास लाख रूपैयाँसम्म जरिबाना गरी सोको जानकारी वित्तीय जानकारी इकाई र अनुसन्धान गर्ने वा कानून कार्यान्वयन गर्ने सम्बन्धित निकायलाई दिनु पर्नेछ।

(५) उपदफा (१) र (२) बमोजिमको विवरण सम्बन्धित कम्पनी, सहकारी संस्था, प्राइभेट फर्म, साझेदारी फर्म वा कुनै प्रकारको शेयर वा अन्य तरिकाबाट लगानी गरी स्थापना हुने कानूनी व्यक्तिले कसैको वास्तविक धनीको हैसियत अन्त्य भएको मितिले पाँच वर्षसम्म नियमित रुपमा अद्यावधिक गरी सरकारी वा सूचक संस्थालाई माग भए बमोजिम उपलब्ध गराउने र अन्यको हकमा तोकिए बमोजिम उपलब्ध हुने गरी राख्नु पर्नेछ।

(६) कानूनी व्यक्ति दर्ता गर्ने निकाय र नियमनकारी निकायले त्यस्तो कानूनी व्यक्तिको वास्तविक धनी सम्बन्धी अभिलेख त्यस्तो कानूनी व्यक्ति खारेज भएको मितिले कम्तीमा पाँच वर्षसम्म राख्नु पर्नेछ।

(७) यो दफा प्रारम्भ हुँदाका बखत कायम रहेको कम्पनी, सहकारी संस्था, प्राइभेट फर्म, साझेदारी फर्म वा कुनै प्रकारको शेयर लगानी वा अन्य तरिकाले पुँजी लगानी गरी स्थापना भएको कानूनी व्यक्तिले यस दफा बमोजिमको वास्तविक धनीको विवरण यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र त्यस्तो कानूनी व्यक्ति दर्ता गर्ने निकाय वा इजाजतपत्र दिने निकायमा पेश गर्नु पर्नेछ।

[Σ]३५ख. **वास्तविक रुपमा नियन्त्रण गर्ने वा आर्थिक लाभ लिनेको विवरण राख्नु पर्नेः** (१) कानूनी प्रबन्ध सञ्चालन गर्ने स्वदेशी वा विदेशी व्यक्तिले त्यस्तो कानूनी प्रबन्ध स्थापना गर्ने, संरक्षण गर्ने, त्यस्तो कानूनी प्रबन्धलाई वास्तविक रुपमा नियन्त्रण गर्ने प्राकृतिक व्यक्ति, त्यस्तो कानूनी प्रबन्धबाट उच्च आर्थिक लाभ लिने व्यक्ति वा वर्ग वा त्यस्तो कानूनी प्रबन्धलाई वित्तीय, लेखा, कर वा लगानी व्यवस्थापन तथा एजेन्सी सम्बन्धी सेवा प्रवाह गर्ने व्यक्तिको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ र त्यस्तो विवरणको एकीकृत लगत सम्बन्धित नियमनकारी निकाय भए सो निकायमा समेत पठाउनु पर्नेछ।

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

(२) उपदफा (१) बमोजिम कानूनी प्रबन्ध सञ्चालन गरेको वा त्यस्तो कानूनी प्रबन्धमा वास्तविक नियन्त्रण गर्ने प्राकृतिक व्यक्तिले सूचक संस्थामा ग्राहक बन्दा सो सम्बन्धी विवरण समेत खुलाउनु पर्नेछ।

(३) यस दफा बमोजिमको विवरणमा कुनै परिवर्तन भएमा त्यस्तो कानूनी व्यक्तिले सोको जानकारी तत्काल सम्बन्धित नियमनकारी निकायलाई दिनु पर्नेछ।

(४) यस दफा बमोजिम विवरण नदिने, गलत विवरण दिने वा सूचक संस्थालाई जानकारी नदिने कानूनी प्रबन्ध वा व्यक्तिलाई नियमनकारी निकायले एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(५) यो दफा प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको कानूनी प्रबन्धले यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र यस दफा बमोजिमको विवरण नियमनकारी निकायमा पेश गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको अभिलेख त्यस्तो व्यक्ति कानूनी प्रबन्धको संलग्नताबाट अलग भएको मितिले कम्तीमा पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

Σ३५ग. **विवरण राख्नु पर्नेः** (१) प्रचलित कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३५क. बमोजिमको कानूनी व्यक्तिले आफ्नो नाम, ठेगाना, दर्ता तथा इजाजतपत्र, कानूनी स्वरूप तथा हैसियत, कार्यक्षेत्र, नियमन सम्बन्धी कानून र निकाय, सञ्चालक समिति वा त्यस्तै प्रकारको अन्य समितिको पदाधिकारीको परिचय खुल्ने विवरण सार्वजनिक रूपमा उपलब्ध हुने गरी राख्नु पर्नेछ।

(२) दफा ३५क. बमोजिमको कानूनी व्यक्तिमा वास्तविक धनीको रूपमा कोही रहेको भए त्यस्तो कानूनी व्यक्तिले सूचक संस्थाको ग्राहक बन्दा त्यस्तो वास्तविक धनीको विवरण समेत खुलाई दिनु पर्नेछ।

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा थप।

(३) उपदफा (१) बमोजिमको विवरण अद्यावधिक गरी सार्वजनिक रूपमा नराख्ने वा उपदफा (२) बमोजिम वास्तविक धनीको विवरण नखुलाउने कानूनी व्यक्तिलाई नियमनकारी निकाय भए सो निकायले र त्यस्तो निकाय नभएमा दर्ता गर्ने निकायले पाँच लाखदेखि पचास लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

Σ३५घ. **गैरनाफामूलक संस्था दर्ता गर्ने वा नियमनकारी निकायको काम**ः (१) प्रचलित कानून बमोजिम गैरनाफामूलक संस्था दर्ता गर्ने, आबद्धता दिने वा त्यस्तो संस्थाको नियमन गर्ने निकायले सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा देहाय बमोजिमको काम गर्नु पर्नेछः-

(क) गैरनाफामूलक संस्थाको सम्पत्ति सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वा यस ऐन विपरीतका अन्य कुनै कार्यमा प्रयोग हुन नसक्ने गरी आवश्यक व्यवस्था गर्ने,

(ख) सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धी शङ्कास्पद सूचना वित्तीय जानकारी इकाईलाई दिने,

(ग) गैरनाफामूलक संस्थाको कामकारबाही पारदर्शी र विश्वसनीय बनाउन त्यस्ता संस्थाबाट लाभ प्राप्त गर्ने व्यक्ति वासमूहको पहिचान गर्न आवश्यक मापदण्ड बनाई लागू गर्ने वा गराउने,

(घ) क्षेत्रगत तथा संस्थागत जोखिम मूल्याङ्कन तथा व्यवस्थापन गर्ने वा गराउने,

(ङ) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कामकारबाहीको जोखिमको आधारमा सम्बन्धित संस्थाले खर्च व्यहोर्ने गरी यस ऐन बमोजिम प्रभावकारिता सम्बन्धी सम्परीक्षण गर्ने वा गराउने,

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

(च) जोखिमका आधारमा निरीक्षण, सुपरिवेक्षण वा अनुगमन गर्ने।

(२) प्रचलित कानून बमोजिम गैरनाफामूलक संस्था दर्ता गर्ने वा आबद्धता दिने निकाय वा त्यस्तो संस्थाको नियमनकारी निकायले उपदफा (१) बमोजिमको कामकारबाहीको सम्बन्धमा सम्बन्धित गैरनाफामूलक संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

(४) उपदफा (२) बमोजिम आबद्धता दिने निकायले दिएको निर्देशन पालना नगर्ने गैरनाफामूलक संस्थालाई कारबाही गर्नको लागि त्यस्तो संस्थाको नियमनकारी निकाय भए सो निकाय र सो नभएमा त्यस्तो संस्था दर्ता गर्ने निकायमा लेखी पठाउनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम दिइएको निर्देशन पालना नगर्ने गैरनाफामूलक संस्थालाई त्यस्तो संस्थाको नियमनकारी निकाय भए सो निकायले र सो नभएमा त्यस्तो संस्था दर्ता गर्ने निकायले पहिलो पटकलाई पाँच लाख रुपैयाँसम्म र त्यसपछि पटकैपिच्छे दश लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

Σ३५ङ. **परिपालना प्रतिवेदन पेश गर्नु पर्नेः** (१) बैङ्क तथा वित्तीय संस्था, बीमा, क्यासिनो, धितोपत्रको कारोबार गर्ने संस्था, घर जग्गाको व्यावसायिक कारोबार गर्ने संस्था, बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका सूचक संस्थाले यस ऐन बमोजिम सम्पादन गर्नु पर्ने कामको उपयुक्तता र प्रभावकारिता सुनिश्चित गर्न दफा ३५च. बमोजिम सूचीकृत परिपालना परीक्षकबाट प्रत्येक वर्ष देहाय बमोजिमका विषयमा सम्परीक्षण गराई नियमनकारी निकाय समक्ष परिपालना प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) आवश्यक नीतिगत, संस्थागत, प्राविधिक र नियन्त्रण संरचना र सोको उपयुक्तता सम्बन्धी,

(ख) संस्थागत कार्यक्षेत्र बमोजिमको जोखिम मूल्याङ्कन, जोखिममा आधारित प्रणालीको स्थापना र त्यसको प्रभावकारिता सम्बन्धी,

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

(ग) वार्षिक कार्ययोजनाको कार्यान्वयन, प्रतिवेदन प्रणाली र अनुगमन सम्बन्धी,

(घ) जोखिम मूल्याङ्कन, नीतिगत, संस्थागत, प्राविधिक, नियन्त्रण, कार्यान्वयन संरचना र प्रभावकारितामा रहेका कमजोरी पहिचान र सुधार सम्बन्धी,

(ङ) नियमनकारी निकायले क्षेत्रगत रुपमा निर्धारण गरेका अन्य विषय सम्बन्धी।

(२) उपदफा (१) बमोजिमको सम्परीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र सम्पन्न गरी त्यसको प्रतिवेदन दिनु पर्नेछ।

(३) नियमनकारी निकायले उपदफा (२) बमोजिमको प्रतिवेदनमा चित्त नबुझेमा वा कुनै सूचक संस्थाको विस्तृत सम्परीक्षण गर्न आवश्यक देखेमा सम्बन्धित सूचक संस्थाले खर्च व्यहोर्ने गरी जुनसुकै बखत कुनै पनि सूचक संस्थाको सम्परीक्षण गर्न वा गराउन सक्नेछ।

Σ३५च. **परिपालना परीक्षकको सूचीकरणः** (१) दफा ३५ङ. बमोजिम परिपालना परीक्षकको रूपमा काम गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको विवरण तथा कागजात संलग्न गरी सूचीकरणको लागि वित्तीय जानकारी इकाईमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर वित्तीय जानकारी इकाईले आवश्यक जाँचबुझ गरी निवेदक दफा ३५छ. बमोजिम परिपालना परीक्षकको रूपमा काम गर्न योग्य रहेको पाइएमा निवेदकलाई सूचीकृत गरी त्यसको जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिलाई सूचीकृत गर्न नमिल्ने भएमा त्यसको आधार र कारण खोली निवेदकलाई जानकारी दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम परिपालना परीक्षकको रुपमा सूचीकृत भएको व्यक्तिमा दफा ३५छ. बमोजिमको योग्यता कायम नभएमा परिपालना परीक्षकको रुपमा काम गर्न पाउने छैन र त्यस्तो अवस्थामा वित्तीय जानकारी इकाईले निजको नाम सूचीबाट हटाउनेछ।

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

[Σ]३५छ. **<u>परिपालना परीक्षकको योग्यता:</u>** परिपालना परीक्षकको रूपमा सूचीकृत हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण, आर्थिक वा वित्तीय व्यवस्थापन, व्यवस्थापन, सार्वजनिक लेखा वा वित्त व्यवस्थापन, अर्थशास्त्र वा कानूनमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको वा चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको र सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको,

(ख) सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको क्षेत्रमा तोकिए बमोजिमको तालिम प्राप्त गरेको, र

(ग) दफा ३५ज. बमोजिम अयोग्य नभएको।

[Σ]३५ज. **<u>परिपालना परीक्षक हुन अयोग्य मानिने:</u>** (१) देहायको व्यक्ति दफा ३५च. बमोजिम परिपालना परीक्षकको रूपमा सूचीकृत हुन अयोग्य मानिनेछः-

(क) गैरनेपाली नागरिक,

(ख) नेपालभित्र वा विदेशमा कर्जा तिर्न नसकी दामासाहीमा परेको,

(ग) नेपालभित्र वा विदेशमा बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थासँगको कुनै कारोबारमा कालोसूची वा डिफल्टरमा परी सो कालोसूची वा डिफल्टरबाट फुकुवा भएको मितिले कम्तीमा पाँच वर्ष पूरा नभएको,

(घ) सूचक संस्था, नियमनकारी निकाय वा अनुसन्धान गर्ने निकायको बहालवाला सञ्चालक, पदाधिकारी वा कर्मचारी,

(ङ) सूचक संस्थासँग वित्तीय स्वार्थ रहेको वा कुनै किसिमको ठेक्का पट्टामा हिस्सेदार रहेको वा निजी स्वार्थ रहेको,

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा थप।

तर यस खण्डको प्रयोजनको लागि एक प्रतिशतभन्दा कम शेयर स्वामित्व भएको वा कानूनी सल्लाहकार वा लेखापरीक्षक भएको अवस्थालाई निजी वा वित्तीय स्वार्थ रहेको मानिने छैन।

(च) प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर चुक्ता नगरेको,

(छ) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धी कसूर, अन्य गम्भीर कसूर वा जघन्य कसूरमा अदालतबाट कसूरदार ठहरिएको,

(ज) अदालतको फैसला बमोजिम लागेको कैद, जरिबाना तिर्न बुझाउन बाँकी रहेको।

(२) उपदफा (१) र दफा ३५छ. मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचक संस्था आफैं वा नियमनकारी निकायले विशेष परिस्थितिमा कुनै सूचक संस्थाको तोकिए बमोजिमको स्वदेशी वा विदेशी विज्ञबाट वा संयुक्त रुपमा विशेष परिपालना परीक्षण वा जोखिम मूल्याङ्कन गर्न वा गराउन बाधा पुगेको मानिने छैन।

(३) दफा ३५ङ. बमोजिमका सूचक संस्थाले परिपालना परीक्षण गराउनुपूर्व त्यस्तो संस्थाको जोखिम मूल्याङ्कनको स्वतन्त्र समीक्षा दफा ३५च. बमोजिमको परिपालना परीक्षक वा जोखिम सम्बन्धी नेपाली विज्ञबाट गराउनु पर्नेछ।

तर कुनै खास कारणले त्यस्तो समीक्षा वा परिपालना परीक्षण विदेशी विज्ञबाट गराउनु परेमा नियमनकारी निकायलाई जानकारी दिई गराउन बाधा पर्ने छैन।

Σ३५झ. **परिपालना परीक्षकको काम, कर्तव्य तथा अधिकारः** दफा ३५ङ. बमोजिम सूचक संस्थाको सम्परीक्षण गर्ने परिपालना परीक्षकको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) सूचक संस्थाको कुनै पनि विवरण तथा कागजातमा पहुँच प्राप्त गर्ने,

(ख) सूचक संस्थाको कुनै पनि पदाधिकारी तथा कर्मचारीसँग आवश्यक जानकारी लिने,

---

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा थप।

(ग) वित्तीय जानकारी इकाई र नियमनकारी निकायले सम्परीक्षण सम्बन्धमा दिएको निर्देशन वा मार्गदर्शन पालना गर्ने वा सूचक संस्थाको सम्बन्धमा दिएको जानकारी सम्परीक्षणको सिलसिलामा प्रयोग गर्ने,

(घ) प्रचलित कानून बमोजिम बाह्य लेखापरीक्षकलाई प्राप्त काम, कर्तव्य तथा अधिकार प्रयोग गर्ने,

(ङ) प्रत्येक वर्षको पुस मसान्तभित्र देहायको प्रतिवेदन देहायका निकायमा पेश गर्नेः-

(१) सम्परीक्षणको प्रतिवेदन सूचक संस्थाको सञ्चालक समिति वा प्रमुख समक्ष,

(२) लङ्ग फर्म प्रतिवेदन नियमनकारी निकायमा,

(३) निर्धारित सीमाभन्दा बढीको कारोबार तथा शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदनको सम्बन्धित भाग वित्तीय जानकारी इकाईमा।

(च) सम्परीक्षण गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य काम गर्ने।

३६. **सम्पत्ति फुकुवा गर्नु पर्नेः** दफा १८ बमोजिम रोक्का राखिएको ⁕सम्पत्ति वा साधन सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरबाट प्राप्त भएको नदेखिएमा कसूर सम्बन्धमा मुद्दा दायर भइनसकेको भए ⁕अनुसन्धान अधिकृतको प्रतिवेदनको आधारमा ♠अनुसन्धान गर्ने कार्यालयको प्रमुखले र मुद्दा दायर भएको भए मुद्दाको सुनुवाई गर्ने अदालतले त्यस्तो ⁕सम्पत्ति वा साधन रोक्का राख्ने निकायलाई त्यस्तो ⁕सम्पत्ति वा साधन फुकुवा गर्ने आदेश दिनेछ र त्यसरी आदेश भएकोमा त्यस्तो निकायले त्यस्तो रोक्का ⁕सम्पत्ति वा साधन फुकुवा गरिदिनु पर्नेछ।

⁕ दोस्रो संशोधनद्वारा संशोधित।

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

⁕३७. **<u>जानकारी दिए बापत सजाय नहुने:</u>** (१) सूचक संस्था वा सोको पदाधिकारी वा कर्मचारीले यस ऐन बमोजिमको दायित्व निर्वाह गर्ने क्रममा गर्ने कुनै कार्य प्रचलित कानून बमोजिमको वित्तीय वा पेशागत गोपनीयता विपरीत हुने देखिएमा समेत यस ऐन बमोजिमको दायित्व निर्वाह गर्ने हदसम्मको लागि निजले प्रचलित कानून उल्लंघन गरेको मानिने छैन।

(२) सरकारी निकाय, सूचक संस्था वा सोको कुनै पदाधिकारी वा कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन पालना गर्ने सन्दर्भमा असल नियतले कुनै प्रतिवेदन, कागजात, अभिलेख, सूचना वा जानकारी उपलब्ध गराएकोमा निजले प्रचलित कानून बमोजिमको गोपनीयता, प्रशासनिक वा नियमनकारी दायित्व वा करारीय दायित्व भंग गरेको मानी त्यस्तो पदाधिकारी वा कर्मचारीलाई देवानी, फौजदारी, प्रशासकीय वा अनुशासन सम्बन्धी कुनै कारबाही तथा सजाय हुने छैन।

३८. **<u>लिलाम बिक्री गर्न सकिने:</u>** (१) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरका सम्बन्धमा ⁕<u>नियन्त्रणमा लिइएको</u> कुनै ⁕<u>सम्पत्ति वा साधन</u> लामो समयसम्म राखिरह"दा खिया लागी वा अरु कुनै परिबन्दबाट टूटफूट वा नोक्सान हुन सक्ने देखिएमा, सडी गली जाने भएमा, पुरानो भई मूल्य घट्न जाने भएमा वा स्थानाभावको कारणले सम्भार गर्न वा राख्न नसकिने भएमा प्रचलित कानूनबमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो ⁕<u>सम्पत्ति वा साधन</u> लिलाम बिक्री गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम गरिएको लिलामबाट प्राप्त आम्दानी धरौटी खातामा जम्मा गरिनेछ र त्यस्तो ⁕<u>सम्पत्ति वा साधन</u> पछि सम्बन्धित व्यक्तिलाई फिर्ता दिने ठहर भएमा लिलाम बिक्रीबाट प्राप्त रकम मात्र निजलाई फिर्ता दिइनेछ।

३९. **<u>अनुसन्धानमा संलग्न कर्मचारीलाई विभागीय सजाय हुने:</u>** सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान वा अन्य कार्य गर्दा अनुसन्धान अधिकारीले वा विभागको कुनै कर्मचारीले जानी जानी कसैलाई दु:ख हैरानी वा झण्झट दिने नियतले कुनै काम कारबाही गरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि

⁕ दोस्रो संशोधनद्वारा संशोधित।

त्यस्तो कर्मचारी ♠कार्यालय प्रमुख भएमा सम्बन्धित अख्तियारवालाले र अन्य कर्मचारी भएमा कार्यालयको प्रमुखले विभागीय सजाय गर्नु पर्नेछ।

४०. **म्याद तामेल सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरमा विदेशी व्यक्तिको नाममा म्याद तामेल गर्नु पर्दा त्यस्तो व्यक्तिको नेपालभित्र कुनै किसिमको कार्यालय वा प्रतिनिधि भए त्यस्तो कार्यालय वा प्रतिनिधिको नाममा म्याद तामेल गरिनेछ र त्यसरी तामेल भएको म्याद रीतपूर्वक तामेल भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यालय वा प्रतिनिधि नभएमा त्यस्तो व्यक्तिको कारोबार हुने मुख्य स्थान वा निजले स्थायी बसोबास गर्ने ठेगाना वा कारोबार गर्दाको बखत पत्राचारको लागि निजले दिएको कुनै ठेगाना रहेछ भने त्यस्तो ठेगानामा टेलेक्स, टेलिट्याक्स वा अभिलेख हुन सक्ने दूरसञ्चारका अन्य माध्यम मार्फत वा रजिष्टरी गरी हुलाक मार्फत म्याद तामेल गरिनेछ र त्यसरी तामेल भएको म्याद रीतपूर्वक तामेल भएको मानिनेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा रहे बसेको व्यक्तिको नाममा म्याद तामेल गर्न नेपाल सरकार वा नेपाल पक्ष भएको कुनै सन्धिमा छुट्टै व्यवस्था भएको रहेछ भने सोही बमोजिम म्याद तामेल गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

४१. **सूचना प्रकाशन गर्नेः** यस ऐन वा अन्य प्रचलित कानून बमोजिम कुनै व्यक्तिको नाममा सूचना पठाउँदा वा म्याद तामेल गर्दा त्यस्तो व्यक्तिको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो सूचना बुझाउन नसकिएको वा म्याद तामेल हुन नसकेको कुराको प्रतिवेदन पर्न आएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई तीस दिनसम्मको म्याद दिई अनुसन्धान भएको वा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर भइसकेको भए सो विषयको संक्षिप्त विवरण उल्लेख गरी उपस्थित हुन राष्ट्रियस्तरको समाचारपत्रमा (विदेशीको हकमा अंग्रेजी दैनिकमा) कम्तीमा दुईपटक सार्वजनिक सूचना प्रकाशन गरिनेछ र त्यसरी सूचना प्रकाशन भएकोमा यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई रीतपूर्वक सूचना दिइएको वा म्याद तामेल भएको मानिनेछ।

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा संशोधित।

※४२. **मनसायको व्याख्याः** सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको सम्बन्धमा आरोपित व्यक्तिको मनसाय, जानकारी वा उद्देश्यको व्याख्या गर्दा वस्तुगत रुपमा तथ्यपरक परिस्थितिको आधारमा गरिनेछ।

४३. **मुद्दाको कारबाही र किनारा गर्न बाधा नपर्नेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गतको मुद्दा दायर हुनु अगावै वा दायर भएपछि अभियुक्त वा प्रतिवादीको मृत्यु भएमा पनि मुद्दाको कारबाही र किनारा गर्न बाधा पर्ने छैन।

४४. **सजायको मागदाबिमा छुट हुन सक्नेः** यस ऐन बमोोजिमको अनुसन्धानको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकृतले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी निजलाई सजायको माग दाबीमा पूर्ण वा आंशिक छुट दिन सक्नेछ।

तर निजले गरेको सहयोग अन्य सबुत वा प्रमाणबाट प्रमाणित नभएमा वा निजले मुद्दा हेर्ने अधिकारी समक्ष अनुसन्धान अधिकृतलाई गरेको सहयोग प्रतिकूल हुने गरी बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर पुनः मुद्दा दायर गर्न सकिनेछ।

※४४क. **सूचना वा जानकारी प्रकट गर्न नहुनेः** (१) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर वा सम्बद्ध कसूरको सम्बन्धमा सूचक संस्था वा सोको पदाधिकारी वा कर्मचारीले देहायको प्रतिवेदन, कागजात, अभिलेख, सूचना वा जानकारी दिने, दिएको वा दिन लागेको व्यहोरा ग्राहक वा अन्य कुनै व्यक्तिलाई जानकारी दिनु हुँदैनः-

(क) शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन वा यस ऐन बमोजिम निर्धारण गरिएको सीमा वा सो भन्दा बढीको कारोबार सम्बन्धी प्रतिवेदन,

(ख) दफा १९क. बमोजिम कारोबारको निरन्तर अनुगमन आदेश सम्बन्धी प्रतिवेदन,

(ग) वित्तीय जानकारी इकाई, अनुसन्धान अधिकारी, प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान गर्ने सम्बन्धित अधिकारी वा नियमनकारी निकाय समक्ष उपलब्ध गराएको कागजात, अभिलेख वा सूचना,

※ दोस्रो संशोधनद्वारा संशोधित।

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी भएको निर्देशिका वा दिएको निर्देशन बमोजिम सूचक संस्थाले उपलब्ध गराउने अन्य कुनै विवरण वा जानकारी, वा

(ङ) खण्ड (क) देखि (घ) सम्मका प्रतिवेदन, कागजात, अभिलेख, सूचना वा जानकारी दिने पदाधिकारी वा कर्मचारीको परिचयात्मक विवरण।

(२) विभाग, अनुसन्धान अधिकृत वा विभागको कुनै कर्मचारी वा प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान गर्ने कुनै निकाय वा अधिकारीले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर वा सम्बद्ध कसूरका सम्बन्धमा वित्तीय जानकारी इकाई वा सूचक संस्थाबाट प्राप्त भएको सूचना वा प्रतिवेदन, कागजात, अभिलेख वा जानकारी दिने वित्तीय जानकारी इकाई, सूचक संस्था वा त्यसको पदाधिकारी वा कर्मचारीको परिचय खुल्ने वा खुल्न सक्ने जानकारी कसैलाई दिनु हुँदैन।

(३) यस दफा बमोजिम जानकारी दिन नहुने विवरण वा व्यहोरा न्यायिक कारबाहीमा समेत उल्लेख गरिने छैन।

(४) यस दफा विपरीत कार्य गर्नेलाई देहायका अधिकारीले देहाय बमोजिम सजाय गर्नु पर्नेछः-

(क) नियमनकारी निकायले बैङ्क तथा वित्तीय संस्था वा क्यासिनोलाई दशलाख रुपैयाँसम्म जरिवाना,

(ख) नियमनकारी निकायले गैरवित्तीय पेशाकर्मी वा व्यवसायीलाई दुईलाख रुपैयाँसम्म जरिवाना,

(ग) सूचक संस्था संगठित संस्था भए त्यस्तो संस्थाले आफ्नो पदाधिकारी वा कर्मचारीलाई त्यस्तो संस्थाको कानून बमोजिम विभागीय सजाय,

(घ) सेवाको गठन तथा सञ्चालन सम्बन्धी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विभागको प्रमुख, अनुसन्धान अधिकृत वा विभागको कर्मचारी वा प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान गर्ने अधिकारीलाई सम्बन्धित अख्तियारवालाले विभागीय सजाय,

(ङ) सेवाको गठन तथा सञ्चालन सम्बन्धी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि वित्तीय जानकारी इकाईको प्रमुख वा कर्मचारीलाई सम्बन्धित अख्तियारवालाले विभागीय सजाय।

✻४४ख. **गोपनीयता सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रचलित कानून बमोजिम गोप्य रहनु पर्ने कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी सो सम्बन्धी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकृत वा वित्तीय जानकारी इकाईलाई यस ऐन बमोजिम आफ्नो कार्य सम्पादनको प्रयोजनका लागि गोप्य रहेको मानिने छैन।

(२) उपदफा (१) को प्रयोजनको लागि अनुसन्धान अधिकृत वा वित्तीय जानकारी इकाईले प्रयोजन खुलाई माग गरेमा सम्बन्धित निकाय, पदाधिकारी वा व्यक्तिले त्यस्तो कागजात, अभिलेख, विवरण, सूचना तथा जानकारी उपलब्ध गराउनु पर्नेछ।

(३) प्रचलित कानून बमोजिम गोप्य रहनु पर्ने कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी अनुसन्धान अधिकृत वा वित्तीय जानकारी इकाईले माग गर्ने तथा त्यस्ता कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी उपलब्ध गराउने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

✻४४ग. **वित्तीय संस्था वा बैङ्किङ उपकरण मार्फत कारोबार गर्नु पर्नेः** (१) नेपाल सरकारले राष्ट्र बैङ्कको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मूल्य वा सो भन्दा बढीको कुनै सेवा वा वस्तुको खरीद बिक्री तथा अन्य कारोबार वित्तीय संस्था वा बैङ्किङ उपकरण मार्फत मात्र गर्नु पर्ने व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा उल्लिखित वस्तु वा सेवाको खरीद बिक्री तथा अन्य कारोबार नगदमा नगरी वित्तीय संस्था वा बैंकिङ उपकरण मार्फत गर्नु गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

📖४४घ. **न्यूनतम खर्च दिन सकिनेः** (१) ✻सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान गर्दा वा मुद्दाको कारबाही गर्दा कुनै व्यक्तिको सम्पूर्ण सम्पत्ति यस ऐन बमोजिम रोक्का भएको रहेछ र निज र निजसँग आश्रित अन्य व्यक्तिको

---

✻ दोस्रो संशोधनद्वारा संशोधित।

📖 पहिलो संशोधनद्वारा थप।

जीवनयापनको लागि अर्को कुनै उपाय वा स्रोत रहेनछ भने त्यसरी रोक्का रहेको सम्पत्तिमध्येबाट त्यस्ता व्यक्तिलाई न्यूनतम रुपमा जीवनयापन गर्नको लागि आवश्यक पर्ने सम्पत्ति उपलब्ध गराउन अदालतले ♠अनुसन्धान गर्ने कार्यालयलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश भएकोमा ♠अनुसन्धान गर्ने कार्यालयले त्यस्तो सम्पत्ति त्यस्तो व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ।

📖४४ङ. **कम्प्युटरबाट प्रशोधित अभिलेख प्रमाणको रुपमा लिन सक्नेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको प्रयोजनका लागि अन्यथा प्रमाणित भएकोमा बाहेक विद्युतीय माध्यमबाट प्रशोधित र विकास गरिएका अभिलेखलाई प्रमाणको रुपमा लिन सकिनेछ।

(२) अभिलेख विवरण तथा तथ्याङ्क प्राप्त गर्ने, विश्लेषण गर्ने वा प्रशोधन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था तोकिए बमोजिम गर्न सकिनेछ।

□४४च. **परराष्ट्र मन्त्रालयलाई जानकारी दिनु पर्नेः** यस ऐन बमोजिम विभाग, नियमनकारी निकाय वा वित्तीय जानकारी इकाई Σवा अन्य सम्बद्ध निकायले समान प्रकृतिको काम गर्ने विदेशी मुलुकको कुनै निकायसँग अन्तर्राष्ट्रिय सहयोग आदान प्रदान गर्ने सम्बन्धमा समझदारी कायम गरेमा सोको जानकारी यथाशीघ्र परराष्ट्र मन्त्रालयलाई दिनु पर्नेछ।

Σ४४छ. **मापदण्ड बनाउन सक्नेः** नेपाल सरकारले वित्तीय अपराध नियन्त्रण सम्बन्धमा कानून बमोजिम प्रदान गरिने पारस्परिक कानूनी सहायता बाहेक अन्य अन्तर्राष्ट्रिय सहयोग आदानप्रदान गर्ने सम्बन्धमा आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ।

Σ४४ज. **प्रतिवेदन पठाउनु पर्नेः** (१) यस ऐन बमोजिम कामकारबाही गर्ने सूचक संस्थाले प्रत्येक वर्ष आफूले सो वर्षभरि गरेको कामकारबाहीको समीक्षा सहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र नियमनकारी निकायमा पेश गर्नु पर्नेछ।

---

♠ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा संशोधित।

□ दोस्रो संशोधनद्वारा थप।

Σ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्धारा थप।

(२) नियमनकारी निकाय, अनुसन्धान गर्ने निकाय र सम्बद्ध अन्य निकायले आफूले वर्षभरि गरेको कामकारबाहीको समीक्षा सहितको वार्षिक प्रतिवेदन समन्वय समितिले निर्धारण गरेको ढाँचामा तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित मन्त्रालय मार्फत सो समितिमा पठाउनु पर्नेछ।

(३) नियमनकारी निकायले उपदफा (२) बमोजिम प्रतिवेदन तयार गर्दा सूचक संस्थाले उपदफा (१) बमोजिम पेश गरेको प्रतिवेदनको विषयलाई समेत संक्षिप्त र एकीकृत रुपमा समावेश गरी गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा समन्वय समितिले वार्षिक प्रतिवेदन तयार गरी निर्देशक समितिमा पेश गर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदनको आधारमा निर्देशक समितिले वार्षिक प्रतिवेदनलाई अन्तिम रुप दिई नेपाल सरकार समक्ष पेश गर्नेछ र नेपाल सरकारले त्यस्तो प्रतिवेदन सङ्घीय संसदमा पेश गर्नेछ।

४५. **पुरस्कार दिने:** (१) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर गरेको सुराक लगाई उजूरी गरी तत्सम्बन्धी अनुसन्धान वा अन्य सबुत प्रमाण सङ्कलनमा सहयोग पुर्याउने कुनै पनि व्यक्तिलाई कसूर प्रमाणित भई कायम भएको बिगो रकमको दश प्रतिशत वा दश लाखमध्ये जुन घटी हुन्छ सो बराबरको रकम पुरस्कार स्वरुप दिइनेछ।

(२) उपदफा (१) बमोजिमको व्यक्ति एक भन्दा बढी भएमा दामासाहीका दरले त्यस्तो रकम दिइनेछ।

४६. **नियम बनाउन सक्ने:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

□४७. **निर्देशिका जारी गर्न सक्ने:** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको प्रभावकारी रुपले कार्यान्वयन गर्न वा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण

---

□ दोस्रो संशोधनद्वारा थप।

सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पालना गराउन नेपाल सरकारले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ।

नेपाल कानून आयोग

---

द्रष्टव्यः

१. दोस्रो संशोधनद्वारा रुपान्तर भएका शब्दहरुः—

(क) "अनुसन्धान तथा तहकिकात" भन्ने शब्दहरुको सट्टा "अनुसन्धान"।

(ख) "यस ऐन अन्तर्गतको कसूर" वा "यस ऐन अन्तर्गत सजाय हुने कसूर" भन्ने शब्दहरुको सट्टा "सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर"।

(ग) "समन्वय समिति" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय समन्वय समिति"।

२. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन,२०८० द्वारा रूपान्तर गरिएका शब्दहरूः—

(क) "आतङ्कवादी क्रियाकलाप" भन्ने शब्दहरुको सट्टा "आतङ्ककारी कार्य"।

(ख) "राष्ट्रिय समन्वय समिति" भन्ने शब्दहरुको सट्टा "समन्वय समिति"।

## अनुसूची

## (दफा २ को खण्ड (श) सँग सम्बन्धित)

## सम्बद्ध कसूर

१. प्रचलित कानून अन्तर्गतको देहायको कुनै कसूरः-

(क) संगठित अपराधिक समूह र गैरकानूनी वा धुर्त्याइपूर्वकको असूली (र्‍याकेटरिङ्ग) मा सहभागी हुने सम्बन्धी,

(ख) विध्वंसात्मक कार्य लगायत आतङ्कवाद सम्बन्धी,

(ग) जुनसुकै प्रकारको मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी,

(घ) बाल यौन शोषण लगायत जुनसुकै प्रकारको यौन शोषण सम्बन्धी,

(ङ) लागू औषध तथा मनोद्विपक पदार्थको गैरकानूनी ओसारपसार सम्बन्धी,

(च) हातहतियार खरखजानाको गैरकानूनी ओसारपसार सम्बन्धी,

(छ) चोरी गरिएको वा अन्य वस्तुको गैरकानूनी ओसारपसार सम्बन्धी,

(ज) भ्रष्टाचार तथा घुस सम्बन्धी,

(झ) ठगी सम्बन्धी,

(ञ) कीर्ते सम्बन्धी,

(ट) खोटा सिक्का वा मुद्रा सम्बन्धी,

(ठ) नक्कली वस्तुको उत्पादन तथा उत्पादनको गैरकानूनी प्रतिलिपि वा चोरी (पाइरेसी अफ प्रोडक्टस्) सम्बन्धी,

(ड) वातावरण सम्बन्धी,

(ढ) ज्यान लिने तथा अङ्गभङ्ग सम्बन्धी,

(ण) अपहरण, गैरकानूनी थुना वा शरीर बन्धक सम्बन्धी,

(त) चोरी वा डकैती सम्बन्धी,

(थ) तस्करी (भन्सार, अन्तशुल्क तथा कर सहित) सम्बन्धी,

(द) कर (प्रत्यक्ष वा अप्रत्यक्ष समेत) सम्बन्धी,

(ध) आपराधिक लाभ (एक्स्टर्सन) सम्बन्धी,

(न) सामुद्रिक डकैती (पाइरेसी) सम्बन्धी,

(प) धितोपत्र वा कमोडिटिज बजारलाई प्रतिकूल प्रभाव पार्ने (मार्केट म्यानिपुलेसन) वा भित्री कारोबार (इन्साइडर ट्रेडिङ) सम्बन्धी,

(फ) प्राचीन स्मारक संरक्षण सम्बन्धी,

(ब) वन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी,

(भ) मुद्रा, बैंकिङ, वित्तीय, विदेशी विनिमेय, विनिमेय अधिकारपत्र, बीमा वा सहकारीसँग सम्बन्धी,

(म) कालोबजार, उपभोक्ता संरक्षण, प्रतिष्पर्धा वा आपूर्ति सम्बन्धी,

(य) निर्वाचन सम्बन्धी,

(र) सञ्चार, प्रशारण, विज्ञापन सम्बन्धी,

(ल) यातायात व्यवसाय, शिक्षा, स्वास्थ्य, औषधी वा वैदेशिक रोजगार ठगी सम्बन्धी,

(व) फर्म, साझेदारी, कम्पनी वा सङ्घ संस्था सम्बन्धी,

(श) घर, जग्गा र सम्पत्ति सम्बन्धी,

(ष) चिठ्ठा, जुवा वा चन्दा सम्बन्धी,

(स) नागरिकता, अध्यागमन वा राहदानी सम्बन्धी।

२. दफा ४ बमोजिमको आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर,

३. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य कुनै कसूर, वा

४. प्रकरण (१), (२) वा (३) बमोजिम कसूर मानिने कुनै कार्य विदेशमा भए गरेको र त्यस्तो कार्य सम्बन्धित मुलुकको कानून बमोजिम समेत अपराध मानिने रहेछ भने त्यस्तो कसूर।